Article 70 does not preclude a State or regional economic integration organization, when signing, ratifying, approving, accepting or acceding to this Agreement, from making declarations or statements, however

phrased or named, with a view, inter alia, to the harmonization of its laws and regulations with the provisions of this Agreement, provided that such declarations or statements do not purport to exclude or to modify the legal effect of the provisions of this Agreement in their application to that State or regional economic integration organization.

Article 72
Amendment

1. A Party may, by written communication addressed to the secretariat, propose amendments to this Agreement. The secretariat shall circulate such a communication to all Parties. If, within six months from the date of the circulation of the communication, not less than one half of the Parties reply favourably to the request, the proposed amendment shall be considered at the following meeting of the Conference of the Parties.

2. An amendment to this Agreement adopted in accordance with article 47 shall be communicated by the depositary to all Parties for ratification, approval or acceptance.

3. Amendments to this Agreement shall enter into force for the Parties ratifying, approving or accepting them on the thirtieth day following the deposit of instruments of ratification, approval or acceptance by two thirds of the number of Parties to this Agreement as at the time of adoption of the amendment. Thereafter, for each Party depositing its instrument of ratification, approval or acceptance of an amendment after the deposit of the required number of such instruments, the amendment shall enter into force on the thirtieth day following the deposit of its instrument of ratification, approval or acceptance.

4. An amendment may provide, at the time of its adoption, that a smaller or larger number of ratifications, approvals or acceptances shall be required for its entry into force than required under this article.

5. For the purposes of paragraphs 3 and 4 above, any instrument deposited by a regional economic integration organization shall not be counted as additional to those deposited by the member States of that organization.

6. A State or regional economic integration organization that becomes a Party to this Agreement after the entry into force of amendments in accordance with paragraph 3 above shall, failing an expression of a different intention by that State or regional economic integration organization:

(a) Be considered as a Party to this Agreement as so amended;

(b) Be considered as a Party to the unamended Agreement in relation to any Party not bound by the amendment.

Article 73
Denunciation

1. A Party may, by written notification addressed to the Secretary-General of the United Nations, denounce this Agreement and may indicate its reasons. Failure to indicate reasons shall not affect the validity of the denunciation. The denunciation shall take effect one year after the date of receipt of the notification, unless the notification specifies a later date.

2. The denunciation shall not in any way affect the duty of any Party to fulfil any obligation embodied in this Agreement to which it would be subject under international law independently of this Agreement.

Article 74
Annexes

1. The annexes form an integral part of this Agreement and, unless expressly provided otherwise, a reference to this Agreement or to one of its parts includes a reference to the annexes relating thereto.

2. The provisions of article 72 relating to the amendment of this Agreement shall also apply to the proposal, adoption and entry into force of a new annex to the Agreement.

3. Any Party may propose an amendment to any annex to this Agreement for consideration at the next meeting of the Conference of the Parties. The annexes may be amended by the Conference of the Parties. Notwithstanding the provisions of article 72, the following provisions shall apply in relation to amendments to annexes to this Agreement:

(a) The text of the proposed amendment shall be communicated to the secretariat at least 150 days before the meeting. The secretariat shall, upon receiving the text of the proposed amendment, communicate it to the Parties. The secretariat shall consult relevant subsidiary bodies, as required, and shall communicate any response to all Parties not later than 30 days before the meeting;

(b) Amendments adopted at a meeting shall enter into force 180 days after the close of that meeting for all Parties, except those that make an objection in accordance with paragraph 4 below.

4. During the period of 180 days provided for in paragraph 3 (b) above, any Party may, by notification in writing to the depositary, make an objection with respect to the amendment. Such objection may be withdrawn at any time by written notification to the depositary and, thereupon, the amendment to the annex shall enter into force for that Party on the thirtieth day after the date of withdrawal of the objection.

Article 75
Depositary

The Secretary-General of the United Nations shall be the depositary of this Agreement and any amendments or revisions thereto.

Article 76
Authentic texts

The Arabic, Chinese, English, French, Russian and Spanish texts of this Agreement are equally authentic.

ANNEX I

Indicative criteria for identification of areas

(a) Uniqueness;

(b) Rarity;

(c) Special importance for the life history stages of species;

(d) Special importance of the species found therein;

(e) The importance for threatened, endangered or declining species or habitats;

(f) Vulnerability, including to climate change and ocean acidification;

(g) Fragility;

(h) Sensitivity;

(i) Biological diversity and productivity;

(j) Representativeness;

(k) Dependency;

(l) Naturalness;

(m) Ecological connectivity;

(n) Important ecological processes occurring therein;

(o) Economic and social factors;

(p) Cultural factors;

(q) Cumulative and transboundary impacts;

(r) Slow recovery and resilience;

(s) Adequacy and viability;

(t) Replication;

(u) Sustainability of reproduction;

(v) Existence of conservation and management measures.

ANNEX II

Types of capacity-building and of the transfer of marine technology

Under this Agreement, capacity-building and transfer of marine technology initiatives may include but are not limited to:

(a) The sharing of relevant data, information, knowledge and research, in userfriendly formats, including:

(i) The sharing of marine scientific and technological knowledge;

(ii) The exchange of information on the conservation and sustainable use of marine biological diversity of areas beyond national jurisdiction;

(iii) The sharing of research and development results;

(b) Information dissemination and awareness-raising, including with regard to:

(i) Marine scientific research, marine sciences and related marine operations and services;

(ii) Environmental and biological information collected through research conducted in areas beyond national jurisdiction;

(iii) Relevant traditional knowledge in line with the free, prior and informed consent of the holders of such knowledge;

(iv) Stressors on the ocean that affect marine biological diversity of areas beyond national jurisdiction, including the adverse effects of climate change, such as warming and ocean deoxygenation, as well as ocean acidification;

(v) Measures such as area-based management tools, including marine protected areas;

(vi) Environmental impact assessments;

(c) The development and strengthening of relevant infrastructure, including equipment, such as:

(i) The development and establishment of necessary infrastructure;

(ii) The provision of technology, including sampling and methodology equipment (e.g., for water, geological, biological or chemical samples);

(iii) The acquisition of the equipment necessary to support and further develop research and development capabilities, including in data management, in the context of activities with respect to marine genetic resources and digital sequence information on marine genetic

resources of areas beyond national jurisdiction, measures such as area-based management tools, including marine protected areas, and the conduct of environmental impact assessments;

(d) The development and strengthening of institutional capacity and national regulatory frameworks or mechanisms, including:

(i) Governance, policy and legal frameworks and mechanisms;

(ii) Assistance in the development, implementation and enforcement of national legislative, administrative or policy measures, including associated regulatory, scientific and technical requirements at the national, subregional or regional level;

(iii) Technical support for the implementation of the provisions of this Agreement, including for data monitoring and reporting;

(iv) Capacity to translate information and data into effective and efficient policies, including by facilitating access to and the acquisition of knowledge necessary to inform decision makers in developing States Parties;

(v) The establishment or strengthening of the institutional capacities of relevant national and regional organizations and institutions;

(vi) The establishment of national and regional scientific centres, including as data repositories;

(vii) The development of regional centres of excellence;

(viii) The development of regional centres for skills development;

(ix) Increasing cooperative links between regional institutions, for example, North-South and South-South collaboration and collaboration among regional seas organizations and regional fisheries management organizations;

(e) The development and strengthening of human and financial management resource capabilities and of technical expertise through exchanges, research collaboration, technical support, education and training and the transfer of marine technology, such as:

(i) Collaboration and cooperation in marine science, including through data collection, technical exchange, scientific research projects and programmes, and the development of joint scientific research projects in cooperation with institutions in developing States;

(ii) Education and training in:

a. The natural and social sciences, both basic and applied, to develop scientific and research capacity;

b. Technology, and the application of marine science and technology, to develop scientific and research capacities;

c. Policy and governance;

d. The relevance and application of traditional knowledge;

(iii) The exchange of experts, including experts on traditional knowledge;

(iv) The provision of funding for the development of human resources and technical expertise, including through:

a. The provision of scholarships or other grants for representatives of small island developing States Parties in workshops, training programmes or other relevant programmes to develop their specific capacities;

b. The provision of financial and technical expertise and resources, in particular for small island developing States, concerning environmental impact assessments;

(v) The establishment of a networking mechanism among trained human resources;

(f) The development and sharing of manuals, guidelines and standards, including:

(i) Criteria and reference materials;

(ii) Technology standards and rules;

(iii) A repository for manuals and relevant information to share knowledge and capacity on how to conduct environmental impact assessments, lessons learned and best practices;

(g) The development of technical, scientific and research and development programmes, including biotechnological research activities.

संयुक्त राष्ट्रसंघीय सामुद्रिक कानून सम्बन्धी महासन्धि अन्तर्गतको राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रका सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोग सम्बन्धी सम्झौता

प्रस्तावना

यस सम्झौताका पक्षहरू,

१९८२ डिसेम्बर १० को संयुक्त राष्ट्रसंघीय सामुद्रिक कानून सम्बन्धी महासन्धिका सम्बन्धित व्यवस्थाहरु सहित सामुद्रिक वातावरणको सुरक्षा र संरक्षण गर्ने दायित्वलाई स्मरण गर्दै,

उक्त महासन्धिमा उल्लिखित अधिकार, दायित्व र चासोहरूको सन्तुलनलाई सम्मान गर्नुपर्ने आवश्यकतालाई जोड दिँदै,

सामुद्रिक पारिस्थितिक प्रणालीमा जलवायु परिवर्तनका असरहरू, जस्तै तापक्रम वृद्धि तथा सामुद्रिक अक्सिजनको कमीका साथै समुद्र अम्लीयकरण, प्लाष्टिक प्रदुषण सहितको प्रदूषण र अधिक प्रयोगका कारण उत्पन्न जैविक विविधताको ह्रास र पारिस्थितिकीय प्रणालीको क्षयलाई सुसंगत र सहकार्यात्मक ढंगले सम्बोधन गर्नुपर्ने आवश्यकतालाई स्वीकार गर्दै,

महासन्धि अन्तर्गतको व्यापक विश्वव्यापी प्रणालीका लागि राष्ट्रिय क्षेत्राधिकार भन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगलाई अझ प्रभावकारी रूपमा सम्बोधन गर्नुपर्ने आवश्यकतालाई मनन गर्दै,

सम्पूर्ण मानवजातिका चासो र आवश्यकतालाई ध्यानमा राख्दै, विशेष गरी तटीय वा भूपरिवेष्ठित विकासशील राष्ट्रहरूको विशेष चासो र आवश्यकतालाई सम्बोधन गर्ने न्यायोचित र समान अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थाको निर्माणमा योगदान गर्ने महत्वलाई स्वीकार गर्दै,

राष्ट्रिय क्षेत्राधिकार भन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगका लक्ष्यहरू प्राप्त गर्नका लागि विकासशील पक्ष राष्ट्रहरूलाई क्षमता अभिवृद्धि, सामुद्रिक प्रविधिको विकास र हस्तान्तरणमार्फत सहयोग गर्नु पर्ने समेतलाई स्वीकार गर्दै,

संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी घोषणालाई स्मरण गर्दै,

यस सम्झौताले आदिवासी जनजातिहरूका अवस्थित अधिकारहरू; संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी घोषणामा उल्लेख गरिएका अधिकारहरू समेतलाई कुनै पनि रूपमा ह्रास वा नष्ट गर्ने उद्देश्य नरहेको पुष्टि गर्दै,, स्थानीय समुदायका अधिकारहरूलाई समेतको उपयुक्त संरक्षण गर्ने प्रतिवद्धता व्यक्त गर्दै,

एक राष्ट्रको क्षेत्राधिकार वा नियन्त्रण अन्तर्गत गरिने क्रियाकलापहरूले सामुद्रिक वातावरणमा सारभूत प्रदूषण वा हानिकारक परिवर्तन ल्याउन सक्छन् भन्ने कुनै राष्ट्रलाई विश्वास गर्नका लागि उचित आधारहरू भएमा सामुद्रिक वातावरणमा पार्ने सम्भावित प्रभावहरूको मूल्यांकन गर्नुपर्ने सामुद्रिक कानूनमा उल्लिखित दायित्वलाई स्वीकार गर्दै,

महासन्धिमा उल्लिखित दायित्वअनुसार, कुनै घटना वा क्रियाकलापबाट उत्पन्न हुने प्रदूषणले संप्रभु अधिकार अभ्यास गरिने क्षेत्रभन्दा बाहिर फैलन नदिन आवश्यक सबै उपायहरू अपनाउनुपर्ने दायित्वप्रति सचेत रहँदै,

राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूमा समुद्रका संरक्षकको रूपमा कार्य गर्ने, वर्तमानका साथै भावी पुस्ताहरूको तर्फबाट सामुद्रिक वातावरणको सुरक्षा, संरक्षण, र जिम्मेवार प्रयोग सुनिश्चित गर्ने, सामुद्रिक पारिस्थितिक प्रणालीको अखण्डता जोगाउने तथा राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको जैविक विविधताको मौलिक मूल्यलाई सम्वर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गर्दै,

राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरूसम्बन्धी डिजिटल अनुक्रम जानकारीको उत्पादन, पहुँच, र उपयोग, साथै यसको उपयोगबाट उत्पन्न फाइदाहरूको न्यायोचित र समान वितरणले अनुसन्धान, नवीनता, तथा यस सम्झौताका सामान्य उद्देश्यहरूमा योगदान पुऱ्याउने महत्वलाई स्वीकार गर्दै,

सबै राष्ट्रहरूको सार्वभौमिकता, भौगोलिक अखण्डता र राजनीतिक स्वतन्त्रताको सम्मान गर्दै,

महासन्धि वा अन्य कुनैपनि सम्बन्धित सम्झौताहरूमा गैर-पक्षहरूको कानूनी स्थिति सन्धि कानुनका नियमहरूद्वारा शासित हुने स्मरण गर्दै,

महासन्धिमा उल्लेख गरिए अनुसार, राष्ट्रहरूले सामुद्रिक वातावरणको सुरक्षा र संरक्षणसम्बन्धी आफ्ना अन्तर्राष्ट्रिय दायित्वहरूको पालना गर्नुपर्ने जिम्मेवारी वहन गर्ने र अन्तर्राष्ट्रिय कानूनअनुसार उत्तरदायी हुन सक्ने कुरा स्मरण गर्दै,

दिगो विकास प्राप्त गर्न प्रतिबद्ध रहँदै,

विश्वव्यापी सहभागिता प्राप्त गर्ने आकांक्षा राख्दै,

देहाय बमोजिम सहमत भएका छन्:

धारा २

सामान्य उद्देश्य

सम्बन्धित सामुद्रिक कानूनका व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुका साथै थप अन्तर्राष्ट्रिय सहकार्य र समन्वयको प्रवर्द्धनबाट वर्तमान र दीर्घकालमा समुद्रको संरक्षण र प्रयोगलाई सुनिश्चित गर्न राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोग सुनिश्चित गर्नु यस सम्झौताको उद्देश्य रहेको छ ।

धारा ३

लागू हुने क्षेत्र

यो सम्झौता राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूमा लागू हुनेछ।

धारा ४

अपवाद

यो सम्झौता कुनैपनि युद्धपोत, सैन्य विमान वा नौसेवा सहायक जहाजहरूमा लागू हुँदैन। भाग २ का व्यवस्था बाहेक, यो सम्झौता कुनै पनि पक्षद्वारा स्वामित्व वा सञ्चालन गरिएका अन्य जहाज वा विमानहरू तथा हालका लागि मात्र सरकारका गैर-व्यावसायिक सेवाहरूका लागि प्रयोग भइरहेका छन् भने लागू हुने छैन। यद्यपि, प्रत्येक पक्षले आफ्नो स्वामित्वमा रहेका सञ्चालित त्यस्ता जहाजहरू वा विमानहरूको सञ्चालन वा सञ्चालन क्षमतामा असर नपार्ने उपयुक्त उपायहरू अपनाएर यस सम्झौतासँग यथासम्भव उचित र व्यावहारिक रूपमा सुसंगत तरिकाबाट कार्य गर्ने सुनिश्चित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नुपर्छ।

धारा ५

यस सम्झौता र महासन्धि र सान्दर्भिक कानूनी व्यवस्था र प्रारुप र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरू बीचको सम्बन्ध

१. यस सम्झौतालाई महासन्धिको सन्दर्भमा र त्यससँग तादम्यता हुने गरी व्याख्या र कार्यान्वयन गरिनेछ। यस सम्झौताले महासन्धि अन्तर्गतको २०० नटिकल माइलभित्र र बाहिरको विशिष्ट आर्थिक क्षेत्र तथा महाद्वीपीय तखता सम्बन्धी अधिकारहरू समेतको राष्ट्रका अधिकार, क्षेत्राधिकार र कर्तव्यलाई प्रतिकूल असर पार्ने छैन।

२. यस सम्झौताको व्याख्या तथा प्रयोग सम्बन्धित कानुनी उपकरण, ढाँचा तथा सम्बन्धित विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरूको प्रभावलाई कमजोर नगर्ने र ती उपकरण, ढाँचा र निकायहरूसँग सामञ्जस्यता र समन्वय प्रवर्द्धन गर्ने किसिमले गर्नुपर्नेछ।

३. यस सम्झौताले महासन्धि वा अन्य सम्बन्धित सम्झौताहरूका गैर-पक्षहरूका कानुनी स्थितिलाई कुनै असर पार्ने छैन।

धारा ६

बिना पूर्वाग्रह

यस सम्झौता, पक्षहरू वा यसको कुनैपनि सहायक निकायहरूको सम्मेलनको कुनै पनि निर्णय वा सिफारिस सहित र यस आधारमा गरिएको कुनैपनि कार्य, उपाय वा गतिविधिहरूले कुनैपनि सार्वभौमसत्ता, सार्वभौम अधिकार वा अधिकारक्षेत्रसम्बन्धी दाबीलाई पुष्टि वा खण्डन गर्ने आधार प्रदान गर्दा पूर्वाग्रह विना हुने वा यससँग सम्बन्धित कुनैपनि विवादको सम्बन्धमा सोलाई आधारको रुपमा मान्न पाइने छैन।

धारा ७

सामान्य सिद्धान्त र दृष्टिकोण

यस सम्झौताका उद्देश्य प्राप्त गर्न, पक्षहरू निम्न सिद्धान्तहरू र दृष्टिकोणद्वारा निर्देशित हुनेछन्:

(क) प्रदूषक भुक्तान गर्ने सिद्धान्त;

(ख) महासन्धिमा उल्लेख गरिएको मानवजातिको साझा सम्पत्तिको सिद्धान्त;

(ग) सामुद्रिक वैज्ञानिक अनुसन्धानको स्वतन्त्रता साथै उच्च समुद्रहरूको अन्य स्वतन्त्रताहरू;

(घ) समताको सिद्धान्त र लाभको निष्पक्ष तथा समन्यायिक बाडफाँट;

(ङ) उपयुक्तता अनुसार सावधानीपूर्ण सिद्धान्त वा सावधानीपूर्ण दृष्टिकोण;

(च) पारिस्थितिकीय प्रणालीमा आधारित दृष्टिकोण;

(छ) समुद्र व्यवस्थापनको एकीकृत दृष्टिकोण;

(ज) जलवायु परिवर्तन तथा सामुद्रिक अम्लीयकरणका प्रतिकूल प्रभावहरू सहित पारिस्थितिकीय प्रणालीको सामना गर्न सक्नेगरी पारिस्थितिकीय प्रणालीको अखण्डता कायम राख्नुका साथै जलवायु चक्रमा समुद्रको भूमिकासम्बन्धी कार्बन चक्र सेवाहरू सञ्चालन गर्न पुनर्स्थापित गर्ने दृष्टिकोण;

(झ) उपलब्ध उत्तम विज्ञान र वैज्ञानिक जानकारीको प्रयोग;

(ञ) उपलब्ध भएसम्म आदिबासी जनजाति र स्थानीय समुदायहरूको सान्दर्भिक परम्परागत ज्ञानको प्रयोग;

(ट) राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगलाई सम्बोधन गर्दा आदिबासी जनजाति वा उपयुक्त भएसम्म स्थानीय समुदायहरूको अधिकारसँग सम्बन्धित उनीहरुको आफ्नो दायित्वहरूको सम्मान, प्रवर्द्धन र मनन गर्ने;

(ठ) सामुद्रिक वातावरणको प्रदूषण रोकथाम, न्यूनीकरण र नियन्त्रण गर्न उपायहरू अपनाउँदा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हानि वा जोखिमलाई एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण नगर्ने र एक प्रकारको प्रदूषणलाई अर्को प्रकारमा रुपान्तरण नगर्ने;

(ड) सानो टापु विकासशील राष्ट्र र कम विकसित मुलुकहरुको विशेष परिस्थितिको पूर्ण मान्यता;

(ढ) भुपरिवेष्ठित विकासशील देशहरूको विशेष चासो र आवश्यकताहरूको मान्यता।

धारा ८

अन्तर्राष्ट्रिय सहयोग

१. पक्षहरूले यस सम्झौताअन्तर्गतको उद्देश्य प्राप्त गर्न राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगका लागि सम्बन्धित कानुनी उपकरण, ढाँचा र विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय, तथा क्षेत्रगत निकायहरूसँगको सहयोगलाई सुदृढीकरण तथा अभिवृद्धि गर्ने र प्रवर्द्धन गर्ने पहलहरू समावेश हुने गरी सहकार्य गर्नेछन्।

२. पक्षहरूले उपयुक्त भएसम्म अन्य सम्बन्धित कानुनी साधन, संरचना, वा विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय, वा क्षेत्रगत निकायहरूको निर्णय प्रक्रियामा भाग लिँदा यस सम्झौताका उद्देश्यहरूलाई प्रवर्द्धन गर्न प्रयास गर्नेछन्।

३. पक्षहरूले यस सम्झौताका उद्देश्यहरूको समर्थनमा महासन्धिसँग तादम्यता हुने गरी सामुद्रिक वैज्ञानिक अनुसन्धानमा अन्तर्राष्ट्रिय सहकार्य प्रवर्द्धन गर्ने र सामुद्रिक प्रविधिको विकास तथा स्थानान्तरणमा योगदान गर्नेछन्।

भाग २

लाभहरूको निष्पक्ष र समन्यायिक बाँडफाँट सहित सामुद्रिक आनुवांशिक स्रोतहरू

धारा ९

उद्देश्य

यस भागका उद्देश्यहरू देहाय बमोजिम छन्:

(क) राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोग गर्न सामुद्रिक आनुवांशिक स्रोतहरू तथा तिनको डिजिटल अनुक्रम जानकारीसँग सम्बन्धित गतिविधिहरूबाट उत्पन्न लाभहरूको निष्पक्ष र समतामूलक बाँडफाँट सुनिश्चित गर्ने ।

(ख) विशेष गरी कम विकसित राष्ट्रहरु, भूपरिवेष्ठित विकासशील राष्ट्रहरु, भौगोलिक रूपमा असुविधाजनक अवस्थाका राष्ट्रहरु, साना टापुयुक्त विकासशील राष्ट्रहरु, अफ्रिकी तटीय राष्ट्रहरु, द्वीपीय राष्ट्रहरु, तथा

विकासशील मध्यम आय भएका राष्ट्रहरु सहितको विकासशील पक्षहररुको सामुद्रिक आनुवांशिक स्रोतहरू र तिनको डिजिटल अनुक्रम जानकारीसँग सम्बन्धित गतिविधिहरू सञ्चालन गरी पक्षहरुको क्षमता निर्माण र विकासमा सहयोग प्रदान गर्ने।

(ग) यस सम्झौताको कार्यान्वयनका लागि सामुद्रिक वैज्ञानिक अनुसन्धानको विकास र सञ्चालन समेत समावेश गरी ज्ञानको उत्पादन, वैज्ञानिक बुझाइ र प्रविधिगत नवप्रवर्द्धन गर्ने कार्यहरू आधारभूत योगदानको रुपमा रहेका छन्।

(घ) सामुद्रिक प्रविधिको विकास र स्थानान्तरण यस सम्झौता अनुरुप हुने।

धारा १०

प्रयोग

१. यस सम्झौताका व्यवस्थाहरू यो सम्झौता सम्बन्धित पक्षका लागि लागू भएपछि सङ्कलन र उत्पादन गरिएका राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूमा सङ्कलन तथा उत्पादन गरिएका सामुद्रिक अनुवांशिक स्रोतहरू र तिनको डिजिटल अनुक्रम जानकारीसँग सम्बन्धित गतिविधिहरूमा लागू हुनेछन्। यस सम्झौताका व्यवस्थाहरूको प्रयोग लागू हुनुभन्दा पहिले सङ्कलन वा उत्पन्न गरिएका राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिकक आनुवांशिक स्रोतहरूमा सामुद्रिक अनुवांशिक स्रोतहरू र डिजिटल अनुक्रम जानकारी सामुद्रिक अनुवांशिक स्रोतहरूको उपयोगमा विस्तार हुनेछ, तर कुनै पक्षले हस्ताक्षर, अनुमोदन, स्वीकार वा सम्मिलित हुने क्रममा धारा ७० अन्तर्गत लिखित रूपमा अपवादको दाबी गरेमा भने यो व्यवस्था लागू हुनेछैन।

२. यस भागका व्यवस्थाहरू देहाय बमोजिमका विषयमा लागू हुने छैनन्:

(क) सम्बन्धित अन्तर्राष्ट्रिय कानूनअन्तर्गत नियमन गरिएका माछा मार्ने कार्य तथा माछा मार्ने सम्बन्धी गतिविधिहरू, वा

(ख) यस भागअन्तर्गत "उपयोग" को रूपमा नियमन हुने बाहेकका माछा वा अन्य जीवित सामुद्रिक स्रोतहरू राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूबाट माछा मार्ने वा सम्बन्धित गतिविधिहरूमार्फत प्राप्त गरिएका माछा वा अन्य जीवित सामुद्रिक स्रोतहरू ।

३. यस भाग अन्तर्गतका दायित्वहरू कुनै पक्षको गैरव्यावसायिक सेवा सहितको सरकारी विमान तथा जहाजहरूमा गरिने सैन्य गतिविधिहरूमा लागू हुने छैन। यस भाग अन्तर्गतको राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रको सामुद्रिक स्रोतहरू र तिनको डिजिटल अनुक्रम जानकारीको उपयोग सम्बन्धी दायित्वहरू पक्षका गैरसैन्य गतिविधिहरूमा लागू हुनेछन्।

धारा ११

राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरूसँग सम्बन्धित गतिविधिहरू

१. राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूमा रहेका सामुद्रिक आनुवंशिक स्रोतहरू तथा तिनको डिजिटल अनुक्रम जानकारीसँग सम्बन्धित गतिविधिहरू सबै पक्षद्वारा, उनीहरूको भौगोलिक अवस्थिति जेसुकै भए पनि, तिनको क्षेत्राधिकार भित्रका प्राकृतिक वा कानुनी व्यक्तिहरूद्वारा सञ्चालन गर्न सकिन्छ। यस्ता गतिविधिहरू यस सम्झौता अनुसार सञ्चालन गर्नु पर्नेछ।

२. पक्षहरूले राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरू र सामुद्रिक आनुवंशिक डिजिटल अनुक्रम जानकारीसँग सम्बन्धित सबै गतिविधिहरूमा सहयोग प्रवर्द्धन गर्नेछन्।

३. राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरूको स्थितिगत सङ्कलन गर्दा, तटीय राष्ट्रहरुको राष्ट्रिय क्षेत्राधिकारभित्रका क्षेत्रमा रहेका अधिकार र वैध चासोहरूप्रति अन्य राष्ट्रहरूको हितलाई उचित ध्यानमा राखेर महासन्धि बमोजिम गर्नु पर्नेछ। सो प्रयोजनको लागि, पक्षहरूले यस सम्झौता कार्यान्वयन गर्ने उद्देश्यले निर्धारण गरिएको धारा ५१ अन्तर्गत तोकिएको क्लियरिङ-हाउस संयन्त्र सञ्चालनका लागि विशेष व्यवस्था मार्फत सहकार्य गर्न प्रयास गर्नेछन्।

४. कुनै पनि राष्ट्रले राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरूमा सार्वभौमसत्ता वा सार्वभौम अधिकारको दाबी गर्न वा प्रयोग गर्ने छैन। कुनै पनि यस्ता दाबी वा सार्वभौमसत्ता वा सार्वभौम अधिकारको प्रयोगलाई मान्यता दिइने छैन।

५. राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरूको स्थितिगत सङ्कलनले सामुद्रिकक वातावरणको कुनै पनि भाग वा त्यसका स्रोतहरूमाथि दाबी गर्ने कानूनी आधार प्रदान गर्ने छैन।

६. विशेष गरी मानवताको वैज्ञानिक ज्ञानलाई अभिवृद्धि गर्ने, सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगलाई प्रवर्द्धन गर्ने, विकासशील राष्ट्रहरुको हित र आवश्यकतालाई ध्यानमा राख्दै राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरू र सामुद्रिक आनुवंशिक स्रोतहरूको डिजिटल अनुक्रम जानकारीसँग सम्बन्धित गतिविधिहरू सबै राष्ट्रहरुको हितमा तथा सम्पूर्ण मानवताको लाभका लागि सञ्चालन गर्नु पर्नेछ।

७. राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरू र सामुद्रिक आनुवंशिक स्रोतहरूको डिजिटल अनुक्रम जानकारीसँग सम्बन्धित गतिविधिहरू विशेष गरी शान्तिपूर्ण उद्देश्यका लागि मात्र सञ्चालन गर्नु पर्नेछ।

धारा १२

राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरूको सम्बन्धमा गतिविधि र सामुद्रिक आनुवंशिक स्रोतहरूमा डिजिटल अनुक्रम जानकारी सम्बन्धी सूचना

१. पक्षहरूले यस भाग अनुसार क्लियरिङ-हाउस संयन्त्रलाई जानकारी सूचित गरिएको छ भनी सुनिश्चित गर्न आवश्यक विधायिकी, प्रशासनिक वा नीतिगत उपायहरू अवलम्बन गर्नेछन्।

२. राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरूको स्थितिगत सङ्कलन गर्नुभन्दा कम्तीमा ६ महिना अगाडि नै वा यथाशीघ्र क्लियरिङ-हाउस संयन्त्रलाई देहायको जानकारी सूचित गर्नु पर्नेछः

(क) उपयुक्त भएमा कुनै कार्यक्रम जसको भागसहित सङ्कलनको प्रकृति र उद्देश्य,

(ख) अनुसन्धानको विषयवस्तु वा यदि कुन सामुद्रिक आनुवंशिक स्रोतहरूलाई लक्षित वा सङ्कलन गरिनेछ भने ती स्रोतहरू संकलन गरिनुको प्रयोजन,

(ग) सङ्कलन गरिने भौगोलिक क्षेत्रहरू,

(घ) जहाजहरूको नाम, तौल, प्रकार र वर्ग, वैज्ञानिक उपकरणहरू, वा प्रयोग गरिने अध्ययन विधिहरू सङ्कलनका लागि प्रयोग गरिने विधि र साधनहरूको संक्षिप्त विवरण,

(ङ) प्रस्तावित प्रमुख कार्यक्रमहरूमा गरिने अन्य योगदानहरूको जानकारी,

(च) अनुसन्धान जहाजहरूको अपेक्षित प्रारम्भिक आगमन मिति र अन्तिम प्रस्थान मिति, अथवा उपयुक्त भएसम्म उपकरणहरूको तैनाथी र तिनको हटाउने मिति,

(छ) प्रायोजन गर्ने संस्था(हरू) तथा परियोजनाको जिम्मेवार व्यक्तिको नाम(हरू),

(ज) सबै राष्ट्रहरूका वैज्ञानिकहरू, विशेष गरी विकासशील राष्ट्रका वैज्ञानिकहरूलाई परियोजनामा संलग्न वा आबद्ध गराउने अवसरहरू,

(झ) प्राविधिक सहयोगको आवश्यकता पर्ने र अनुरोध गर्न सक्ने राष्ट्रहरु, विशेष गरी विकासशील राष्ट्रहरु, परियोजनामा भाग लिन वा प्रतिनिधित्व गर्न सक्षम हुनु पर्छ भन्ने हदसम्म,

(ञ) वर्तमान अन्तर्राष्ट्रिय अभ्यासलाई ध्यानमा राख्दै खुला र जिम्मेवार तथ्याङ्क प्रशासनका आधारमा तयार गरिएको तथ्याङ्क व्यवस्थापन योजना।

३. माथि धारा २ मा उल्लेखित सूचना प्राप्त भएपछि क्लियरिङ-हाउस संयन्त्रले स्वचालित रूपमा "BBNJ" मानक ब्याच पहिचानकर्ता उत्पन्न गर्नेछ।

४. यदि योजनाबद्ध सङ्कलन अघि क्लियरिङ्ग-हाउसलाई प्रदान गरिएको जानकारीमा कुनै ठोस परिवर्तन भएमा, अद्यावधिक जानकारी उचित अवधिभित्र र स्थिति सङ्कलन सुरु हुनुभन्दा ढिलो नगरी क्लियरिङ-हाउस संयन्त्रलाई सूचित गर्नु पर्नेछ।

५. पक्षहरूले कि "BBNJ" मानक ब्याच पहिचानकर्ता सहित क्लियरिङ-हाउस संयन्त्रलाई सकेसम्म शीघ्र, उपलब्ध हुने वित्तिकै तर स्थितिगत सङ्कलन सम्पन्न भएको एक वर्षभन्दा ढिलो नहुने गरी अनिवार्य रूपमा देहायको जानकारी सूचित गर्ने सुनिश्चित गर्नुपर्नेछः

(क) सामुद्रिक आनुवंशिक स्रोतहरूको डिजिटल अनुक्रम जानकारी जम्मा गरिएको छ वा जम्मा गरिने भण्डार वा डाटाबेस,

(ख) सामुद्रिक आनुवंशिक स्रोतहरू रहेको स्थानमा सङ्कलन गरिएको वा भण्डारण गरिएको वा राखिएको,

(ग) सामुद्रिक आनुवंशिक स्रोतहरू सङ्कलन गरिएको भौगोलिक क्षेत्रको अक्षांश, देशान्तर र सङ्कलनको गहिराइ समेतको जानकारी र उपलब्ध भएसम्म गरिएका गतिविधिबाट प्रात निष्कर्षहरू समावेश भएको प्रतिवेदन,

(घ) माथिको धारा २ (ञ) बमोजिमको डाटा व्यवस्थापन योजनाको आवश्यक अद्यावधिकहरू।

६. वर्तमान अन्तर्राष्ट्रिय अभ्यास अनुसार र व्यवहारिक हदसम्म, सामुद्रिक आनुवंशिक स्रोतहरूको नमुनाहरू र डिजिटल अनुक्रमको जानकारी क्षेत्राधिकार अन्तर्गतका भण्डारण (repositories) वा डाटाबेसहरूमा रहेका सामुद्रिक आनुवंशिक स्रोतका नमूनाहरू र तिनको डिजिटल अनुक्रम जानकारी राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूबाट उत्पन्न भएको भनेर पहिचान गर्न सकिनेछ भनी पक्षहरूले सुनिश्चित गर्नुपर्नेछ।

७. सम्भव भएसम्म प्रत्येक दुई वर्षमा क्षेत्राधिकार अन्तर्गत भण्डारणहरू र डाटाबेसहरू तयार गरी सामुद्रिक आनुवंशिक स्रोतहरू र तिनको डिजिटल अनुक्रम जानकारीमा पहुँचसम्बन्धी एक समष्टिगत प्रतिवेदन तयार गर्ने र डिजिटल अनुक्रमलाई "BBNJ" ब्याच पहिचानकर्तासँग जोड्ने पक्षहरूले सुनिश्चित गर्नु

पर्नेछ। यो प्रतिवेदन धारा १५ अन्तर्गत स्थापना गरी पहुँच तथा लाभ बाँडफाँट समितिलाई उपलब्ध गराउनु पर्नेछ।

८. राष्ट्रिय क्षेत्राधिकार भन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरू र जहाँ व्यवहारिक रुपमा सम्भव भए त्यस्ता स्रोतहरूमा डिजिटल अनुक्रम जानकारी व्यवसायीकरण सहित प्राकृतिक तथा कानूनी व्यक्तिहरूद्वारा उपयोग गर्न पक्षहरूले BBNJ मानक ब्याच पहिचानकर्ता सहित निम्न जानकारी सकेसम्म चाँडो क्लियरिङ्ग हाउस संयन्त्रलाई सूचित गर्ने कार सुनिश्चित गर्नु पर्नेछः-

(क) उपलब्ध र सम्भव भएसम्म खोजी गर्न सकिने उपयोगका परिणामहरू जस्तै प्रकाशनहरू, प्रदान गरिएको पेटेन्टहरू र विकसित उत्पादनहरू;

(ख) उपलब्ध भएसम्म उपयोगको लागि रहेका सामुद्रिक आनुवंशिक स्रोतहरूसँग सम्बन्धित क्लियरिङ्ग-हाउस संयन्त्रलाई उपलब्ध गराइएको सङ्कलनपछिको सूचनाको विस्तृत विवरण;

(ग) उपयोगको लागि राखिएको मूल नमूनाको भण्डारण;

(घ) सामुद्रिक आनुवंशिक स्रोतहरूमा पहुँच तथा उपयोगमा ल्याइएका सामुद्रिक आनुवंशिक स्रोतहरूको डिजिटल अनुक्रम जानकारीका लागि परिकल्पना गरिएको उपाय र त्यसको लागि डाटा व्यवस्थापन योजना;

(ङ) बजारमा आएपछि, उपलब्ध भएमा, सान्दर्भिक उत्पादनहरूको बिक्री तथा कुनैपनि थप विकास सम्बन्धी जानकारी।

धारा १३

राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूका सामुद्रिक आनुवंशिक स्रोतहरूसँग सम्बन्धित आदिबासी जनजाति र स्थानीय समुदायहरूको परम्परागत ज्ञान

पक्षहरूले आदिबासी जनजातिहरू र स्थानीय समुदायहरूको स्वामित्वमा रहेको राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूमा सामुद्रिक आनुवंशिक स्रोतहरूसँग सम्बन्धित परम्परागत ज्ञान यी आदिबासी जनजाति र स्थानीय समुदायहरूको स्वतन्त्र, पूर्व र सूचित सहमति वा अनुमोदन र संलग्नतामा मात्र पहुँचयोग्य हुनेछ भन्ने सुनिश्चित गर्ने उद्देश्यले सान्दर्भिक र उपयुक्त भएसम्म विधायिकी, प्रशासनिक वा नीतिगत उपायहरू अवलम्बन अवलम्बन गर्नेछन्। क्लियरिङ्ग-हाउस संयन्त्रले यस्तो परम्परागत ज्ञानमा पहुँच सहज बनाउन सहजीकरण गर्न सक्नेछ। यस्तो परम्परागत ज्ञानको पहुँच र प्रयोग पारस्परिक रुपमा सहमत सर्तहरु अनुसार हुनेछ।

धारा १४

लाभहरूको निष्पक्ष र समतामूलक बाँडफाँट

१. राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूका सामुद्रिक आनुवंशिक स्रोतहरू र डिजिटल अनुक्रम जानकारीसँग सम्बन्धित गतिविधिहरूबाट प्राप्त हुने लाभहरू यस भाग अनुसार निष्पक्ष र समतामूलक किसिमले बाँडफाँट गरिनेछ र राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो उपयोगमा योगदान पुऱ्याउनु पर्नेछ ।

२. अन्य कुराको साथसाथै, यस सम्झौता अनुसार गैर-मौद्रिक लाभहरू देहाय बमोजिम बाँडफाँट गरिनेछः-

(क) वर्तमान अन्तर्राष्ट्रिय अभ्यास अनुसार नमूनाहरू र नमूना सङ्कलनहरूमा पहुँच;

(ख) वर्तमान अन्तर्राष्ट्रिय अभ्यास अनुसार डिजिटल अनुक्रम जानकारीमा पहुँच;

(ग) वर्तमान अन्तर्राष्ट्रिय अभ्यास र खुला तथा जिम्मेवार डाटा शासन अनुसार खुला पहुँचका लागि पत्ता लगाउन सकिने, पहुँचयोग्य, अन्तरसञ्चालनयोग्य र पुनः प्रयोग गर्न मिल्ने (FAIR) वैज्ञानिक आंकडा;

(घ)धारा १२ बमोजिम प्रदान गरिएको "BBNJ" मानक ब्याच पहिचानकर्ताहरू सहित सूचनाहरूमा समावेश जानकारी भएको सार्वजनिक रुपमा खोजीयोग्य र पहुँचयोग्य फारामहरू;

(ङ) यस सम्झौताको भाग ५ अन्तर्गत प्रदान गरिएका सान्दर्भिक मोडालिटीहरू अनुरुप सामुद्रिक प्रविधिको हस्तान्तरण;

(च)विशेष गरी विकासशील राष्टरहरुका लागि साना टापु विकासशील राष्ट्रहरु र कम विकसित राष्ट्रहरुको विशेष परिस्थितिलाई ध्यानमा राख्दै, वित्तीय अनुसन्धान कार्यक्रमहरू सहित क्षमता विकास र साझेदारी अवसरहरू, विशेष गरी अनुसन्धान परियोजनामा वैज्ञानिक तथा अनुसन्धानकर्ताहरूका लागि प्रत्यक्ष रूपमा सान्दर्भिक तथा महत्वपूर्ण साथै समर्पित पहलहरू;

(छ) विकासशील राष्ट्रहरूका वैज्ञानिकहरू र वैज्ञानिक संस्थाहरूसँग विशेष गरी प्राविधिक र वैज्ञानिक सहायतामा वृद्धि;

(ज)धारा १५ अन्तर्गत स्थापित पहुँच र लाभ बाँडफाँट समितिको सिफारिसलाई ध्यानमा राख्दै पक्षहरूको सम्मेलनद्वारा निर्धारण गरिएका अन्य प्रकारका लाभहरू;

३. पक्षहरुले वर्तमान अन्तर्राष्ट्रिय अभ्यासलाई ध्यानमा राख्दै, राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवांशिक स्रोतहरू र डिजिटल अनुक्रम जानकारी, तिनीहरूको "BBNJ" मानक ब्याच पहिचानकर्ताहरू सहित, तिनीहरूको क्षेत्राधिकार अन्तर्गत प्राकृतिक वा कानूनी व्यक्तिहरूद्वारा उपयोगको अधिनमा, सार्वजनिक रूपमा पहुँचयोग्य भण्डारणहरू र डाटाबेसहरूमा जम्मा गरिएको छ भनी सुनिश्चित गर्न र यस्तो प्रयोग शुरू भएको तीन वर्षभन्दा ढिलो नगरी, वा उपलब्ध हुने वित्तिकै राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा कायम राख्न आवश्यक विधायिकी, प्रशासनिक वा नीतिगत उपायहरू अवलम्बन गर्नेछन् ।

४. पक्षको क्षेत्राधिकारअन्तर्गत रहेका भण्डारणहरू (repositories) र डेटाबेसहरूमा राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरू र डिजिटल अनुक्रम जानकारीमा पहुँच देहायका उचित सर्तहरूको अधीनमा हुन सक्नेछः-

(क) सामुद्रिक आनुवंशिक स्रोतहरूको भौतिक अखण्डता संरक्षण गर्ने आवश्यकता;

(ख) नमुना, तथ्याङ्क वा जानकारी राखिएको सान्दर्भिक जीन बैंक, बायोरिपोजिटरी वा डाटाबेस कायम राख्रेसँग सम्बन्धित उचित लागतहरू;

(ग) सामुद्रिक आनुवंशिक स्रोत, तथ्याङ्क वा जानकारीमा पहुँच प्रदान गर्न लाग्ने उचित लागतहरू;

(घ) विकासशील राष्ट्रहरुका अनुसन्धानकर्ताहरू र अनुसन्धान संस्थाहरूलाई सहुलियतपूर्ण र प्राथमिकताका सर्तहरू सहित, निष्पक्ष र सबैभन्दा अनुकूल सर्तहरूमा यस्तो पहुँचको अवसरहरू प्रदान गर्न यस सम्झौताको उद्देश्य अनुरूप अन्य उचित व्यवस्थाहरू;

५. धारा ५२ अन्तर्गत स्थापित वित्तीय संयन्त्रमार्फत व्यवसायीकरण सहित राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरूको प्रयोगबाट हुने मौद्रिक लाभ र राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरूको डिजिटल अनुक्रमसम्बन्धी जानकारी राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगको लागि निष्पक्ष र समतामूलक ढंगबाट बाँडफाँट गरिनेछ।

६. यो सम्झौता लागू भएपछि, विकसित पक्षहरूले धारा ५२ बमोजिमको विशेष कोषमा वार्षिक योगदान गर्नु पर्नेछ। धारा ४७ को उपधारा ६ को खण्ड (ङ) बमोजिम पक्षहरूको सम्मेलनद्वारा पारित बजेटमा कुनै पक्षको योगदान दर, पक्षको मूल्याङ्कन गरिएको योगदानको पचास प्रतिशत

हुनेछ। यस्तो भुक्तानि तलको प्रकरण ७ अन्तर्गत पक्षहरूको सम्मेलनद्वारा अर्को निर्णय नलिइएसम्म जारी रहनेछ ।

७. धारा १५ अन्तर्गत स्थापित पहुँच र लाभ बाँडफाँट समितिको सिफारिसहरूलाई ध्यानमा राख्दै, पक्ष राष्ट्रहरूको सम्मेलनले राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरू र डिजिटल अनुक्रम जानकारीको उपयोगबाट हुने मौद्रिक लाभहरूको बाँडफाँटको विधिहरू निर्धारण गर्नेछन्। सर्वसहमतिमा पुग्ने सबै प्रयासहरु समाप्त भएकोमा उपस्थित र मतदान गर्ने पक्षहरूको तीन-चौथाइ बहुमत मार्फत निर्णय गरिनेछ। धारा ५२ अन्तर्गत स्थापित विशेष कोषमार्फत भुक्तानि गरिनेछ। विधिहरूमा निम्न विषय समावेश हुन सक्नेछन्-

(क) महत्त्वपूर्ण भुक्तानि;

(ख) उत्पादनहरूको विक्रीबाट प्राप्त हुने राजस्वको प्रतिशतको भुक्तानि सहित उत्पादनहरूको व्यवसायीकरणसँग सम्बन्धित भुक्तानि वा योगदान,

(ग) एक पक्षद्वारा गतिविधिहरूको कूल स्तर मापन गर्ने विविध सूचकहरूको सेटमा आधारित आवधिक आधारमा भुक्तानिगरिएको तहगत शुल्क;

(घ) पहुँच र लाभ बाँडफाँट समितिको सिफारिसहरूलाई ध्यानमा राख्दै, पक्षहरूको सम्मेलनले निर्णय गरे अनुसारको अन्य विधि ।

८. पक्षहरूको सम्मेलनले विधिहरू पारित गरेको समयमा कुनै पक्षले ती विधिहरू आफ्नो हकमा लागू नहुने गरी घोषणा गर्न सक्ने र तर्यस्तो गरेकोमा ती विधिहरू चार वर्ष अवधिको लागि त्यस्तो पक्षलाई लागू हुनेछैन। यस्तो घोषणा गर्ने पक्षले नयाँ विधि लागू नभएसम्म माथि प्रकरण ६ मा उल्लेख गरिएको भुक्तानि गर्न जारी राख्नेछ।

९. माथि प्रकरण ७ अन्तर्गत राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरूमा डिजिटल अनुक्रम जानकारीको प्रयोगबाट मौद्रिक लाभ बाँडफाँटको लागि विधिहरूका सम्बन्धमा निर्णय गर्दा यस्ता विधिहरू अन्य पहुँच र लाभ बाँडफाँटका उपकरणहरूको पारस्परिक रुपमा सहयोगी र अनुकूलनीय हुनु पर्छ भनी स्वीकार गरी पक्षहरूको सम्मेलनले पहुँच र लाभ बाँडफाँट समितिको सिफारिसहरूलाई ध्यानमा राख्नु पर्नेछ ।

१०. धारा १५ अन्तर्गत स्थापित पहुँच र लाभ बाँडफाँट समितिको सिफारिसहरूलाई ध्यानमा राख्दै पक्षहरूको सम्मेलनले द्विवार्षिक रुपमा राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरू र डिजिटल अनुक्रम जानकारीको उपयोगबाट हुने मौद्रिक लाभहरूको समीक्षा र मूल्याङ्कन गर्नेछ। पहिलो समीक्षा यो सम्झौता लागू भएको पाँच वर्षभन्दा पछि नहुने गरी हुनेछ। समीक्षामा माथि प्रकरण ६ मा उल्लेख गरिएको वार्षिक योगदानहरूलाई ध्यानमा राखी समावेश गर्नु पर्नेछ।

११. पक्षहरूले आफ्नो अधिकार अन्तर्गतका प्राकृतिक वा कानूनी व्यक्तिहरूद्वारा राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरू र डिजिटल अनुक्रम जानकारी सम्बन्धी गतिविधिहरूबाट हुने लाभहरू यस सम्झौता बमोजिम बाँडफाँट गरिएको सुनिश्चित गर्ने उद्देश्यले आवश्यक विधायिकी, प्रशासनिक वा नीतिगत उपायहरू अवलम्बन गर्नेछन्।

धारा १५

पहुँच तथा लाभ बाँडफाँट समिति

१. यसद्वारा एक पहुँच तथा लाभ बाँडफाँट समिति स्थापना गरिएको छ। यसले अन्य कुराको अतिरिक्त, धारा १४ बमोजिम पारदर्शिता प्रदान गर्ने तथा मौद्रिक र गैरमौद्रिक लाभहरूको

निष्पक्ष र समतामूलक बाँडफाँट सुनिश्चित गरी लाभ बाँडफाँटको लागि मार्गदर्शनहरू स्थापना गर्ने माध्यमको रुपमा काम गर्नेछ।

२. समितिको कार्यहरूको प्रभावकारी अभ्यास सुनिश्चित सम्बन्धित क्षेत्रमा उपयुक्त योग्यता भएका १५ सदस्यीय पहुँच र लाभ बाँडफाँट समिति गठन हुनेछ। लैङ्गिक सन्तुलन र समतामूलक भौगोलिक वितरणलाई ध्यानमा राख्दै विकासशील राष्ट्र जसमा अतिकम विकसित राष्ट्र, साना टापु विकासशील राष्ट्र र भूपरिवेष्ठित विकासशील राष्ट्रहरुबाट समितिमा प्रतिनिधित्व हुने गरी पक्षहरूद्वारा सदस्यहरू मनोनित र पक्षहरूको सम्मेलनद्वारा निर्वाचित हुनेछन्। समितिको कार्यसञ्चालनका सर्तहरू र सञ्चालनका विधिहरू पक्षहरूको सम्मेलनद्वारा निर्धारण गरिनेछ।

३. समितिले पक्षहरूको सम्मेलनलाई देहायका विषयहरू सहित यस भागसँग सम्बन्धित विषयहरूमा सिफारिस गर्न सक्नेछः

(क) यस भाग बमोजिम राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरू र डिजिटल अनुक्रम जानकारीसँग सम्बन्धित गतिविधिहरूका लागि मार्गदर्शन र आचारसंहिता;

(ख) यस भाग अनुसार लिइएका निर्णयहरू कार्यान्वयन गर्ने व्यवस्थाहरू;

(ग) धारा १४ बमोजिम मौद्रिक लाभ बाँडफाँटको दर वा संयन्त्रहरू;

(घ) क्लियरिङ-हाउस संयन्त्रको सम्बन्धमा यस भागसँग सम्बन्धित विषयहरू;

(ङ) धारा ५२ अन्तर्गत स्थापित वित्तीय संयन्त्रको सम्बन्धमा यस भागसँग सम्बन्धित विषयहरू;

(च) पक्षहरूको सम्मेलनले यस भागसँग पहुँच र लाभ बाँडफाँट समितिलाई सम्बोधन गर्न अनुरोध गरेका अन्य विषयहरू।

४. प्रत्येक पक्षले पहुँच तथा लाभ बाँडफाँट समितिलाई क्लियरिङ-हाउस संयन्त्रमार्फत आवश्यक जानकारी उपलब्ध गराउँदा निम्न विषय समावेश गर्नु पर्नेछः

(क) पहुँच तथा लाभ बाँडफाँटसम्बन्धी विधायकी, प्रशासनिक, तथा नीतिगत उपायहरु;

(ख) राष्ट्रिय सम्पर्क बिन्दुहरू सम्बन्धी सम्पर्क विवरण र अन्य सान्दर्भिक जानकारी;

(ग) पक्षहरूको सम्मेलनद्वारा गरिएका निर्णयहरू अनुसार आवश्यक पर्ने अन्य जानकारी।

५. पहुँच तथा लाभ बाँडफाँट समितिले लाभ बाँडफाँट, सामुद्रिक आनुवंशिक स्रोतहरुमा डिजिटल अनुक्रम जानकारीको प्रयोग, असल अभ्यास, उपकरणहरू र विधिहरू, तथ्याङ्क शासन र सिकाई सहित यसको कार्यादेश अन्तर्गतका गतिविधिहरूमा सान्दर्भिक कानूनी उपकरणहरू तथा ढाँचा र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरूसँग जानकारीको आदानप्रदानलाई परामर्श र सहजीकरण गर्न सक्नेछ।

६. पहुँच तथा लाभ बाँडफाँट समितिले माथि प्रकरण ५ अन्तर्गत प्राप्त जानकारीको सम्बन्धमा पक्षहरूको सम्मेलनमा सिफारिस गर्न सक्नेछ।

धारा १६

अनुगमन र पारदर्शिता

१. यस भाग अनुसार "BBNJ" मानक व्याच पहिचानकर्ताहरूको प्रयोगमार्फत र पहुँच र लाभ-बाँडफाँट समितिद्वारा सिफारिस गरिएको पक्षहरूको सम्मेलनले अपनाएका प्रक्रिया अनुसार सामुद्रिक आनुवंशिक स्रोतहरू सम्बन्धी गतिविधिहरूको अनुगमन तथा पारदर्शिता र राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरूमा डिजिटल अनुक्रम जानकारी क्लियरिङ्ग हाउस संयन्त्रलाई सूचनामार्फत प्रदान गरिनेछ।

२. पक्षहरूले यस भाग बमोजिम राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरू र डिजिटल उपक्रम जानकारी सम्बन्धी गतिविधिहरू र त्यसबाट हुने लाभहरूको बाँडफाँट सम्बन्धी यस भागमा रहेका प्रावधानहरूको कार्यान्वयनको बारेमा पहुँच र लाभ बाँडफाँट समितिलाई आवधिक रूपमा प्रतिवेदनहरू पेश गर्नेछन्।

३. पहुँच र लाभ बाँडफाँट समितिले क्लियरिङ्ग-हाउस संयन्त्रमार्फत प्राप्त जानकारीको आधारमा प्रतिवेदन तयार गर्नेछ र टिप्पणीहरू पेश गर्न सक्ने गरी पक्षहरूलाई उपलब्ध गराउनेछ। पहुँच र लाभ बाँडफाँट समितिले पक्षहरूको सम्मेलनको विचारको लागि प्राप्त टिप्पणीहरू सहितको प्रतिवेदन पेश गर्नेछ। पक्षहरूको सम्मेलनले पहुँच र लाभ बाँडफाँट समितिको सिफारिसलाई ध्यानमा राख्दै, पक्षहरूको राष्ट्रिय क्षमता र परिस्थितिहरूलाई विचार समेत गरी यस धारा कार्यान्वयनको लागि उपयुक्त मार्गदर्शनहरू निर्धारण गर्न सक्नेछ।

भाग ३

सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्रमा आधारित व्यवस्थापन औजार जस्ता उपायहरु

धारा १७

उद्देश्यहरू

यस भागका उद्देश्यहरू यस प्रकार रहेका छन्:-

(क) सामुद्रिक संरक्षित क्षेत्रहरू पारिस्थितिक रूपमा प्रतिनिधि र राम्रोसँग जोडिएको सञ्जालहरू सहित क्षेत्र-आधारित व्यवस्थापन औजारहरूको एक व्यापक प्रणालीको स्थापनामार्फत संरक्षण र दिगो रूपमा प्रयोग गर्ने;

(ख) राष्ट्रहरु, सान्दर्भिक कानूनी व्यवस्थाहरू र ढाँचाहरू र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरू बीच सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन औजारहरूको प्रयोगमा सहयोग र समन्वयलाई मजबुत पार्ने,

(ग) जैविक विविधता र पारिस्थितिकीय प्रणालीहरूको संरक्षण, संवर्द्धन, पुनर्स्थापना र मर्मत गर्ने, तिनीहरूको उत्पादकत्व र स्वास्थ्य सुदृढ गर्ने उद्देश्य सहित, र जलवायु परिवर्तन, सामुद्रिक अम्लिकरण र सामुद्रिक प्रदुषण लगायतका तनाव प्रतिरोधीलाई सुदृढ बनाउने;

(घ) साँस्कृतिक मूल्यहरूको संरक्षण सहित खाद्य सुरक्षा र अन्य सामाजिक-आर्थिक उद्देश्यहरूलाई समर्थन गर्ने;

(ङ) साना टापु विकासशील राष्ट्रहरूको विशेष परिस्थितिलाई ध्यानमा राख्दै विकासशील राष्ट्र पक्षहरूलाई विशेष गरी अतिकम विकसित राष्ट्रहरु, भू-परिवेष्ठित विकासशील राष्ट्रहरु, भौगोलिक रूपमा विपन्न राष्ट्रहरु, साना टापु विकासशील राष्ट्रहरु, तटीय अफ्रिकी राष्ट्रहरु, द्विप समूह राष्ट्रहरु र विकासशील मध्यम आय भएका राष्ट्रहरुलाई समर्थन गर्ने तथा क्षमता निर्माण र सामुद्रिक प्रविधिको विकास र हस्तान्तरणमार्फत सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन औजारहरू विकास, कार्यान्वयन, अनुगमन, व्यवस्थापन र कार्यान्वयन गर्ने।

धारा १८

प्रयोगको क्षेत्र

सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन औजारहरूको स्थापनामा राष्ट्रिय क्षेत्राधिकार भित्रका कुनै पनि क्षेत्रहरू समावेश हुने छैनन् र यससँग सम्बन्धित कुनै पनि विवादहरुको सम्बन्धमा समावेश भएको सार्वभौमिकता, सार्वभौम अधिकार वा क्षेत्राधिकारको कुनै पनि दावीलाई जोड दिने वा अस्वीकार गर्ने आधारको रुपमा निर्भर गर्नु हुँदैन।

धारा १९

प्रस्ताव

१. यस भाग अन्तर्गत सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन औजारहरूको स्थापना सम्बन्धी प्रस्तावहरू पक्षहरूले व्यक्तिगत रूपमा वा सामूहिक रुपमा सचिवालयमा पेश गर्नेछन्।

२. यस भागमा उल्लेख गरिए बमोजिम प्रस्तावहरूको विकासको लागि पक्षहरूले उपयुक्त भएसम्म राष्ट्रहरू र विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र विषय क्षेत्रगत निकायहरूका साथै नागरिक समाज, वैज्ञानिक समुदाय, निजी क्षेत्र, आदिबासी जनजाति र स्थानीय समुदायहरू सहित सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य र परामर्श गर्नेछन्।

३. सावधानी अपनाउने दृष्टिकोण र पारिस्थितिक प्रणालीको दृष्टिकोणलाई ध्यानमा राख्दै उपलब्ध भएसम्म प्रस्तावहरू उपलब्ध सर्वोत्तम विज्ञान र वैज्ञानिक जानकारी तथा आदिबासी जनजाति र स्थानीय समुदायहरूको सान्दर्भिक परम्परागत ज्ञानको आधारमा तयार गरिनेछ।

४. पहिचान गरिएका क्षेत्रहरूको सम्बन्धमा प्रस्तावहरूमा देहायका प्रमुख विषयबस्तु समावेश गर्नु पर्नेछः-

(क) अनुसूची-१ मा निर्दिष्ट सूचक मापदण्डको सन्दर्भमा प्रस्तावको विषय भएको क्षेत्रको भौगोलिक वा स्थानीय क्षेत्रगत विवरण;

(ख) अनुसूची-१ मा तोकिएका कुनै पनि मापदण्डको बारेमा जानकारीका साथ साथै क्षेत्र पहिचान गर्न लागू गरिएको तलको प्रकरण ५ अनुसार थप विकास र परिमार्जन गर्न सकिने कुनै पनि मापदण्ड;

(ग) आदिबासी जनजाति र स्थानीय समुदायहरूद्वारा प्रयोग गरिएका क्षेत्रहरूमा भएका मानवीय गतिविधिहरू, र तिनीहरूको सम्भावित प्रभाव भएमा कुनै;

(घ) पहिचान गरिएको क्षेत्रमा भएको सामुद्रिक वातावरण र जैविक विविधताको अवस्थाको विवरण;

(ङ) उपयुक्त भएमा संरक्षण र दिगो प्रयोगको उद्देश्यहरू लागू गरिएको क्षेत्रको विवरण;

(च) प्रस्तावित व्यवस्थाहरू समेट्ने र निर्दिष्ट उद्देश्यहरू प्राप्त गर्न प्रस्तावित अनुगमन, अनुसन्धान र समीक्षा गतिविधिहरूको रूपरेखा प्रस्तुत गर्ने मस्यौदा व्यवस्थापन योजना;

(छ) प्रस्तावित क्षेत्रको अवधि र मापन, भएमा कुनै;

(ज) छिमेकी तटीय राष्ट्रहरू र/वा सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रीय निकायहरू लगायत राष्ट्रहरुसँग गरिएका, भएमा, कुनै पनि परामर्शहरूको जानकारी;

(झ) सान्दर्भिक कानूनी व्यवस्थाहरू तथा ढाँचाहरू र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरू अन्तर्गत कार्यान्वयन गरिएका सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन औजारहरूको जानकारी;

(ञ) उपलब्ध भएमा, सान्दर्भिक वैज्ञानिक इनपुट र आदिबासी जनजाति तथा स्थानीय समुदायहरूको परम्परागत ज्ञान;

५. सान्दर्भिक रूपमा, अनुसूची-१ मा निर्दिष्ट गरिएका र पक्षहरूको सम्मेलनद्वारा विचार र ग्रहण गर्नका लागि वैज्ञानिक तथा प्राविधिक निकायद्वारा आवश्यकता अनुसार थप विकास र परिमार्जन गर्न सकिने यस्ता क्षेत्रको पहिचानको लागि सूचक मापदण्ड समावेश गर्नुपर्नेछ।

६. आवश्यकता अनुसार, माथि प्रकरण ५ मा निर्दिष्ट गरिएको सूचक मापदण्डको प्रयोगको लागि रहेका मोडालिटीहरू सहित प्रस्तावहरूको सामग्री सम्बन्धी थप आवश्यकताहरू र माथिको प्रकरण ४ (ख) मा निर्दिष्ट प्रस्तावहरूको मार्गदर्शनलाई वैज्ञानिक तथा प्राविधिक निकायले आवश्यकता अनुसार पक्षहरूको सम्मेलनद्वारा विचार र अनुमोदनको लागि विस्तृत रूपमा व्याख्या गर्नेछ।

धारा २०

प्रस्तावहरूको प्रचार र प्रारम्भिक समीक्षा

लिखित रुपमा प्रस्ताव प्राप्त भएपछि, सचिवालयले प्रस्तावलाई सार्वजनिक रुपमा उपलब्ध गराउनेछ र प्रारम्भिक समीक्षाको लागि वैज्ञानिक तथा प्राविधिक निकायमा पठाउनेछ। समीक्षाको उद्देश्य प्रस्तावमा यस भाग र अनुसूची १ मा वर्णन गरिएका सूचक मापदण्डहरू सहित धारा १९ अन्तगर्त आवश्यक जानकारी छ भनी सुनिश्चित गर्नु हो। त्यो समीक्षाको नतिजा सार्वजनिक रुपमा उपलब्ध गराइनेछ र सचिवालयद्वारा प्रस्तावकलाई जानकारी गराइनेछ। प्रस्तावकले वैज्ञानिक तथा प्राविधिक निकायद्वारा गरिएको प्रारम्भिक समीक्षालाई ध्यानमा राखेर सचिवालयमा प्रस्ताव पुनः पठाउनेछ। सचिवालयले पक्षहरूलाई सूचित गर्नेछ र पुनः प्रसारित प्रस्तावलाई सार्वजनिक रुपमा उपलब्ध गराउनेछ र धारा २१ बमोजिमको परामर्शलाई सहजीकरण गर्नेछ।

धारा २१

प्रस्तावहरूको परामर्श तथा मूल्याङ्कन

१. धारा १९ अन्तर्गत पेश गरिएका प्रस्तावहरू उपरको परामर्श समावेशी, पारदर्शी र राष्ट्रहरू तथा विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरूका साथै नागरिक समाज, वैज्ञानिक समुदाय, आदिवासी जनजाति र स्थानीय समुदायहरू सहित सबै सम्बन्धित सरोकारवालाहरूका लागि खुला हुनु पर्नेछ।

२. सचिवालयले परामर्श तथा सुझाव संकलन निम्नानुसार सहजीकरण गर्नेछः-

(क) अन्य कुराका अतिरिक्त राष्ट्रहरू, विशेषगरी छिमेकी तटीय राष्ट्रहरूलाई पेश गर्न सूचित तथा आमन्त्रित गरिनेछ।

(i) प्रस्तावको गुण तथा भौगोलिक क्षेत्रको बारेमा धारणाहरू;

(ii) अन्य कुनै सान्दर्भिक वैज्ञानिक इनपुट;

(iii) राष्ट्रिय क्षेत्राधिकारभित्र र राष्ट्रिय क्षेत्राधिकार बाहिरका छेउछाउका वा सम्बन्धित क्षेत्रहरूमा भएका कुनै पनि विद्यमान व्यवस्था वा गतिविधिहरूको बारेमा जानकारी;

(iv) राष्ट्रिय क्षेत्राधिकार भित्रका क्षेत्रहरूको लागि प्रस्तावको सम्भावित प्रभावहरूका सम्बन्धमा धारणा;

(v) अन्य कुनै सान्दर्भिक जानकारी;

(ख) अन्य कुराका अतिरिक्त, कानूनी व्यवस्था र रुपरेखासँग सम्बन्धित निकायहरू र सम्बन्धित विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरूलाई पेश गर्न सूचित तथा आमन्त्रित गरिनेछः-

(i) प्रस्तावको योग्यता सम्बन्धी धारणाहरू;

(ii) अन्य कुनै सान्दर्भिक वैज्ञानिक इनपुट;

(iii) सम्बन्धित क्षेत्र वा छेउछाउका क्षेत्रहरूको लागि त्यो व्यवस्था, रुपरेखा वा निकायद्वारा अपनाइएका कुनै पनि विद्यमान व्यवस्थाहरूको बारेमा जानकारी;

(iv) त्यस निकायको क्षमताभित्र पर्ने प्रस्तावमा पहिचान गरिएको मस्यौदा व्यवस्थापन योजनाको लागि व्यवस्थाहरूको कुनै पनि पक्ष र अन्य तत्वहरूको बारेमा विचारहरू;

(v) त्यस उपकरण, रुपरेखा वा निकायको क्षमता भित्र पर्ने कुनै सान्दर्भिक अतिरिक्त उपायहरूको बारेमा धारणाहरू;

(vi) अन्य कुनै सान्दर्भिक जानकारी;

(ग) आदिबासी जनजाति र सान्दर्भिक परम्परागत ज्ञान भएका स्थानीय समुदाय, वैज्ञानिक समुदाय, नागरिक समाज र अन्य सम्बन्धित सरोकारवालाहरूलाई अन्य कुराका अतिरिक्त देहायका कुराहरू पेश गर्न आमन्त्रित गरिनेछः-

(i) प्रस्तावको योग्यता सम्बन्धी धारणाहरू;

(ii) अन्य कुनै सान्दर्भिक वैज्ञानिक इनपुट;

(iii) आदिबासी जनजाति र स्थानीय समुदायहरूको कुनै परम्परागत ज्ञान;

(iv) अन्य कुनै सान्दर्भिक जानकारी;

३. सचिवालयले माथिको उपधारा २ बमोजिम प्राप्त योगदानहरू सार्वजनिक रूपमा उपलब्ध गराउनेछ।

४. प्रस्तावित व्यवस्थाले राष्ट्रहरूको विशेष आर्थिक क्षेत्रहरूले पूर्ण रूपमा घेरिएका क्षेत्रहरूलाई असर गर्ने अवस्थामा, समर्थकहरूले देहाय बमोजिम गर्नु पर्नेछः-

(क)त्यस्ता राष्ट्रहरूसँग पूर्व सूचना सहित लक्षित र सक्रिय परामर्शहरू सञ्चालन गर्ने;

(ख)प्रस्तावित व्यवस्थामा त्यस्ता राष्ट्रहरूको धारणा र टिप्पणीहरूलाई विचार गर्ने र त्यस्ता धारणा र टिप्पणीहरूलाई विशेष रूपमा सम्बोधन गर्दै लिखित प्रतिक्रियाहरू प्रदान गर्ने र उपयुक्तता अनुसार प्रस्तावित व्यवस्थालाई परिमार्जन गर्ने।

५. प्रस्तावकले परामर्श अवधिमा प्राप्त योगदानहरू, साथै वैज्ञानिक तथा प्राविधिक निकायको धारणा र जानकारीलाई विचार गर्नेछ र उपयुक्त भएमा प्रस्तावलाई त्यस अनुसार परिमार्जन वा प्रस्तावमा प्रतिबिम्बित नभएका वस्तुगत योगदानहरूको सम्बन्धमा जवाफ दिनेछ।

६. परामर्श अवधि समयवद्ध हुनेछ।

७. प्रस्तावको मूल्याङ्कन गर्ने तथा पक्षहरूको सम्मेलनमा सिफारिस गर्ने वैज्ञानिक तथा प्राविधिक निकायमा संशोधित प्रस्ताव पेश गरिनेछ।

८. साना टापु विकासशील राष्ट्रहरूको विशेष परिस्थितिहरूलाई ध्यानमा राख्दै वैज्ञानिक तथा प्राविधिक निकायले यसको पहिलो बैठकमा पक्षहरूको सम्मेलनद्वारा विचार तथा ग्रहण गरिने विषयवस्तुको लागि आवश्यकता अनुसार अवधि सहित परामर्श र मूल्याङ्कन प्रक्रियाको लागि विधिहरू थप विस्तृत रूपमा व्याख्या गर्नेछ।

धारा २२

सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन संरचनाहरूको स्थापना

१. यस भाग अन्तर्गत स्थापित परामर्श प्रक्रियाको क्रममा प्राप्त योगदान तथा वैज्ञानिक इनपुट र वैज्ञानिक तथा प्राविधिक निकायको वैज्ञानिक सल्लाह र सिफारिसहरूलाई ध्यानमा राख्दै, अन्तिम प्रस्ताव र मस्यौदा व्यवस्थापन योजनाको आधारमा पक्षहरूको सम्मेलनले:-

(क)सामुद्रिक संरक्षित क्षेत्रहरू र सम्बन्धित व्यवस्थाहरू सहित क्षेत्र-आधारित व्यवस्थापन उपकरणहरूको स्थापनामा निर्णय लिनेछ;

(ख) सम्बन्धित कानूनी व्यवस्था तथा कार्यढाँचाहरू र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय तथा क्षेत्रगत निकायहरूले अपनाएका व्यवस्थाहरूसँग मिल्ने व्यवस्थाहरूमा ती व्यवस्था, कार्यढाँचा र निकायहरूसँग सहकार्य र समन्वयमा निर्णय लिन सक्नेछ;

(ग) प्रस्तावित व्यवस्थाहरू अन्य विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय वा क्षेत्रगत निकायहरूको क्षमता भित्र पर्ने ठाउँमा, यस सम्झौताका पक्षहरू र विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय तथा क्षेत्रीय निकायहरूलाई त्यस्ता व्यवस्थाहरू, कार्यढाँचा र निकायहरूमार्फत सान्दर्भिक व्यवस्था अपनाउने प्रवर्द्धन गर्न सिफारिसहरू गर्न सक्नेछ।

२. यस धारा अन्तर्गत निर्णय लिँदा, पक्षहरूको सम्मेलनले सान्दर्भिक कानूनी व्यवस्थाहरू तथा कार्यढाँचा र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय तथा क्षेत्रगत निकायहरूको क्षमता सम्मान गर्नु पर्नेछ र तिनलाई कमजोर पारिने छैन।

३. पक्षहरूको सम्मेलनले सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन उपकरणहरूको सम्बन्धमा सान्दर्भिक कानूनी व्यवस्थाहरू तथा कार्यढाँचाहरू र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरूसँग तथा बीच सहयोग र समन्वय बढाउन नियमित परामर्शको व्यवस्था गर्नुका साथै यस्ता व्यवस्थाहरू तथा कार्यढाँचाहरू अन्तर्गत र यस्ता निकायहरूद्वारा अपनाइएका सम्बन्धित उपायहरूको सम्बन्धमा समन्वय गर्नेछ।

४. यस भागको उद्देश्यहरु हासिल गर्न र कार्यान्वयनको आवश्यकता अनुरुप राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरुको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगको सम्बन्धमा अन्तर्राष्ट्रिय सहयोग र समन्वयलाई थप बढाउन आवश्यकता रहेको, पक्षहरूको सम्मेलनले माथिको उपधारा १ र २ को अधीनमा रही, उपयुक्त भएमा, सान्दर्भिक कानूनी व्यवस्थाहरू र कार्यढाँचाहरू वा सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय वा क्षेत्रगत निकायहरूद्वारा

अपनाइएका सामुद्रिक संरक्षित क्षेत्रहरू सहित अवस्थित क्षेत्र-आधारित व्यवस्थापन उपकरणहरू सम्बन्धी संयन्त्र विकास गर्नका लागि निर्णय गर्न सक्दछ।

५. यस भाग बमोजिम पक्षहरूको सम्मेलनद्वारा ग्रहण गरिएका निर्णय र सिफारिसहरूले राष्ट्रिय क्षेत्राधिकार भित्रका क्षेत्रहरूको सम्बन्धमा अपनाइएका व्यवस्थाहरूको प्रभावकारितालाई कमजोर पार्ने छैनन् र महासन्धि बमोजिम सबै राष्ट्रहरूको अधिकार र कर्तव्यहरूको उचित सम्मान गरिनेछ। यस भाग अन्तर्गत प्रस्तावित व्यवस्थाहरूले महासन्धि बमोजिम तटीय राष्ट्रले सार्वभौम अधिकार प्रयोग गर्ने समुद्रमुनिको क्षेत्रहरूको सामुद्रिक सतह र भूमि माथिको पानीलाई असर गर्छ वा उचित रुपमा असर गर्ने अपेक्षा गर्न सकिन्छ भने, त्यस्ता उपायहरूले त्यस्ता तटीय राष्ट्रहरूको सार्वभौम अधिकारलाई उचित ध्यान दिनेछन्। यस भागको प्रावधानहरू बमोजिम त्यस उद्देश्यका लागि परामर्श गरिनेछ।

६. यस भाग अन्तर्गत स्थापित सामुद्रिक संरक्षित क्षेत्र सहितको क्षेत्र-आधारित व्यवस्थापन उपकरण, यस भाग अन्तर्गत स्थापित, पछि पूर्ण वा आंशिक रूपमा, तटीय राष्ट्रको राष्ट्रिय क्षेत्राधिकारभित्र पर्ने अवस्थामा, राष्ट्रिय क्षेत्राधिकार भित्रको भाग तुरुन्तै लागू हुने छैन। पक्षहरूको सम्मेलनले यसको अर्को वैठकमा आवश्यकता अनुसार सामुद्रिक संरक्षित क्षेत्र सहित क्षेत्र-आधारित व्यवस्थापन उपकरणलाई संशोधन गर्ने वा रद्द गर्ने कि नगर्ने भन्ने समीक्षा र निर्णय नगरेसम्म राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूमा बाँकी रहेको भाग लागू रहनेछ ।

७. सम्बन्धित कानूनी संरचना/व्यवस्था वा कार्यढाँचा वा सम्बन्धित विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय वा क्षेत्रगत निकायको स्थापना वा क्षमता संशोधन भएपछि, यस भाग अन्तर्गत पक्षहरूको सम्मेलनद्वारा अपनाइएका सामुद्रिक संरक्षित क्षेत्र वा सम्बन्धित उपायहरू सहित कुनैपनि क्षेत्र-आधारित व्यवस्थापन उपकरणलाई त्यस्तो उपकरण, कार्यढाँचा वा निकायको क्षमता भित्र पर्ने भएमा पूर्ण वा आंशिक रुपमा, पक्षहरूको सम्मेलनले उक्त उपकरण, कार्यढाँचा वा निकायसँग

घनिष्ट सहयोग र समन्वयमा, क्षेत्र-आधारित व्यवस्थापन उपकरण, सामुद्रिक संरक्षित क्षेत्र र सम्बन्धित व्यवस्थाहरू, उपयुक्त भएसम्म कायम राख्न, संशोधन गर्न वा रद्द गर्न समीक्षा र निर्णय नगरेसम्म लागू रहनेछ।

धारा २३

निर्णय-निर्माण

१. सामान्य नियमको रूपमा, यस भाग अन्तर्गतका निर्णय र सिफारिसहरू सहमतिबाट लिइनेछन्।

२. कुनै सहमति नभएमा यस भाग अन्तर्गत निर्णय र सिफारिसहरू उपस्थित र मतदान गर्ने पक्षहरूको तीन-चौथाई बहुमतले लिइनेछ, यसभन्दा पहिले पक्षहरूको सम्मेलनले उपस्थित पक्षहरूको दुई-तिहाई बहुमतले सहमति प्राप्त गर्ने सबै प्रयासहरू समाप्त भइ सकेको भनी मतदान गर्नेछन्।

३. यस भाग अन्तर्गत लिइएका निर्णयहरू पक्षहरूको सम्मेलनको बैठकपछि १२० दिनपछि लागू हुनेछन् र सबै पक्षहरूका लागि बाध्यकारी हुनेछन्।

४. माथि प्रकरण ३ मा उल्लेख गरिएको १२० दिनको अवधिमा, कुनै पनि पक्षले, सचिवालयलाई लिखित सूचना दिएर, यस भाग अन्तर्गत अपनाइएको निर्णयको सम्बन्धमा आपत्ति जनाउन सक्छ, र त्यो निर्णय त्यो पक्षलाई बाध्यकारी हुने छैन। सचिवालयलाई लिखित सूचना दिएर कुनैपनि समयमा निर्णयको आपत्ति फिर्ता लिन सकिन्छ र, त्यसपछि, आपत्ति फिर्ता लिइएको भनी सूचना दिएको मितिले ९० दिन पछि उक्त निर्णय त्यो पक्षको लागि बाध्यकारी हुनेछ।

५. माथिको प्रकरण ४ अन्तर्गत आपत्ति जनाउने पक्षले आपत्ति जनाउँदा सचिवालयलाई लिखित रूपमा आफ्नो आपत्तिको आधारको स्पष्टीकरण प्रदान गर्नेछ, जुन निम्न मध्ये एक वा बढी आधारमा आधारित हुनेछः

(क)यो निर्णय यस सम्झौता वा महासन्धि अनुसार आपत्ति गर्ने पक्षको अधिकार र कर्तव्यहरूसँग असंगत छ;

(ख)निर्णयले आपत्ति जनाउने पक्ष विरुद्ध स्वरूप वा वास्तवमा अनुचित रूपमा भेदभाव गर्दछ;

(ग) सबै उचित प्रयासहरू गरे पनि, पक्षले आपत्तिको समयमा निर्णयको व्यवहारिक रूपमा पालना गर्न सक्दैन।

६. माथिको प्रकरण ४ अन्तर्गत आपत्ति जनाउने पक्षले, सम्भव भएसम्म वैकल्पिक उपायहरू वा दृष्टिकोणहरू अपनाउनेछ जुन आफूले आपत्ति जनाएको निर्णयसँग बराबर हुनेछ र महासन्धि अनुसार आपत्ति जनाउने पक्षको अधिकार र कर्तव्यहरूको प्रयोगको लागि त्यस्ता उपायहरू वा कार्यहरू आवश्यक नभएसम्म आफूले आपत्ति जनाएको निर्णयको प्रभावकारितालाई कमजोर पार्ने उपायहरू अपनाउने वा कार्यहरू गर्ने छैन।

७. माथिको प्रकरण ४ अन्तर्गतको सूचनापछि, र त्यसपछि आवधिक रूपमा, माथिको प्रकरण ६ को कार्यान्वयनको बारेमा, धारा २६ अन्तर्गतको अनुगमन र समीक्षालाई सूचित गर्न, आपत्ति गर्ने पक्षले सम्मेलनको अर्को साधारण बैठकमा सूचित गर्नेछ।

८. माथिको प्रकरण ४ अनुसार गरिएको निर्णयको विरोधमा आपत्ति जनाउने पक्षले निर्णय लागू भएको प्रत्येक तीन वर्षमा सचिवालयलाई लिखित सूचना दिएर आवश्यक ठानेमा मात्र नवीकरण गर्न सकिन्छ। यस्तो लिखित सूचनामा यसको प्रारम्भिक आपत्तिको आधारको व्याख्या समावेश हुनुपर्छ।

९. माथि प्रकरण ८ बमोजिम नवीकरणको कुनै सूचना प्राप्त भएन भने, आपत्ति स्वतः फिर्ता लिइएको मानिनेछ र त्यसपछि, आपत्ति स्वतः फिर्ता लिएको १२० दिनपछि उक्त निर्णय त्यो पक्षको लागि बाध्यकारी हुनेछ। सचिवालयले आपत्ति स्वतः फिर्ता लिइने मितिभन्दा ६० दिन अगावै पक्षलाई सूचित गर्नेछ।

१०. यस भाग अन्तर्गत पारित पक्षहरूको सम्मेलनका निर्णयहरू, र ती निर्णयहरूमाथिका आपत्तिहरू, सचिवालयद्वारा सार्वजनिक रूपमा उपलब्ध गराइनेछ र सबै राष्ट्रहरू तथा सम्बन्धित कानूनी व्यवस्थाहरू तथा कार्यढाँचाहरू एवं सम्बन्धित विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरूमा प्रसारित गरिनेछ।

धारा २४

आपतकालीन व्यवस्थाहरू

१. कुनै प्राकृतिक घटना वा मानव सिर्जित प्रकोपले राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधतामा गम्भीर वा अपरिवर्तनीय क्षति पुऱ्याएकोमा वा पुऱ्याउने सम्भावना सम्भावना भएको वा गम्भीर वा अपरिवर्तनीय क्षति बढेको छैन भनी सुनिश्चित गरी पक्षहरूको सम्मेलनले राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूमा आवश्यक भएमा व्यवस्थाहरू अपनाउने निर्णय गर्नेछ र ती व्यवस्था आपत्कालीन आधारमा लागू गरिनेछ।

२. यस धारा अन्तर्गत अपनाइएका व्यवस्थाहरू सान्दर्भिक कानूनी व्यवस्थाहरू वा कार्यढाँचा वा सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय वा क्षेत्रगत निकायहरूसँग परामर्श पछि यस सम्झौताका अन्य धाराहरूको प्रयोगमार्फत वा सान्दर्भिक कानूनी व्यवस्थाहरू वा कार्यढाँचा वा सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय वा क्षेत्रगत निकायद्वारा गम्भीर वा अपरिवर्तनीय क्षतिलाई समयमै व्यवस्थापन गर्न सकिने छैन भनी आंकलन गरिएमा मात्र आवश्यक मानिनेछन्।

३. आपत्कालीन आधारमा अपनाइएका व्यवस्थाहरू उपलब्ध सर्वोत्तम विज्ञान र वैज्ञानिक जानकारी र उपलब्ध भएसम्म आदिबासी जनजाति र स्थानीय समुदायहरूको सान्दर्भिक परम्परागत ज्ञानमा आधारित हुनेछन् र सावधानी अपनाउने दृष्टिकोणलाई ध्यानमा राख्नेछन्। यस्ता व्यवस्थाहरू

पक्षहरूद्वारा प्रस्तावित वा वैज्ञानिक तथा प्राविधिक निकायद्वारा सिफारिस गर्न सकिन्छ र अन्तरसत्र रूपमा अपनाउन सकिन्छ। व्यवस्थाहरू अस्थायी हुनेछन् र पक्षहरूको सम्मेलनको अर्को बैठकमा निर्णयको लागि पुनर्विचार गरिनेछ।

४. व्यवस्थाहरू लागू भएको दुई वर्षपछि समाप्त हुनेछन् वा यस भाग अनुसार सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन उपकरणहरू र स्थापित सम्बन्धित व्यवस्थाहरूद्वारा प्रतिस्थापन गरिएपछि पक्षहरूको सम्मेलनद्वारा पहिले नै वा सान्दर्भिक कानूनी व्यवस्था वा कार्यढाँचा वा सम्बन्धित विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय वा क्षेत्रगत निकायद्वारा अपनाइएका व्यवस्थाहरू वा पक्षहरूको सम्मेलनको निर्णयद्वारा व्यवस्था आवश्यक पर्ने परिस्थितिहरू अन्त्य भएकोमा समाप्त गरिनेछ ।

५. परामर्श प्रक्रियाहरू सहित आपत्कालीन व्यवस्थाहरू स्थापना गर्ने प्रक्रियाहरू र मार्गदर्शनहरू, वैज्ञानिक तथा प्राविधिक निकायले आवश्यकता अनुसार पक्षहरूको सम्मेलनद्वारा यथाशीघ्र विचार र ग्रहण गर्नको लागि विस्तृत रुपमा तयार पार्नेछ। यस्ता प्रक्रियाहरू समावेशी र पारदर्शी हुनेछन्।

धारा २५

कार्यान्वयन

१. पक्षहरूले राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूमा हुने आफ्नो क्षेत्राधिकार वा नियन्त्रण अन्तर्गतका गतिविधिहरू यस भाग अन्तर्गत अपनाइएका निर्णयहरू अनुरूप सञ्चालन हुने कुरा सुनिश्चित गर्नेछन्।

२. यस सम्झौतामा भएको कुनै पनि कुराले कुनै पनि पक्षलाई अन्तर्राष्ट्रिय कानून बमोजिम र सम्झौताको उद्देश्यहरूको समर्थनमा यस भाग अन्तर्गत अपनाइएका बाहेक आफ्ना नागरिकहरू

र जहाजहरू वा आफ्नो क्षेत्राधिकार वा नियन्त्रण अन्तर्गतका गतिविधिहरूको सम्बन्धमा थप कडा व्यवस्थाहरू अपनाउनबाट रोकिने छैन।

३. यस भाग अन्तर्गत अपनाइएका व्यवस्थाहरूको कार्यान्वयनले साना टापु विकासशील राष्ट्रहरू वा अतिकम विकसित देशहरू भएका पक्षहरूमाथि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असमान भार लाद्नु हुँदैन।

४. पक्षहरूले उपयुक्त भएसम्म, यस भाग अन्तर्गत पक्षहरूको सम्मेलनद्वारा गरिएका निर्णयहरू र सिफारिसहरूको कार्यान्वयनलाई समर्थन गर्न सम्बन्धित कानूनी कार्यढाँचाहरू र सम्बन्धित विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरूभित्र व्यवस्थाहरू अवलम्बन, प्रवर्द्धन गर्नेछन्।

५. पक्षहरूले यस सम्झौताको पक्ष बन्न योग्य राष्ट्रहरूलाई, विशेषगरी जहाजहरू वा नागरिकहरू सामुद्रिक संरक्षित क्षेत्र सहित स्थापित क्षेत्र-आधारित व्यवस्थापन व्यवस्थाको विषय भएको क्षेत्रमा आफ्ना गतिविधिहरू सञ्चालन गर्न, यस भाग अन्तर्गत स्थापित सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन व्यवस्थाहरूमा पक्षहरूको सम्मेलनको निर्णय र सिफारिसहरूलाई समर्थन गर्ने व्यवस्थाहरू अपनाउन प्रोत्साहित गर्नेछन्।

६. सम्बन्धित कानूनी व्यवस्था वा कार्यढाँचाको पक्ष वा सहभागी नभएकोकुनै पक्ष वा सम्बन्धित विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय वा क्षेत्रगत निकायको सदस्य नभएको, र त्यस्ता व्यवस्था र कार्यढाँचा अन्तर्गत र त्यस्ता निकायहरूद्वारा स्थापित व्यवस्थाहरू लागू गर्न अन्यथा सहमत नभएकोमा मात्र त्यस्तो पक्ष महासन्धि र यस सम्झौता अनुसार राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगमा सहयोग गर्ने दायित्वबाट मुक्त हुने छैन।

धारा २६

अनुगमन तथा पुनरावलोकन

१. पक्षहरूले व्यक्तिगत वा सामूहिक रूपमा, यस भाग अन्तर्गत स्थापित सामुद्रिक संरक्षित क्षेत्रहरू र सम्बन्धित व्यवस्था सहित क्षेत्र-आधारित व्यवस्थापन उपकरणहरूको कार्यान्वयनको बारेमा पक्षहरूको सम्मेलनलाई जानकारी गर्नु पर्नेछ। त्यस्ता जानकारीहरू, साथै तल प्रकण २ र ३ मा उल्लेख गरिएका जानकारी र समीक्षा क्रमशः सचिवालयद्वारा सार्वजनिक रूपमा उपलब्ध गराउनेछ।

२. यस भाग अन्तर्गत स्थापित सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन व्यवस्थाहरूको उद्देश्यहरू प्राप्त गर्न उनीहरूले अवलम्बन गरेका व्यवस्थाहरूको कार्यान्वयनको बारेमा पक्षहरूको सम्मेलनलाई जानकारी प्रदान गर्न सम्बन्धित कानूनी उपकरणहरू र कार्यढाँचाहरू र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरूलाई आमन्त्रित गरिनेछ।

३. यस भाग अन्तर्गत स्थापित सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन औजारहरू, सम्बन्धित व्यवस्थाहरू सहित, माथि प्रकरण १ र २ मा उल्लेख गरिएका प्रतिवेदनहरू र जानकारीलाई ध्यानमा राख्दै, वैज्ञानिक र प्राविधिक निकाय, सम्बन्धित व्यवस्थाहरू सहित, माथि प्रकरण १ र २ मा उल्लेख गरिएका प्रतिवेदनहरू र जानकारीलाई ध्यानमा राख्दै, वैज्ञानिक र प्राविधिक निकायद्वारा अनुगमन र आवधिक रूपमा समीक्षा गरिनेछ।

४. माथि प्रकरण ३ मा उल्लेख गरिएको समीक्षामा, यस भाग अन्तर्गत स्थापित वैज्ञानिक तथा प्राविधिक निकायले सम्बन्धित व्यवस्थाहरू र तिनीहरूको उद्देश्यहरू प्राप्त गर्न भएको प्रगति सहित सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन उपकरणहरूको प्रभावकारिताको मूल्याङ्कन गर्नेछ र पक्षहरूको सम्मेलनलाई सल्लाह र सिफारिसहरु प्रदान गर्नेछ।

५. समीक्षापछि, पक्षहरूको सम्मेलनले आवश्यकता अनुसार, सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन उपकरणहरूको संशोधन, विस्तार वा खारेजी र सावधानी अपनाउने दृष्टिकोण र पारिस्थितिक प्रणालीको दृष्टिकोणलाई ध्यानमा राख्दै उपलब्ध उत्तम विज्ञान तथा वैज्ञानिक जानकारी र उपलब्ध भएसम्म आदिबासी जनजातिहरू र स्थानीय समुदायहरूको सान्दर्भिक परम्परागत ज्ञानको आधारमा पक्षहरूको सम्मेलनद्वारा अपनाइएका कुनै पनि सम्बन्धित व्यवस्थाहरू निर्णय वा सिफारिसहरू गर्नेछ।

भाग ४

पर्यावरणीय प्रभाव मूल्याङ्कन

धारा २७

उद्देश्यहरू

यस भागका उद्देश्यहरू यस प्रकार छन्:-

(क) पक्षहरूद्वारा मूल्याङ्कन सञ्चालन तथा रिपोर्टिङ गर्ने सम्बन्धी प्रक्रिया, सीमा र अन्य आवश्यकताहरू स्थापना गरेर राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको लागि वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी महासन्धिका प्रावधानहरूलाई कार्यान्वयन गर्ने;

(ख) यस भागले समेटेका गतिविधिहरू सामुद्रिक वातावरणको सुरक्षा र संरक्षण गर्ने उद्देश्यले महत्वपूर्ण प्रतिकूल प्रभावहरूलाई रोक्न, न्यूनीकरण गर्न र व्यवस्थापन गर्न मूल्याङ्कन र सञ्चालन गरिएको सुनिश्चित गर्ने;

(ग) राष्ट्रिय क्षेत्राधिकार भित्रका क्षेत्रहरूमा एकीकृत प्रभावहरू र प्रभावहरूको विचारलाई समर्थन गर्ने;

(घ) रणनीतिक वातावरणीय मूल्याङ्कनको व्यवस्था गर्ने;

(ङ) राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूमा गतिविधिहरूको लागि एक सुसंगत वातावरणीय प्रभाव मूल्याङ्कन कार्यढाँचा प्राप्त गर्ने;

(च) यस सम्झौताको उद्देश्यहरूको समर्थनमा वातावरणीय प्रभाव मूल्याङ्कनहरू तयार, सञ्चालन तथा मूल्याङ्कन गर्न पक्षहरूले विशेष गरी विकासशील राष्ट्रहरू पक्षहरू, विशेष गरी कम विकसित राष्टरहरू, भूपरिवेष्ठित विकासशील राष्ट्रहरू, भौगोलिक रूपमा विपन्न राष्ट्रहरू, साना टापु विकासशील राष्ट्रहरू, तटीय अफ्रिकी राष्ट्रहरू, द्विपसमूह राष्ट्रहरू र विकासशील मध्यम-आय भएका राष्ट्रहरूको क्षमता निर्माण र सुदृढीकरण गर्ने।

धारा २८

वातावरण प्रभाव मूल्याङ्कन गर्ने दायित्व

१. पक्षहरूले राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूमा हुने आफ्नो क्षेत्राधिकार वा नियन्त्रण अन्तर्गतका योजनाबद्ध गतिविधिहरूको सामुद्रिक वातावरणमा पर्ने सम्भावित प्रभावहरूको मूल्याङ्कन यस भागमा उल्लेख गरिए अनुसार प्रमाणित गर्नु पूर्व सुनिश्चित गर्नेछन्।

२. राष्ट्रिय क्षेत्राधिकार भित्रका सामुद्रिक क्षेत्रहरूमा सञ्चालन गरिने योजनावद्ध गतिविधिमाथि क्षेत्राधिकार वा नियन्त्रण भएको पक्षले राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूमा उक्त गतिविधिले ठूलो प्रदुषण वा सामुद्रिक वातावरणमा महत्वपूर्ण र हानिकारक परिवर्तन ल्याउन सक्छ भनी निर्धारण गर्दा, त्यो पक्षले यस भाग अनुसार त्यस्तो गतिविधिको वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको वा पक्षको राष्ट्रिय प्रक्रिया अन्तर्गत वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको सुनिश्चित गर्नेछ। आफ्नो राष्ट्रिय प्रक्रिया अन्तर्गत यस्तो मूल्याङ्कन गर्ने पक्षलेः

(क) राष्ट्रिय प्रक्रियाको क्रममा समयमै, क्लियरिङ्ग-हाउस संयन्त्रमार्फत सान्दर्भिक जानकारी उपलब्ध गराउने;

(ख) गतिविधिहरूलाई राष्ट्रिय प्रक्रियाको आवश्यकताहरूसँग सामञ्जस्य हुने तरिकाले अनुगमन गरिएको सुनिश्चित गर्ने;

(ग) यस सम्झौतामा उल्लेख गरिए अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरू र अन्य सान्दर्भिक अनुगमन प्रतिवेदनहरू क्लियरिङ्ग-हाउस संयन्त्रमार्फत उपलब्ध गराइएको सुनिश्चित गर्ने;

३. माथि प्रकरण २ (क) मा उल्लेख गरिएको जानकारी प्राप्त गरेपछि, वैज्ञानिक र प्राविधिक निकायले योजनाबद्ध गतिविधिमाथि क्षेत्राधिकार वा नियन्त्रण भएको पक्षलाई टिप्पणीहरू प्रदान गर्न सक्नेछ।

धारा २९

यस सम्झौता र वातावरणीय प्रभाव मूल्याङ्कन सान्दर्भिक कानूनी व्यवस्था तथा कार्यढाँचा र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रीय निकाय अन्तर्गत मूल्याङ्कन प्रक्रियाहरू बीचको सम्बन्ध

१. सान्दर्भिक कानूनी व्यवस्थाहरू र कार्यढाँचाहरू र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरूका सदस्यमा पक्षहरूले वातावरणीय प्रभाव मूल्याङ्कनको प्रयोग र धारा ३८ अन्तर्गत विकसित मापदण्ड र/वा मार्गदर्शनहरू अपनाउने र कार्यान्वयनलाई प्रवर्द्धन गर्नेछन्।

२. पक्षहरूको सम्मेलनले यस भाग अन्तर्गत वैज्ञानिक तथा प्राविधिक निकायलाई राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूमा गतिविधिहरू नियमन गर्ने वा सामुद्रिक वातावरणको संरक्षण गर्ने सान्दर्भिक कानूनी व्यवस्थाहरू र कार्यढाँचाहरू र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरूसँग सहकार्य गर्न संयन्त्रहरू विकास गर्नेछ।

३. धारा ३८ अन्तर्गत यस सम्झौताका पक्षहरूद्वारा राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूमा गतिविधिहरूको वातावरणीय प्रभाव मूल्याङ्कन सञ्चालनको लागि मापदण्ड वा दिशानिर्देशहरू विकास वा अद्यावधिक गर्दा वैज्ञानिक तथा प्राविधिक निकायले उपयुक्त भएमा, सान्दर्भिक कानूनी व्यवस्थाहरू तथा कार्यढाँचाहरू र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरूसँग सहकार्य गर्नेछन्।

४. राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूमा योजनाबद्ध गतिविधिको स्क्रिनिङ वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आवश्यक पर्दैन, तर योजनाबद्ध गतिविधिमाथि क्षेत्राधिकार वा नियन्त्रण भएको पक्षले निर्धारण गर्छः

(क) योजनावद्ध गतिविधि वा गतिविधिको श्रेणीको सम्भावित प्रभावहरू अन्य सान्दर्भिक कानूनी व्यवस्थाहरू वा कार्यढाँचाहरूको आवश्यकताहरू बमोजिम वा सम्बन्धित विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय वा क्षेत्रगत निकायहरूद्वारा मूल्याङ्कन गरिएको छ वा छैन;

(ख) त्योः

(१) योजनावद्ध गतिविधिको लागि पहिले नै गरिएको मूल्याङ्कन यस भाग अन्तर्गत आवश्यक पर्ने अनुरुप छ र मूल्याङ्कनको नतिजालाई ध्यानमा राखिएको छ; वा

(२) मूल्याङ्कनबाट उत्पन्न हुने सान्दर्भिक कानूनी व्यवस्था वा कार्यढाँचा वा सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय वा क्षेत्रगत निकायहरूको नियमन वा मापदण्डहरू यस भाग अन्तर्गत वातावरणीय प्रभाव मूल्याङ्कनको लागि सीमाभन्दा कम सम्भावित प्रभावहरूलाई रोक्न, न्यूनीकरण गर्न वा व्यवस्थापन गर्न डिजाइन गरिएको थियो, र तिनीहरूको पालना गरिएको छ

५. राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूमा योजनावद्ध गतिविधिको लागि वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धित कानूनी व्यवस्था वा कार्यढाँचा वा सम्बन्धित विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय वा क्षेत्रगत निकाय अन्तर्गत सञ्चालन गरिएको बेला, सम्बन्धित पक्षले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन क्लियरिङ्ग-हाउस संयन्त्रमार्फत प्रकाशित भएको सुनिश्चित गर्नेछ।

६. माथि प्रकरण ४ (ख) (१) मा उल्लिखित मापदण्डहरू पूरा गर्ने योजनावद्ध गतिविधिहरू सान्दर्भिक कानूनी व्यवस्था वा कार्यढाँचा अन्तर्गत अनुगमन र समीक्षाको विषय नभएसम्म वा सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय वा क्षेत्रगत निकाय, पक्षहरूले गतिविधिहरूको अनुगमन र समीक्षा गर्नेछन् र क्लियरिङ्ग-हाउस संयन्त्रमार्फत अनुगमन र समीक्षा प्रतिवेदनहरू प्रकाशित भएको सुनिश्चित गर्नेछन्।

धारा ३०

वातावरणीय प्रभाव मूल्याङ्कन सञ्चालन गर्ने सीमा र कारकहरू

१. जब कुनै योजनावद्ध गतिविधिले सामुद्रिक वातावरनमा सानो वा क्षणिकभन्दा बढी प्रभाव पार्न सक्ने वा गतिविधिको प्रभाव अज्ञात वा थोरै बुझिएको विषयमा गतिविधिको क्षेत्राधिकार वा नियन्त्रण भएको पक्षले तलको प्रकरण २ मा उल्लेख गरिएका कारकहरू प्रयोग गरेर धारा ३१ अन्तर्गत गतिविधिको जाँच गर्नु पर्नेछ, रः

(क) योजनावद्ध गतिविधिले सामुद्रिक वातावरणमा उल्लेखनीय प्रदुषण वा महत्वपूर्ण र हानिकारक परिवर्तनहरू निम्त्याउन सक्छ भन्ने विश्वास गर्ने उचित आधार छ किन छैन भनेर मूल्याङ्कन गर्न पक्षलाई पर्याप्त रूपमा स्क्रिनिङ गर्नुपर्नेछ र यसमा यसमा समावेश गर्नु पर्नेछः

(१) योजनावद्ध गतिविधिको उद्देश्य, स्थान, अवधि र तीव्रता सहित विवरण; र

(२) सञ्चित प्रभावहरूको विचार सहित सम्भावित प्रभावहरूको प्रारम्भिक विश्लेषण तथा उपयुक्त भएमा, योजनावद्ध गतिविधिको विकल्पहरू समावेश गरिनेछ;

(ख) छानविनको आधारमा यस्ता गतिविधिले सामुद्रिक वातावरणमा उल्लेखनीय प्रदूषण वा महत्वपूर्ण र हानिकारक परिवर्तनहरू निम्त्याउन सक्छ भन्ने निर्धारण गरिएको भन्ने पक्षसँग विश्वास गर्ने उचित आधार भएकोमा यस भागको प्रावधनाहरू अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

२. आफ्नो क्षेत्राधिकार वा नियन्त्रणअन्तर्गत योजनावद्ध गतिविधिहरूले माथिको प्रकरण १ मा तोकिएको सीमा पूरा गर्छन् कि गर्दैनन् भनेर निर्धारण गर्दा, पक्षहरूले निम्न गैर- विस्तृत कारकहरूलाई विचार गर्नु पर्नेछः

(क) गतिविधिको लागि प्रयोग गरिएको प्रकार र प्रविधि र यो सञ्चालन गर्ने तरिका;

(ख) गतिविधिको अवधि;

(ग) गतिविधिको स्थान;

(घ) स्थानको विशेषताहरू र पारिस्थितिक प्रणाली (विशेष पारिस्थितिक वा जैविक महत्व वा जोखिमका क्षेत्रहरू सहित)

(ङ) गतिविधिको सम्भावित प्रभावहरू, सम्भावित सञ्चित प्रभावहरू र राष्ट्रिय क्षेत्राधिकार भित्रका क्षेत्रहरूमा सम्भावित प्रभावहरू सहित;

(च) गतिविधिको प्रभाव कति हदसम्म अज्ञात छ वा थोरै बुझिएको छ;

(छ) अन्य सान्दर्भिक पारिस्थितिक वा जैविक मादण्डहरू।

धारा ३१

वातावरणीय प्रभाव मूल्याङ्कनका लागि प्रक्रिया

१. पक्षहरूले यस भाग बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने प्रक्रियामा निम्न चरणहरू समावेश भएको सुनिश्चित गर्नु पर्दछः-

(क)छानबिन (स्क्रिनिङ्ग)। पक्षहरूले धारा ३० बमोजिम आफ्नो क्षेत्राधिकार वा नियन्त्रण अन्तर्गत योजनावद्ध गतिविधिको सम्बन्धमा वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक छ कि छैन भनेर छानविन गरी समयमै निर्धारण गर्नेछन् र यसको निर्धारण सार्वजनिक रूपमा उपलब्ध गराउनेछन्ः-

(१) यदि कुनै पक्षले आफ्नो क्षेत्राधिकार वा नियन्त्रण अन्तर्गत योजनावद्ध गतिविधिको लागि वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक छैन भनी निर्धारण गर्छ भने, उसले धारा ३० को प्रकरण १(क) अन्तर्गतको सान्दर्भिक जानकारी यस सम्झौता अन्तर्गत क्लयरिङ्ग-हाउस संयन्त्रमार्फत सार्वजनिक रूपमा उपलब्ध गराउनु पर्नेछ;

(२) कुनै पक्षले उपलब्ध सर्वोत्तम विज्ञान र वैज्ञानिक जानकारी र उपलब्ध भएसम्म आदिबासी जनजाति र स्थानीय समुदायहरूको सान्दर्भिक परम्परागत ज्ञानको आधारमा माथिको खण्ड (क) को उपखण्ड (१) अनुसार निर्धारण गरिएको योजनावद्ध

गतिविधिको सम्भावित प्रभावहरूको बारेमा आफ्नो विचारहरू प्रकाशन भएको ४० दिनभित्र निर्धारण गर्ने पक्ष र वैज्ञानिक तथा प्राविधिक निकायमा दर्ता गर्न सक्छ;

(३) यदी आफ्नो विचार दर्ता गर्ने पक्षले निर्णय गरिएको योजनाबद्ध गतिविधिको सम्भावित प्रभावहरूमा चिन्ता व्यक्त गरेको छ भने, त्यो निर्णय गर्ने पक्षले त्यस्ता चिन्ताहरूलाई विचार गर्नेछ र आफ्नो निर्णयको समीक्षा गर्न सक्नेछ;

(४) माथिको खण्ड (क) को उपखण्ड (२) अन्तर्गत कुनै पक्षले दर्ता गरेका सरोकारहरूको विचार गरेपछि, वैज्ञानिक तथा प्राविधिक निकायले उपलब्ध विज्ञान तथा वैज्ञानिक जानकारी र उपलब्ध भएसम्म, आदिबासी जनजाति र स्थानीय समुदायको सान्दर्भिक परम्परागत ज्ञानको आधारमा योजनाबद्ध गतिविधिको सम्भावित प्रभावहरूको विचार गर्नु पर्नेछ र मूल्याङ्कन गर्न सक्नेछ र उपयुक्त भएमा, दर्ता गरिएका सरोकारहरूको जवाफ दिने अवसर दिएपछि र त्यस्तो प्रतिक्रियालाई ध्यानमा राखेर निर्णय गर्ने पक्षलाई सिफारिस गर्न सक्नेछ;

(५) माथिको खण्ड (क) को उपखण्ड (१) अन्तर्गत निर्णय गर्ने पक्षले वैज्ञानिक तथा प्राविधिक निकायको कुनै पनि सिफारिसलाई विचार गर्नु पर्नेछ;

(६) क्लियरिङ-हाउस संयन्त्रमार्फत समेत वैज्ञानिक तथा प्राविधिक निकायको धारणा र सिफारिसहरूको दर्ता सार्वजनिक रूपमा उपलब्ध गराइनेछ;

(ख) क्षेत्र निर्धारण । पक्षहरूले मुख्य वातावरणीय र कुनै पनि सम्बद्ध प्रभावहरू, जस्तै आर्थिक, सामाजिक, सांस्कृतिक र मानव स्वास्थ्य प्रभावहरू जसमा राष्ट्रिय क्षेत्राधिकार भित्रका क्षेत्रहरूमा सम्भावित सञ्चित प्रभावहरू र प्रभावहरू, साथै यस भाग अन्तर्गत सञ्चालन गरिने वातावरणीय प्रभाव मूल्याङ्कनमा समावेश गरिने योजनाबद्ध गतिविधिको विकल्पहरू कुनै छन् भने पहिचान गरिएको सुनिश्चित गर्नु पर्नेछ। उत्तम उपलब्ध विज्ञान र वैज्ञानिक

जानकारी र, उपलब्ध भएसम्म, आदिबासी जनजाति र स्थानीय समुदायहरूको सान्दर्भिक परम्परागत ज्ञान प्रयोग गरेर दायरा परिभाषित गरिनेछ;

(ग) प्रभाव सर्वेक्षण र मूल्याङ्कन । पक्षहरूले राष्ट्रिय क्षेत्राधिकार भित्रका क्षेत्रहरूमा सञ्चित प्रभाव र प्रभावहरू सहित योजनावद्ध गतिविधिहरूको प्रभावहरूको सर्वेक्षण तथा मूल्याङ्कन उपलब्ध उत्तम विज्ञान र वैज्ञानिक जानकारी र उपलब्ध भएसम्म आदिबासी जनजातिहरू तथा स्थानीय समुदायहरूको सान्दर्भिक परम्परागत ज्ञान प्रयोग गरिएको सुनिश्चित गर्नु पर्नेछ;

(घ) सम्भावित प्रतिकूल प्रभावहरूको रोकथाम, न्यूनीकरण र व्यवस्थापन। पक्षहरूले सुनिश्चित गर्नु पर्नेछ कि:

(१) उनीहरूको क्षेत्राधिकार वा नियन्त्रण अन्तर्गत योजनावद्ध गतिविधिहरूको सम्भावित प्रतिकूल प्रभावहरूलाई रोक्न, न्यूनीकरण गर्न र व्यवस्थापन गर्न तथा महत्वपूर्ण प्रभावहरूबाट टाढा रहनका लागि व्यवस्थाहरू पहिचान र विश्लेषण गरिनेछन्। त्यस्ता व्यवस्थाहरूमा उनीहरूको क्षेत्राधिकार वा नियन्त्रण अन्तर्गत योजनावद्ध गतिविधिको विकल्पहरूको विचार समावेश गर्न सकिनेछ;

(२) उपयुक्त भएमा, यी व्यवस्थाहरूलाई वातावरणीय व्यवस्थापन योजनामा समावेश गरिन्छ;

(ङ) पक्षहरूले धारा ३२ बमोजिम सार्वजनिक सूचना र परामर्श सुनिश्चित गर्नु पर्नेछ;

(च) पक्षहरूले धारा ३३ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको तयारी र प्रकाशन सुनिश्चित गर्नु पर्नेछ।

२. पक्षहरूले विशेष गरी साना टापु विकासशील राष्ट्रहरूको क्षेत्राधिकार वा नियन्त्रण अन्तर्गत योजनावद्ध गतिविधिहरूको लागि संयुक्त वातावरणीय प्रभाव मूल्याङ्कन गर्न सक्छन्।

३. वैज्ञानिक तथा प्राविधिक निकायअन्तर्गत विज्ञहरूको सूची तयार गरिनेछ। क्षमता सीमितता भएका पक्षहरूले आफ्नो क्षेत्राधिकार वा नियन्त्रणअन्तर्गत योजनावद्ध गतिविधिको लागि स्क्रिनिङ र वातावरणीय प्रभाव मूल्याङ्कन सञ्चालन गर्न र मूल्याङ्कन गर्न ती विज्ञहरूबाट सल्लाह र सहयोगको लागि अनुरोध गर्न सक्छन्। विज्ञहरूलाई उही गतिविधिको वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियाको अर्को भागको लागि नियुक्त गर्न सकिँदैन। सल्लाह र सहयोगको लागि अनुरोध गर्ने पक्षले त्यस्ता वातावरणीय प्रभाव मूल्याङ्कनहरू समीक्षा र निर्णय लिने कार्यको लागि पेश गरिएको सुनिश्चित गर्नु पर्नेछ।

धारा ३२

सार्वजनिक सूचना र परामर्श

१. पक्षहरूले क्लियरिङ-हाउस संयन्त्रमार्फत तथा सचिवालयमार्फत समेत योजनावद्ध गतिविधिको समयमै सार्वजनिक सूचना प्रकाशन सुनिश्चित गरी सबै राष्ट्रहरू विशेषगरी छेउछाउका तटीय राष्ट्रहरू र गतिविधिसँग जोडिएका अन्य कुनै पनि राष्ट्रहरू जब तिनीहरू सम्भावित रूपमा सबैभन्दा बढी प्रभावित राष्ट्रहरू र वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियामा सरोकारवालाको सहभागिताको लागि सम्भव भएसम्म योजनावद्ध र प्रभावकारी समयवद्ध अवसरहरू समावेश गर्नु पर्नेछ। गतिविधिहरूलाई प्रमाणित गर्ने कि न गर्ने निर्णय हुनु पूर्व टिप्पणीहरू पेश गर्ने मार्फत समेत सहभागिताको लागि सूचना र अवसरहरू उपयुक्त भएसम्म वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रिया धारा ३१ खण्ड १ उपखण्ड (ख) अन्तर्गत वातावरणीय प्रभाव मूल्याङ्कनको दायरा पहिचान गर्दा र धारा ३३ अन्तर्गत मस्यौदा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ।

२. सम्भावित रूपमा सबैभन्दा बढी प्रभावित राष्ट्रहरू योजनावद्ध गतिविधिको प्रकृति र सामुद्रिक वातावरणमा सम्भावित प्रभावहरूलाई ध्यानमा राखेर निर्धारण गरिनेछ र समावेश हुनेछन्:

(क)प्राकृतिक स्रोतहरू अन्वेषण, शोषण, संरक्षण वा व्यवस्थापन गर्ने उद्देश्यले सार्वभौम अधिकारको प्रयोग गर्ने तटीय राष्ट्रहरू गतिविधिबाट प्रभावित भएको मानिन सक्छ;

(ख)आर्थिक गतिविधिहरू सहित मानवीय गतिविधिहरू कार्यान्वयन गर्ने राष्ट्रहरूले योजनावद्ध गतिविधिको क्षेत्रमा जुन प्रभावित भएको उचित रूपमा विश्वास गर्न सकिन्छ;

३. यस प्रक्रियाका सरोकारवालाहरूमा आदिबासी जनजाति र सान्दर्भिक परम्परागत ज्ञान भएका स्थानीय समुदायहरू, सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरू, नागरिक समाज, वैज्ञानिक समुदाय र जनता समावेश हुनेछन्।

४. धारा ४८ को खण्ड (३) बमोजिम सार्वजनिक सूचना र परामर्श समावेशी तथा पारदर्शी हुनुपर्छ, समयमै सञ्चालन गरिनु पर्छ र साना टापु विकासशील राष्ट्रहरूलाई संलग्न गराउँदा लक्षित र सक्रिय हुनुपर्छ।

५. छेउछाउका तटीय राष्ट्रहरू र योजनावद्ध गतिविधिसँग सम्बन्धित अन्य कुनैपनि राष्ट्रहरू सहित जब तिनीहरू सम्भावित रूपमा सबैभन्दा बढी प्रभावित राष्ट्रहरू पर्छन् परामर्श प्रक्रियाको क्रममा प्राप्त भएका ठोस टिप्पणीहरू पक्षहरूले विचार गर्ने र प्रतिक्रिया दिने वा सम्बोधन गर्नु पर्नेछ। उपयुक्त भएसम्म पक्षहरूले राष्ट्रिय क्षेत्राधिकार भित्रका क्षेत्रहरूमा सम्भावित प्रभावहरू सम्बन्धी टिप्पणीहरूलाई विशेष ध्यान दिनु पर्ने, लिखित प्रतिक्रियाहरू प्रदान गर्नु पर्ने, विशेषगरी त्यस्ता टिप्पणीहरूलाई सम्बोधन गर्दै ती सम्भावित प्रभावहरूलाई संवोधन गर्न बनाइएका कुनै पनि अतिरिक्त व्यवस्थाहरूसँग सम्बन्धित रहेको छ। पक्षहरूले प्राप्त टिप्पणीहरू वा तिनीहरूलाई सम्बोधन गरिएको तरिकाको विवरण सार्वजनिक गर्नु पर्नेछ।

६. जहाँ कुनै योजनावद्ध गतिविधिले राष्ट्रहरूको विशेष आर्थिक क्षेत्रहरूले पूर्ण रूपमा घेरिएका उच्च समुद्रका क्षेत्रहरूलाई असर गर्छ, पक्षहरूलेः

(क)त्यस्ता वरपरका राष्ट्रहरूसँग पूर्व सूचना सहित लक्षित र सक्रिय परामर्शहरू सञ्चालन गर्ने;

(ख)योजनावद्ध गतिविधिमा वरपरका राष्ट्रहरूको धारणा र टिप्पणीहरूलाई विचार गर्ने र त्यस्ता विचार र टिप्पणीहरूलाई विशेष रूपमा सम्बोधन गर्दै लिखित प्रतिक्रियाहरू प्रदान गर्ने र योजनावद्ध गतिविधिलाई त्यसै अनुसार परिमार्जन गर्ने।

७. पक्षहरूले यस सम्झौताअन्तर्गत वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियासँग सम्बन्धित जानकारीमा पहुँच सुनिश्चित गर्नु पर्नेछ। तथापि, पक्षहरूलाई गोप्य वा स्वामित्वसम्बन्धी जानकारी खुलासा गर्न आवश्यक पर्ने छैन। गोप्य वा स्वामित्वसम्बन्धी जानकारी सम्पादन गरिएको तथ्य सार्वजनिक कागजातहरूमा संकेत गरिनेछ।

धारा ३३

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

१. पक्षहरूले यस भाग बमोजिम गरिएको कुनै पनि त्यस्तो मूल्याङ्कनको लागि वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्ने कुरा सुनिश्चित गर्नु पर्नेछ।

२. वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा कम्तीमा देहायका जानकारी समावेश हुनुपर्नेछः योजनावद्ध गतिविधिको विवरण, यसको स्थान सहित अनुमानित बुझाइ अभ्यासको नतिजाहरूको विवरण; प्रभावित हुन सक्ने सम्भावित सामुद्रिक वातावरणको आधारभूत मूल्याङ्कन; सम्भावित सञ्चित प्रभावहरू र राष्ट्रिय क्षेत्राधिकार भित्रका क्षेत्रहरूमा कुनै पनि प्रभावहरू सहित सम्भावित प्रभावहरूको विवरण; सम्भावित रोकथाम, न्यूनीकरण र व्यवस्थापन व्यवस्थाहरूको विवरण; अनिश्चितताहरू र ज्ञानमा खाडलहरूको विवरण; सार्वजनिक परामर्श प्रक्रियाको बारेमा जानकारी;

योजनावद्ध गतिविधिको उचित विकल्पहरूको विचारको विवरण; वातावरणीय व्यवस्थापन योजना सहित अनुगमन कार्यहरूको विवरण; र गैर-प्राविधिक सारांश।

३. वैज्ञानिक तथा प्राविधिक निकायलाई प्रतिवेदनमाथि विचार र मूल्याङ्कन गर्ने अवसर प्रदान गर्न, पक्षले सार्वजनिक परामर्श प्रक्रियाको क्रममा क्लियरिङ्ग-हाउस संयन्त्र मार्फत मस्यौदा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन उपलब्ध गराउनेछ।

४. वैज्ञानिक तथा प्राविधिक निकायले उपयुक्त भएमा र समयमै वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको मस्यौदामा पक्षलाई टिप्पणी गर्न सक्दछ। पक्षले वैज्ञानिक तथा प्राविधिक निकायले गरेको कुनै पनि टिप्पणीलाई विचार गर्नु पर्नेछ।

५. पक्षहरूले वातावरणीय प्रभाव मूल्याङ्कनका प्रतिवेदनहरू प्रकाशित गर्नु पर्नेछ, जसमा क्लियरिङ-हाउस संयन्त्रमार्फत समावेश हुनेछ। सचिवालयले सुनिश्चित गर्नु पर्नेछ कि सबै पक्षहरूलाई क्लियरिङ-हाउस संयन्त्र मार्फत प्रतिवेदनहरू प्रकाशित हुँदाको समयमै सूचित गरिएको छ।

६. असल अभ्यासहरूको पहिचान सहित दिशानिर्देशहरू विकास गर्नु पर्ने उद्देश्यले यस सम्झौता अन्तर्गत सान्दर्भिक अभ्यास, प्रक्रिया र ज्ञानको आधारमा, वैज्ञानिक तथा प्राविधिक निकायले अन्तिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरू विचार गर्नु पर्नेछ।

७. धारा ३० र ३१ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने वा नगर्ने भन्ने निर्णय गर्न स्क्रिनिङ प्रक्रियामा प्रयोग गरिएको प्रकाशित जानकारीको छनौटलाई वैज्ञानिक तथा प्राविधिक निकायले यस सम्झौताअन्तर्गत सान्दर्भिक अभ्यास, प्रक्रिया र ज्ञानको आधारमा असल अभ्यासहरूको पहिचान सहित दिशानिर्देशहरू विकास गर्ने उद्देश्यले विचार र समीक्षा गर्नेछ।

धारा ३४

निर्णय गर्ने

१. आफ्नो योजनावद्ध गतिविधि क्षेत्राधिकार वा नियन्त्रणमा पर्दछ, त्यो पक्षले यो अगाडि बढ्न सक्छ कि सक्दैन भनेर निर्धारण गर्ने जिम्मेवारी लिनु पर्नेछ।

२. यस भागअन्तर्गत योजनावद्ध गतिविधि अगाडि बढ्न सक्छ कि सक्दैन भनेर निर्धारण गर्दा, यस भाग अन्तर्गत गरिएको वातावरणीय प्रभाव मूल्याङ्कनको पूर्ण विवरण लिइनेछ। न्यूनीकरण वा व्यस्थापन व्यवस्थाहरूलाई ध्यानमा राख्दै, कुनै पक्षको क्षेत्राधिकार वा नियन्त्रण अन्तर्गत पक्षले सामुद्रिक वातावरणमा महत्वपूर्ण प्रतिकूल प्रभावहरूको रोकथामसँग मेल खाने तरिकाले गतिविधि सञ्चालन गर्न सकिन्छ भन्ने कुरा सुनिश्चित गर्न सबै उचित प्रयासहरू गरेको निर्धारण गरेर मात्र योजनावद्ध गतिविधिलाई प्रमाणित गर्ने निर्णय गरिनेछ।

३. निर्णय कागजातहरूले न्यूनीकरण व्यवस्थाहरू र अनुगमन आवश्यकताहरूसँग सम्बन्धित कुनै पनि स्वीकृतिको सर्तहरू स्पष्ट रुपमा चित्रित गर्नु पर्नेछ। क्लियरिङ-हाउसमार्फत पनि निर्णय कागजातहरू सार्वजनिक गरिनेछ।

४. कुनै पक्षको अनुरोधमा पक्षहरूको सम्मेलनले आफ्नो क्षेत्राधिकार अन्तर्गत योजनावद्ध गतिविधि वा नियन्त्रणमा अगाडि बढ्न सक्छ कि सक्दैन भनेर निर्धारण गर्दा त्यो पक्षलाई सल्लाह र सहायता प्रदान गर्न सक्नेछ।

धारा ३५

प्रमाणित गतिविधिहरूको प्रभावको अनुगमन

पक्षहरूले, उपलब्ध सर्वोत्तम विज्ञान तथा वैज्ञानिक जानकारी र उपलब्ध भएसम्म आदिबासी जनजाति र स्थानीय समुदायहरूको सान्दर्भिक परम्परागत ज्ञानको प्रयोग गरेर, राष्ट्रिय क्षेत्राधिकार भन्दा बाहिरका क्षेत्रहरूमा वा उनीहरू संलग्न हुने कुनै पनि गतिविधिहरूको प्रभावको निगरानी गर्ने छन् ताकि यी गतिविधिहरूले सामुद्रिक वातावरणमा प्रदूषित वा प्रतिकूल प्रभाव पार्ने सम्भावना छ कि छैन भनेर निर्धारण गर्न सकियोस्। विशेष गरी, प्रत्येक पक्षले

गतिविधिको स्वीकृतिमा तोकिएका सर्तहरू अनुसार आफ्नो अधिकार क्षेत्राधिकार वा नियन्त्रण अन्तर्गतको प्रमाणित गतिविधिको वातावरणीय र कुनै पनि सम्बद्ध प्रभावहरू, जस्तै आर्थिक, सामाजिक, साँस्कृतिक र मानव स्वास्थ्य प्रभावहरूको निगरानी गर्नु पर्नेछ।

धारा ३६

प्रमाणित गतिविधिहरूको प्रभावको बारेमा सम्प्रेषण

१. पक्षहरूले, व्यक्तिगत रूपमा वा सामूहिक रूपमा कार्य गर्ने भएता पनि आवधिक रूपमा प्रमाणित गतिविधिको प्रभाव र धारा ३५ अन्तर्गत आवश्यक अनुगमनको नतिजाहरूको बारेमा सम्प्रेषण गर्नु पर्नेछ।

२. क्लियरिङ-हाउसमार्फत अनुगमन प्रतिवेदनहरू सार्वजनिक गरिनेछ र वैज्ञानिक तथा प्राविधिक निकायले अनुगमन प्रतिवेदनहरू विचार र मूल्याङ्कन गर्न सक्नेछ।

३. अनुगमन प्रतिवेदनहरू वैज्ञानिक तथा प्राविधिक निकायले यस सम्झौता अन्तर्गत सान्दर्भिक अभ्यास, प्रक्रिया र ज्ञानको आधारमा, प्रमाणित गतिविधिहरूको प्रभावको अनुगमनमा दिशानिर्देशहरू विकास गर्ने उद्देश्यका लागि सर्वोत्तम अभ्यासहरूको पहिचान सहित विचार गर्नेछ।

धारा ३७

प्रमाणित गतिविधिहरू र तिनीहरूको प्रभावहरूको समीक्षा

१. पक्षहरूले धारा ३५ बमोजिम अनुगमन गरिएको प्रमाणित गतिविधिको प्रभावहरूको समीक्षा गरिएको सुनिश्चित गर्नु पर्नेछ।

२. गतिविधिमाथि क्षेत्राधिकार वा नियन्त्रण भएको पक्षले वातावरणीय प्रभाव मूल्याङ्कनको प्रकृति वा गम्भीरतामा अनुमान नगरिएका वा गतिविधिको स्वीकृतिमा तोकिएका कुनै पनि सर्तहरूको उल्लङ्घनबाट उत्पन्न हुने महत्वपूर्ण प्रतिकूल प्रभावहरू पहिचान गरिएको छ भने पक्षले गतिविधिलाई प्रमाणित गर्ने आफ्नो निर्णयको समीक्षा गर्नेछ, क्लियरिङ-हाउस संयन्त्रमार्फत पक्षहरू सहित अन्य पक्षहरू र जनताको सम्मेलनलाई सूचित गर्नेछ, रः

(क)ती प्रभावहरूलाई रोक्न, न्यूनीकरण गर्न र/वा व्यवस्थापन गर्न वा अन्य कुनै आवश्यक कारबाही गर्न र/वा गतिविधि रोक्न उपयुक्त भएमा व्यवस्थाहरू प्रस्तावित र कार्यान्वयन गर्न आवश्यक छ; र

(ख)माथि उपखण्ड (क) अन्तर्गत लागू गरिएका कुनै पनि व्यवस्थाहरू वा गरिएका कार्यहरूको समयमै मूल्याङ्कन गर्ने।

३. धारा ३६ अन्तर्गत प्राप्त प्रतिवेदनहरूको आधारमा, वैज्ञानिक तथा प्राविधिक निकायले गतिविधिले वातावरणीय प्रभाव मूल्याङ्कनमा पूर्वानुमान नगरिएका महत्वपूर्ण प्रतिकूल प्रभावहरू पार्न सक्छ वा प्रमाणित गतिविधिको स्वीकृतिको कुनै पनि सर्तहरूको उल्लङ्घनबाट उत्पन्न हुने भएमा र उपयुक्त भएसम्म पक्षलाई सिफारिस गर्न सक्ने विचार गरेकोमा गतिविधिहरू प्रमाणित गर्ने पक्षलाई सो सूचित गर्न सक्नेछ।

४. (क) उपलब्ध सर्वोत्तम विज्ञान तथा वैज्ञानिक जानकारी र उपलब्ध भएसम्म आदिबासी जनजाति र स्थानीय समुदायहरूको सान्दर्भिक परम्परागत ज्ञानको आधारमा कुनै पक्षले गतिविधिलाई प्रमाणित गर्ने पक्ष र वैज्ञानकि तथा प्राविधिक निकायसँग माणित गतिविधिमा महत्वपूर्ण प्रतिकूल प्रभावहरू हुन सक्छन् जुन या त वातावरणीय प्रभाव मूल्याङ्कनमा प्रकृति वा गम्भीरताका सम्बन्धमा अनुमान गरिएको थिएन, वा प्रमाणित गतिविधिको स्वीकृतिको कुनै पनि सर्तहरूको उल्लङ्घनबाट उत्पन्न भएको भनी आफ्नो सरोकार दर्ता गर्न सक्नेछ कि;

(ख) गतिविधिलाई प्रमाणित गर्ने पक्षले त्यस्ता सरोकारहरूलाई विचार गर्नु पर्नेछ।

(ग) कुनै पक्षद्वारा दर्ता गरिएका सरोकारहरूको विचार गरिसकेपछि वैज्ञानिक तथा प्राविधिक निकायले उपलब्ध सर्वोत्तम विज्ञान तथा वैज्ञानिक जानकारी र उपलब्ध भएसम्म, आदिबासी जनजाति र स्थानीय समुदायहरूको सान्दर्भिक परम्परागत ज्ञानको आधारमा विषयको मूल्याङ्कन गर्नु पर्नेछ र गतिविधिलाई प्रमाणित गर्ने पक्षलाई सूचित गर्न सकिनेछ, यदि त्यस्तो गतिविधिले वातावरणीय प्रभाव मूल्याङ्कनमा पूर्वानुमान नगरिएको वा प्रमाणित गतिविधिको स्वीकृतिको कुनै पनि सर्तहरूको उल्लङ्घनबाट उत्पन्न हुने महत्वपूर्ण प्रतिकूल प्रभावहरू हुन सक्छन् भन्ने लागेमा र, त्यो पक्षलाई दर्ता गरिएका सरोकारहरूको जवाफ दिने अवसर दिएपछि र त्यस्तो प्रतिक्रियालाई ध्यानमा राख्दै उपयुक्त भएमा, गतिविधिलाई प्रमाणित गर्ने पक्षलाई सो सम्बन्धमा सिफारिस गर्न सक्नेछ;

(घ) सरोकारको दर्ता, क्लियरिङ-हाउस संयन्त्रमार्फत सहित जारी गरिएका कुनै पनि सूचनाहरू र वैज्ञानिक तथा प्राविधिक निकायद्वारा गरिएका कुनै पनि सिफारिसहरू सार्वजनिक रूपमा उपलब्ध गराइनेछ;

(ङ) गतिविधिलाई प्रमाणित गर्ने पक्षले वैज्ञानिक तथा प्राविधिक निकायले जारी गरेको कुनै पनि सूचनाहरू र गरेको कुनै पनि सिफारिसहरूलाई विचार गर्नु पर्नेछ।

५. सबै राष्ट्रहरू विशेषगरी तटीय छेउछाउका राष्ट्रहरू र गतिविधिसँग जोडिएका अन्य कुनै पनि राष्ट्रहरूलाई तिनीहरु सम्भावित रूपमा सबैभन्दा बढी प्रभावित भएकोमा राष्ट्रहरू र सरोकारवालाहरूलाई क्लियरिङ्ग-हाउस संयन्त्रमार्फत सूचित गरिनेछ र यस सम्झौता अन्तर्गत प्रमाणित गतिविधिको सम्बन्धमा अनुगमन, प्रतिवेदन र समीक्षा प्रक्रियाहरूमा परामर्श गर्न सकिन्छ।

६. क्लियरिङ्ग-हाउस संयन्त्रमार्फत पक्षहरूले समेत प्रकाशित गर्नेछन्:

(क) प्रमाणित गतिविधिको प्रभावको समीक्षा सम्बन्धी प्रतिवेदनहरू;

(ख) पक्षले निर्णय गर्नुको कारणहरूको अभिलेख समावेश गरेको समेत र कुनै पक्षले गतिविधिलाई अधिकार दिने आफ्नो निर्णय परिवर्तन गरेको सम्बन्धी निर्णय कागजातहरु।

धारा ३८

वातावरणीय प्रभाव मूल्याङ्कनसँग सम्बन्धित वैज्ञानिक तथा प्राविधिक निकायद्वारा विकास गरिने मापदण्ड र/वा निर्देशिका

१. वैज्ञानिक तथा प्राविधिक निकायले पक्षहरूको सम्मेलनद्वारा विचार र अपनाउनको लागि देहायका विषयमा मापदण्ड वा निर्देशिकाहरू विकास गर्नु पर्नेछः

(क) धारा ३० अन्तर्गत उक्त धाराको प्रकरण २ मा उल्लेख गरिएका गैर-पूर्ण कारकहरूको आधार समावेश गरी स्क्रिनिङ वा वातावरणीय प्रभाव मूल्याङ्कनको सञ्चालनको लागि सीमा योजनावद्ध गतिविधिहरूको लागि पूरा भएको छ वा नाघेको छ भन्ने निर्धारण गर्ने;

(ख) राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूमा एकत्रित प्रभावहरूको मूल्याङ्कन र वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियामा ती प्रभावहरूलाई कसरी ध्यान दिने,

(ग)राष्ट्रिय क्षेत्राधिकार भित्रका क्षेत्रहरूमा, राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूमा योजनावद्ध गतिविधिहरूको प्रभावहरूको मूल्याङ्कन र वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियामा ती प्रभावहरूलाई कसरी ध्यान दिने;

(घ)गोप्य वा स्वामित्व जानकारी के हो भन्ने निर्धारण सहित धारा ३२ अन्तर्गत सार्वजनिक सूचना र परामर्श प्रक्रिया;

(ङ)धारा ३३ बमोजिम असल अभ्यासहरू सहित स्क्रिनिङ्ग प्रक्रियामा प्रयोग गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन र प्रकाशित जानकारीको आवश्यक सामग्री;

(च)असल अभ्यासहरूको पहिचान सहित धारा ३५ र ३६ मा उल्लेख गरिए बमोजिम आधिकारिक गतिविधिहरूको प्रभावको अनुगमन र प्रतिवेदन;

(छ) रणनीतिक वातावरणीय मूल्याङ्कनको सञ्चालन।

२. वैज्ञानिक तथा प्राविधिक निकायले पक्षहरूको सम्मेलनद्वारा विचार र अवलम्बनको लागि मापदण्ड र निर्देशिकाहरू पनि विकास गर्न सकिनेछ, जसमा निम्न समावेश रहनेछनः-

(क) वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्ने वा नपर्ने गतिविधिहरूको सूचक गैर-पूर्ण सूची, साथै ती गतिविधिहरूसँग सम्बन्धित कुनैपनि मापदण्ड, जसलाई आवधिक रूपमा अद्यावधिक गर्नु पर्नेछ;

(ख) यस सम्झौताका पक्षहरूद्वारा संरक्षण वा विशेष ध्यान आवश्यक पर्ने क्षेत्रहरूको रूपमा पहिचान गरिएका वातावरणीय प्रभाव मूल्याङ्कनहरूको सञ्चालन ।

३. धारा ७४ बमोजिम कुनै पनि मापदण्ड यस सम्झौताको अनुसूचीमा उल्लेख गर्नु पर्नेछ।

धारा ३९

रणनीतिक वातावरणीय मूल्याङ्कन

१. पक्षहरूले, व्यक्तिगत वा अन्य पक्षहरूसँगको सहकार्यमा राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूमा सञ्चालन गरिने आफ्नो क्षेत्राधिकार वा नियन्त्रण अन्तर्गतका गतिविधिहरूसँग सम्बन्धित योजना र कार्यक्रमहरूको लागि त्यस्ता योजना वा कार्यक्रमहरूका साथै विकल्पहरूको सामुद्रिक वातावरणमा सम्भावित प्रभावहरूको मूल्याङ्कन गर्न रणनीतिक वातावरणीय मूल्याङ्कन गर्न सकिने गरी विचार गर्नेछन्।

२. पक्षहरूको सम्मेलनले क्षेत्र वा क्षेत्रको बारेमा उपलब्ध उत्तम जानकारी सङ्कलन र संश्लेषण गर्न, वर्तमान र भविष्यका सम्भावित प्रभावहरूको मूल्याङ्कन गर्न र तथ्याङ्क अन्तर र अनुसन्धानका प्राथमिकताहरू पहिचान गर्न क्षेत्र वा क्षेत्रको रणनीतिक वातावरणीय मूल्याङ्कन गर्न सक्नेछ।

३. यस भाग बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा, पक्षहरूले माथिका प्रकरण १ र २ अन्तर्गत गरिएका सान्दर्भिक रणनीतिक वातावरणीय मूल्याङ्कनका नतिजाहरू, उपलब्ध भएसम्म विचार गर्नेछन्।

४. पक्षहरूको सम्मेलनले यस धारामा वर्णन गरिएको रणनीतिक वातावरणीय मूल्याङ्कनको प्रत्येक वर्गको सञ्चालनमा मार्गदर्शन विकास गर्नेछ।

भाग ५

क्षमता निर्माण र सामुद्रिक प्रविधिको स्थानान्तरण

धारा ४०

उद्देश्यहरू

यस भागका उद्देश्यहरू यस प्रकार छनः-

(क) यस सम्झौताका प्रावधानहरू कार्यान्वयन गर्न, यसको उद्देश्यहरू प्राप्त गर्न पक्षहरू विशेष गरी विकासशील पक्षहरूलाई सहयोग गर्ने;

(ख) यस सम्झौता अन्तर्गत गरिएका गतिविधिहरूमा समावेशी, समतामूलक प्रभावकारी सहयोग र सहभागितालाई सक्षम बनाउने;

(ग) राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिर क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगको सम्बन्धमा विशेष गरी विकासशील राष्ट्र पक्षहरूको अनुसन्धानको सन्दर्भमा सामुद्रिक वैज्ञानिक तथा प्राविधिक क्षमता विकास गर्ने, साथै विकासशील राष्ट्र पक्षहरूद्वारा सामुद्रिक प्रविधिमा पहुँच र विकासशील राष्ट्र पक्षहरूलाई सामुद्रिक प्रविधिको हस्तान्तरणमार्फत समावेश गर्ने;

(घ) राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधता संरक्षण र दिगो प्रयोगको बारेमा ज्ञान वृद्धि, प्रसार तथा साझा गर्ने;

(ङ) अझ विशेष रुपमा, विकासशील राष्ट्र पक्षहरूलाई, विशेष गरी कम विकसित राष्ट्रहरू, भौगोलिक रूपमा विपन्न राष्ट्ररू, साना टापु विकासशील राष्टरहरू, तटीय अफ्रिकी राष्ट्ररू, द्विप समूह राष्टरहरू र विकासशील मध्यम-आय भएका राष्ट्रहरूलाई, क्षमता निर्माण र यस सम्झौता अन्तर्गत सामुद्रिक प्रविधिको विकास र हस्तान्तरणमार्फत सहयोग गर्ने, यससँग सम्बन्धित उद्देश्यहरू प्राप्त गर्नः

(१) धारा ९ मा प्रतिबिम्बित भए अनुसार, सामुद्रिक आनुवंशिक स्रोतहरू, लाभहरूको बाँडफाँट सहित;

(२) धारा १७ मा प्रतिबिम्बित भए अनुसार, सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन उपकरणहरू जस्ता उपायहरू;

(३) धारा २७ मा प्रतिबिम्बित वातावरणीय प्रभाव मूल्याङ्कन।

धारा ४१

क्षमता निर्माण र सामुद्रिक प्रविधि हस्तान्तरणमा सहयोग

१. पक्षहरुले यस सम्झौताको उद्देश्यहरू प्राप्त गर्न क्षमता निर्माण र सामुद्रिक विज्ञान तथा सामुद्रिक प्रविधिको विकास र हस्तान्तरणमार्फत पक्षहरू विशेष गरी विकासशील राष्ट्र पक्षहरूलाई सहयोग गर्न प्रत्यक्ष रूपमा वा सम्बन्धित कानूनी व्यवस्थाहरू तथा कार्यढाँचाहरू र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय तथा क्षेत्रीय निकायहरू मार्फत सहकार्य गर्नेछन्।

२. यस सम्झौता अन्तर्गत क्षमता निर्माण र सामुद्रिक प्रविधिको हस्तान्तरण प्रदान गर्ने क्रममा, पक्षहरूले सबै तह र सबै रूपहरूमा सहकार्य गर्नेछन्, सबै सान्दर्भिक सरोकारवालाहरूसँग साझेदारी र संलग्नतामार्फत समेत उपयुक्त भएसम्म निजी क्षेत्र, नागरिक समाज र आदिबासी जनजाति र स्थानीय समुदायहरू परम्परागत ज्ञानका धारकहरूको रूपमा, साथै सान्दर्भिक कानूनी व्यवस्थाहरू तथा कार्यढाँचाहरू र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय तथा क्षेत्रीय निकायहरू बीच सहयोग र समन्वयलाई सुदृढ गरिनेछ।

३. यस भागलाई प्रभावकारी बनाउँदै, पक्षहरूले विकासशील राष्टर पक्षहरू, विशेषगरी अति कम विकसित राष्ट्रहरू, भूपरिवेष्ठित विकासशील राष्ट्रहरू, भौगोलिक रूपमा विपन्न राष्ट्रहरू, साना टापु विकासशील राष्ट्रहरू, तटीय अफ्रिकी राष्ट्रहरू, द्वीप समूह राष्ट्रहरू र विकासशील मध्यम आय भएका राष्ट्रहरूको विशेष आवश्यकताहरूलाई पूर्ण मान्यता दिइनेछ। पक्षहरूले क्षमता निर्माणको प्रावधान र सामुद्रिक प्रविधिको हस्तान्तरमा बोझिलो प्रतिवेदन आवश्यकताहरूमा सर्तपूर्ण नभएको सुनिश्चित गर्नु पर्नेछ।

धारा ४२

क्षमता निर्माण र सामुद्रिक प्रविधि हस्तान्तरणका लागि विधिहरू

१. पक्षहरूले आफ्नो क्षमताभित्र, विकासशील राष्ट्र पक्षहरूको लागि क्षमता निर्माण सुनिश्चित गर्नेछन् र यस सम्झौताको प्रावधान अनुसार, साना टापु विकासशील राष्ट्रहरू र कम विकसित राष्ट्रहरूको विशेष परिस्थितिहरूलाई ध्यानमा राख्दै, विशेषगरी विकासशील राष्ट्र पक्षहरूलाई सामुद्रिक प्रविधिको हस्तान्तरण प्राप्त गर्न सहयोग गर्नेछन्।

२. पक्षहरूले आफ्नो क्षमताभित्र, यस्तो क्षमता निर्माण र सामुद्रिक प्रविधिको विकास र हस्तान्तरणलाई समर्थन गर्न र आफ्ना राष्ट्रिय नीतिहरू, प्राथमिकताहरू, योजनाहरू र कार्यक्रमहरूलाई ध्यानमा राख्दै समर्थनका अन्य स्रोतहरूमा पहुँच सहज बनाउन स्रोतहरू उपलब्ध गराउनेछन्।

३. क्षमता निर्माण र सामुद्रिक प्रविधिको हस्तान्तरण राष्ट्र-संचालित, पारदर्शी, प्रभावकारी र पुनरावृत्ति प्रक्रिया हुनुपर्छ जुन सहभागितामूलक, अन्तरसम्बन्धित र लैङ्गिक उत्तरदायी हुनेछ। यसले उपयुक्त भएसम्म र अवस्थित कार्यक्रमहरू नदोहोऱ्याउने गरी विस्तार गर्नेछ र सम्बन्धित कानूनी व्यवस्थाहरू तथा कार्यढाँचाहरू र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय तथा क्षेत्रीय निकायहरू अन्तर्गत क्षमता निर्माण र सामुद्रिक प्रविधि गतिविधिहरूको हस्तान्तरणबाट सिकेका पाठहरूद्वारा निर्देशित हुनेछ। सम्भव भएसम्म, यसले दक्षता र परिणामहरूलाई अधिकतम बनाउनको लागि यी गतिविधिहरूलाई ध्यानमा राख्नेछ।

४. क्षमता निर्माण र सामुद्रिक प्रविधिको हस्तान्तरण विकासशील राष्ट्र पक्षहरूको आवश्यकता र प्राथमिकताहरूमा आधारित र उनीहरू प्रति उत्तरदायी हुनेछ, साना टापु विकासशील राष्ट्रहरू र कम विकसित राष्ट्रहरूको विशेष परिस्थितिहरूलाई ध्यानमा राख्दै, व्यक्तिगत प्रत्येक मुद्दा अनुसार, उपक्षेत्रीय वा क्षेत्रीय आधारमा आवश्यकता मूल्याङ्कनमार्फत पहिचान गरिनेछ। त्यस्ता

आवश्यकता र प्राथमिकताहरू सामुद्रिक प्रविधि समिति र क्लियरिङ-हाउसको क्षमता-निर्माण र हस्तान्तरण संयन्त्रमार्फत स्वमूल्याङ्कन वा सहजीकरण गर्न सकिनेछ।

धारा ४३

सामुद्रिक प्रविधि हस्तान्तरणका लागि थप विधिहरू

१. यस सम्झौता अन्तर्गत गरिएका गतिविधिहरूमा समावेशी, समतामूलक र प्रभावकारी सहयोग र सहभागिताको लागि प्रविधि विकास र हस्तान्तरणलाई पूर्ण रूपमा साकार पार्ने र यसको उद्देश्यहरू पूर्ण रूपमा प्राप्त गर्ने महत्वको दीर्घकालीन दृष्टिकोणलाई पक्षहरूले उजागार गर्नेछन्।

२. यस सम्झौता अन्तर्गत गरिएको सामुद्रिक प्रविधिको हस्तान्तरण सहुलियत र विशेष सर्तहरू सहित निष्पक्ष र सबैभन्दा अनुकूल सर्तहरूमा हुनेछ, र पारस्परिक रूपमा सहमत भएका बुँदा तथा सर्तहरू साथै यस सम्झौताको उद्देश्यहरू अनुसार हुनेछ।

३. पक्षहरूले साना टापु विकासशील राष्ट्रहरू र कम विकसित देशहरूको विशेष परिस्थितिलाई ध्यानमा राख्दै, विकासशील राष्टर पक्षहरूलाई सामुद्रिक प्रविधिको हस्तान्तरणको लागि आर्थिक र कानूनी व्यवस्थाहरूलाई प्रवर्द्धन र प्रोत्साहन गर्नेछन्, जसमा उद्यम र संस्थाहरूलाई प्रोत्साहन प्रदान गर्ने समावेश हुन सक्छ।

४. सामुद्रिक प्रविधिको हस्तान्तरणले त्यस्ता प्रविधिहरूलाई ध्यानमा राख्नेछ र सबै वैध हितहरूलाई ध्यानमा राखेर कार्य गरिनेछ, जसमा अन्य कुराहरूका साथै सामुद्रिक प्रविधिका धारकहरू, आपूर्तिकर्ताहरू र प्राप्तकर्ताहरूको अधिकार र कर्तव्यहरू र यस सम्झौताको उद्देश्यहरू प्राप्त गर्न विकासशील राष्टरहरूको हित र आवश्यकताहरूलाई विशेष रूपमा विचार गरिनेछ।

५. यस भाग बमोजिम हस्तान्तरण गरिएको सामुद्रिक प्रविधि उपयुक्त, सान्दर्भिक र सम्भव भएसम्म, भरपर्दो, मितव्ययी, अद्यावधिक, वातावरणीय रूपमा उपयुक्त र विकासशील राष्ट्र पक्षहरूका लागि पहुँचयोग्य रूपमा उपलब्ध हुनेछ, जसले साना टापु विकासशील राष्ट्रहरू र कम विकसित देशहरूको विशेष परिस्थितिहरूलाई ध्यानमा राखिनेछ।

धारा ४४

क्षमता निर्माणका प्रकारहरू र सामुद्रिक प्रविधिको हस्तान्तरण

१. धारा ४० मा उल्लिखित उद्देश्यहरूको समर्थनमा, क्षमता निर्माण र सामुद्रिक प्रविधि हस्तान्तरणका प्रकारहरूमा पक्षहरूको मानव, वित्तीय व्यवस्थापन, वैज्ञानिक, प्राविधिक, संगठनात्मक, संस्थागत र अन्य स्रोत क्षमताहरूको सिर्जना वा वृद्धिको लागि समर्थन समावेश हुन सक्छ, तर यसमा नै सीमित हुनेछैन, जस्तैः

(क) सान्दर्भिक डेटा, जानकारी, ज्ञान र अनुसन्धान परिणामहरूको साझेदारी र प्रयोग;

(ख) आदिवासी जनजाति र स्थानीय समुदायहरूको सान्दर्भिक परम्परागत ज्ञानको सम्बन्धमा सूचना प्रसार र जागरूकता अभिवृद्धि, यी आदिबासी जनजातिहरू र उपयुक्त भएमा, स्थानीय समुदायहरूको स्वतन्त्र, पूर्व र सूचित सहमति अनुरूप;

(ग) उपकरण र यसको प्रयोग र मर्मतसम्भारको लागि कर्मचारीहरूको क्षमता सहित सान्दर्भिक पूर्वाधारको विकास र सुदृढीकरण;

(घ) संस्थागत क्षमता र राष्ट्रिय नियामक ढाँचा वा संयन्त्रहरूको विकास र सुदृढीकरण;

(ङ) आदानप्रदान, अनुसन्धान सहयोग, प्राविधिक सहयोग, शिक्षा र तालिम र सामुद्रिक प्रविधिको हस्तान्तरणमार्फत मानव तथा वित्तीय व्यवस्थापन स्रोत क्षमता र प्राविधिक विशेषज्ञताको विकास सुदृढीकरण;

(च) पुस्तिका, निर्देशिका र मापदण्डहरूको विकास र साझेदारी;

(छ) प्राविधिक, वैज्ञानिक र अनुसन्धान तथा विकास कार्यक्रमहरूको विकास;

(ज) यस सम्झौताको दायरा भित्रका गतिविधिहरूको प्रभावकारी अनुगमन, नियन्त्रण र निगरानीको लागि क्षमता र प्राविधिक उपकरणहरूको विकास र सुदृढीकरण।

२. यस धारामा पहिचान गरिएका क्षमता निर्माणका प्रकारहरू र सामुद्रिक प्रविधिको हस्तान्तरण सम्बन्धी थप विवरणहरू अनुसूची २ मा विस्तृत रूपमा वर्णन गरिएको छ।

३. सामुद्रिक प्रविधि समितिको क्षमता निर्माण र हस्तान्तरण सिफारिसहरूलाई ध्यानमा राख्दै, पक्षहरूको सम्मेलनले आवधिक रूपमा, आवश्यकता अनुसार, प्राविधिक प्रगति र नवीनता प्रतिबिम्बित गर्न र राष्ट्रहरू, उप-क्षेत्रहरू र क्षेत्रहरूको विकसित आवश्यकताहरूलाई प्रतिक्रिया दिन र अनुकूलन गर्न अनुसूची २मा विस्तृत रूपमा वर्णन गरिएको क्षमता-निर्माण र सामुद्रिक प्रविधि हस्तान्तरणका प्रकारहरूको सूचक र गैर-पूर्ण सूचीको समीक्षा, मूल्याङ्कन र थप विकास गर्नेछ र मार्गदर्शन प्रदान गर्नेछ।

धारा ४५

अनुगमन र पुनरावलोकन

१. यस भागका प्रावधानहरू अनुसार गरिएको क्षमता निर्माण र सामुद्रिक प्रविधिको हस्तान्तरणको आवधिक रूपमा अनुगमन र समीक्षा गरिनेछ।

२. माथि प्रकरण१ मा उल्लेख गरिएको अनुगमन र समीक्षा पक्षहरूको सम्मेलनको अधिकार अन्तर्गत क्षमता निर्माण र सामुद्रिक प्रविधि हस्तान्तरण समितिद्वारा गरिनेछ र यसको उद्देश्य निम्न हुनेछः

(क) धारा ४२ को प्रकरण ४ बमोजिम विकासशील राष्टर पक्षहरूको विशेष आवश्यकताहरू र साना टापु विकासशील राष्ट्रहरू र कम विकसित राष्ट्रहरूको विशेष परिस्थितिहरूमा विशेष ध्यान दिँदै, क्षमता निर्माण र सामुद्रिक प्रविधि हस्तान्तरणको सन्दर्भमा विकासशील राष्ट्र पक्षहरूको आवश्यकता र प्राथमिकताहरूको मूल्याङ्कन र समीक्षा गर्ने;

(ख) यस सम्झौताको सम्बन्धमा विकासशील राष्ट्र पक्षहरूको मूल्याङ्कन गरिएका आवश्यकताहरूका साथै अन्तरहरू पूरा गर्न आवश्यक, प्रदान गरिएको र परिचालन गरिएको सहयोगको समीक्षा गर्ने;

(ग)आवश्यकता मूल्याङ्कन सञ्चालन सहित क्षमता अभिवृद्धि र सामुद्रिक प्रविधिको हस्तान्तरणको विकास र कार्यान्वयन गर्न धारा ५२ अन्तर्गत स्थापित वित्तीय संयन्त्र अन्तर्गत कोषको पहिचान र परिचालन गर्ने;

(घ) यस सम्झौता अन्तर्गत क्षमता निर्माण र सामुद्रिक प्रविधि हस्तान्तरणको उत्पादन, परिणाम, प्रगति र प्रभावकारिताका साथै सफलता र चुनौतिहरू सहित सहमति सूचकहरूको आधारमा कार्यसम्पादन मापन र परिणाम-आधारित विश्लेषणहरूको समीक्षा गर्ने;

(ङ)साना टापु विकासशील राष्टरहरू र कम विकसित राष्ट्रहरूको विशेष परिस्थितिलाई ध्यानमा राख्दै, सम्झौताको उद्देश्यहरू प्राप्त गर्नको लागि यसको कार्यान्वयनलाई बलियो बनाउन विकासशील राष्ट्र पक्षहरूलाई अनुमति दिन क्षमता निर्माण र सामुद्रिक प्रविधिको हस्तान्तरणलाई कसरी अझ बढाउन सकिन्छ भन्ने लगायत अनुगमन गतिविधिहरू सिफारिसहरू गर्ने।

३. क्षमता निर्माण र सामुद्रिक प्रविधिको हस्तान्तरणको अनुगमन र समीक्षालाई समर्थन गर्न, पक्षहरूले क्षमता निर्माण र सामुद्रिक प्रविधि हस्तान्तरण समितिलाई प्रतिवेदनहरू पेश गर्नेछन्। ती प्रतिवेदनहरू सामुद्रिक प्रविधि समितिको क्षमता निर्माण र हस्तान्तरण समितिको

सिफारिसहरूलाई ध्यानमा राख्दै पक्षहरूको सम्मेलनद्वारा निर्धारण गरिने ढाँचामा र अन्तरालहरूमा हुनुपर्छ। आफ्नो प्रतिवेदन पेश गर्दा, पक्षहरूले लागू हुने ठाउँमा, क्षमता निर्माण र सामुद्रिक प्रविधिको हस्तान्तरणमा क्षेत्रीय र उपक्षेत्रीय निकायहरूबाट प्राप्त इनपुटलाई ध्यानमा राख्नेछन्। पक्षहरूले पेश गरेका प्रतिवेदनहरू, साथै क्षमता निर्माण र सामुद्रिक प्रविधिको हस्तान्तरणमा क्षेत्रीय र उपक्षेत्रीय निकायहरूबाट प्राप्त कुनैपनि इनपुट सार्वजनिक रूपमा उपलब्ध गराउनु पर्छ। विशेष गरी विकासशील राष्ट्र पक्षहरूका लागि पक्षहरूको सम्मेलनले लागत र समय आवश्यकताहरू सहित रिपोर्टिङ आवश्यकताहरू सुव्यवस्थित भएको र बोझिलो नभएको सुनिश्चित गर्नेछ।

धारा ४६

सामुद्रिक प्रविधि समितिको क्षमता निर्माण र हस्तान्तरण

१. सामुद्रिक प्रविधि समितिको क्षमता निर्माण र हस्तान्तरण यसैद्वारा स्थापित गरिएको छ।

२. समितिमा उपयुक्त योग्यता र विशेषज्ञता भएका सदस्यहरू हुनेछन्, जसले सम्झौताको सर्वोत्तम हितमा बस्तुनिष्ठ रूपमा सेवा गर्नेछन्, पक्षहरूद्वारा मनोनीत र पक्षहरूको सम्मेलनद्वारा निर्वाचित हुनेछन्, लैङ्गिक सन्तुलन र समतामूलक भौगोलिक वितरणलाई ध्यानमा राख्दै र कम विकसित देशहरू, साना टापु विकासशील राष्ट्रहरू र भूपरिवेष्ठित विकासशील राष्ट्रहरूबाट समितिमा प्रतिनिधित्व प्रदान गर्नेछन्। पक्षहरूको सम्मेलनमा यसको पहिलो बैठकमा समतिको सञ्चालनको लागि कार्य सर्तहरू र प्रणालीहरू सम्बन्धमा निर्णय गरिनेछ।

३. समितिले प्रतिवेदन र सिफारिसहरू पेश गर्नेछ जसलाई पक्षहरूको सम्मेलनले विचार गर्नेछ र उपयुक्त भएमा कारवाही गर्नेछ।

भाग ६

संस्थागत व्यवस्था

धारा ४७

पक्षहरूको सम्मेलन

१. यसैद्वारा पक्षहरूको सम्मेलन स्थापना गरिएको छ।

२. यो सम्झौता लागू भएको एक वर्षभित्र संयुक्त राष्ट्र संघका महासचिवद्वारा पक्षहरूको सम्मेलनको पहिलो बैठक बोलाइनेछ। त्यसपछि, पक्षहरूको सम्मेलनको सामान्य बैठकहरू पक्षहरूको सम्मेलनद्वारा निर्धारण गरिने नियमित अन्तरालहरूमा आयोजना गरिनेछ। पक्षहरूको सम्मेलनको विशेष बैठकहरू कार्यविधिको नियम अनुसार अन्य समयमा पनि आयोजना गर्न सकिनेछ।

३. पक्षहरूको सम्मेलन सामान्यतया सचिवालय रहेको स्थान वा संयुक्त राष्ट्र संघको मुख्यालयमा भेला हुनेछ।

४. पक्षहरूको सम्मेलनले आफ्नो पहिलो बैठकमा सर्वसम्मतिले आफ्नो र आफ्ना सहायक निकायहरूको लागि कार्यविधि नियमहरू, सचिवालय र कुनै पनि सहायक निकायहरूको कोष र कोषलाई नियन्त्रण गर्ने वित्तीय नियमहरू र त्यसपछि, यसले स्थापना गर्न सक्ने कुनै पनि थप सहायक निकायको लागि कार्यविधि र वित्तीय नियमहरू अवलम्बन गर्नेछ। कार्यविधि नियमहरू अवलम्बन गर्ने समयसम्म राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगका लागि समुद्र कानून सम्बन्धी संयुक्त राष्ट्रसंघको महासन्धि अन्तर्गत अन्तर्राष्ट्रिय कानूनी रुपमा बाध्यकारी व्यवस्था सम्बन्धी अन्तरसरकारी सम्मेलनको कार्यविधि नियमहरू लागू हुनेछन्।

५. पक्षहरूको सम्मेलनले निर्णय र सिफारिसहरू सहमतिमा अवलम्बन गर्ने सबै सम्भव प्रयासहरु गर्नेछ। यस सम्झौतामा अन्यथा व्यवस्था गरिएकोमा बाहेक, सहमतिमा पुग्ने सबै प्रयासहरू समाप्त भइसकेकोमा सारभूत प्रश्नहरूमा पक्षहरूको सम्मेलनका निर्णय र सिफारिसहरू उपस्थित र मतदान गर्ने पक्षहरूको दुई-तिहाइ बहुमतद्वारा अवलम्बन गरिनेछ र प्रक्रियाका प्रश्नहरूमा निर्णयहरू उपस्थित र मतदान गर्ने पक्षहरूको बहुमतद्वारा अवलम्बन गरिनेछ।

६. पक्षहरूको सम्मेलनले यस सम्झौताको कार्यान्वयनको समीक्षा र मूल्याङ्कन गर्नेछ र यस उद्देश्यका लागि, निम्न कुराहरू गर्नेछः

(क) यस सम्झौताको कार्यान्वयनसँग सम्बन्धित निर्णय र सिफारिसहरू अवलम्बन गर्ने;

(ख) यस सम्झौताको कार्यान्वयनसँग सम्बन्धित पक्षहरू बीच जानकारीको आदानप्रदानको समीक्षा र सहजीकरण गर्ने;

(ग)राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगको लागि प्रयासहरूमा सुसंगतता प्रवर्द्धन गर्ने उद्देश्यले उपयुक्त प्रक्रियाहरू स्थापना गरेर, सान्दर्भिक कानुनी व्यवस्थाहरू, कार्यढाँचाहरू र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायसँग र तिनीहरू बीचको सहकार्य र समन्वयलाई प्रवर्द्धन गर्ने;

(घ) यस सम्झौताको कार्यान्वयनलाई सहयोग गर्न आवश्यक ठानेका सहायक निकायहरू स्थापना गर्ने;

(ङ)सहमतिमा पुग्ने सबै प्रयासहरू समाप्त भइसकेको खण्डमा, निर्धारित आवृत्तिमा र वित्तीय अवधिको लागि, उपस्थित र मतदान गर्ने पक्षहरूको तीन-चौथाई बहुमतले बजेट पारित गर्ने;

(च) यस सम्झौतामा पहिचान गरिएका वा यसको कार्यान्वयनको लागि आवश्यक पर्ने अन्य कार्यहरू अवलम्बन गर्ने।

७. पक्षहरूको सम्मेलनले समुद्र कानूनको लागि अन्तर्राष्ट्रिय न्यायाधिकरणलाई आफ्नो सक्षमता भित्रको कुनै पनि विषयमा पक्षहरूको सम्मेलन पूर्व प्रस्तावको यस सम्झौतासँग अनुरुपताको कानूनी प्रश्नमा सल्लाहकार राय दिन अनुरोध गर्ने निर्णय गर्न सक्छ। अन्य विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय वा क्षेत्रगत निकायहरूको सक्षमता भित्रको विषयमा, वा महाद्विपीय वा द्विपीय भूमि क्षेत्र वा त्यसमा दावी, वा राष्ट्रिय क्षेत्राधिकार भित्रको क्षेत्रको कानूनी स्थिति सम्बन्धी कुनै पनि विवादको समवर्ती विचार समावेश गर्ने विषयमा सल्लाहकार रायको लागि अनुरोध गरिने छैन। अनुरोधले कानूनी प्रश्नको दायरालाई संकेत गर्नेछ जसमा सल्लाहकार राय माग गरिएको हुन्छ। पक्षहरूको सम्मेलनले त्यस्तो रायलाई तत्कालको विषयको रूपमा दिन अनुरोध गर्न सक्छ।

८. पक्षहरूको सम्मेलनले यो सम्झौता लागू भएको पाँच वर्षभित्र र त्यसपछि यसले निर्धारण गर्ने अन्तरालहरूमा यस सम्झौताका प्रावधानहरूको पर्याप्तता र प्रभावकारिताको मूल्याङ्कन र समीक्षा गर्नेछ र आवश्यक परेमा राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगलाई राम्रोसँग सम्बोधन गर्न ती प्रावधानहरूको कार्यान्वयनलाई सुदृढ पार्ने माध्यमहरू प्रस्ताव गर्नु पर्नेछ।

धारा ४८

पारदर्शिता

१. पक्षहरूको सम्मेलनले यस सम्झौता अन्तर्गत गरिने निर्णय प्रक्रिया र अन्य गतिविधिहरूमा पारदर्शितालाई प्रवर्द्धन गर्नु पर्नेछ।

२. पक्षहरूको सम्मेलन र यसका सहायक निकायहरूका सबै बैठकहरू पक्षहरूको सम्मेलनले अन्यथा निर्णय नगरेसम्म कार्यविधिको नियम अनुसार भाग लिने पर्यवेक्षहरूका लागि खुला

हुनेछन्। पक्षहरूको सम्मेलनले आफ्ना निर्णयहरूको सार्वजनिक अभिलेख प्रकाशित र कायम राख्नेछ।

३. पक्षहरूको सम्मेलनले यस सम्झौताको कार्यान्वयनमा सूचनाको सार्वजनिक प्रसार र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरू, आदिबासी जनजाति र सान्दर्भिक परम्परागत ज्ञान भएका स्थानीय समुदायहरू, वैज्ञानिक समुदाय, नागरिक समाज र अन्य सान्दर्भिक सरोकारवालाहरूको सहभागिता र सँगको परामर्शमा सहजीकरण सहित, उपयुक्त भएसम्म र यस सम्झौताको प्रावधानहरू बमोजिम पारदर्शितालाई प्रवर्द्धन गर्नेछ।

४. यस सम्झौताको पक्ष नभएका राष्ट्रहरूका प्रतिनिधिहरू, सम्बन्धित विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरू, आदिवासी जनजाति र सान्दर्भिक परम्परागत ज्ञान भएका स्थानीय समुदायहरू, वैज्ञानिक समुदाय, नागरिक समाज र पक्षहरूको सम्मेलनसँग सम्बन्धित विषयहरूमा रूचि राख्ने अन्य सम्बन्धित सरोकारवालाहरूले पक्षहरूको सम्मेलन र यसका सहायक निकायहरूको बैठकहरूमा पर्यवेक्षकको रूपमा भाग लिन अनुरोध गर्न सक्नेछन्। पक्षहरूको सम्मेलनको कार्यविधिको नियमहरूले यस्तो सहभागिताको लागि मोडालिटीहरू प्रदान गर्नेछन् र यस सन्दर्भमा अनावश्यक रूपमा प्रतिबन्धित हुने छैनन्। कार्यविधिको नियमहरूले त्यस्ता प्रतिनिधिहरूलाई सबै सान्दर्भिक जानकारीमा समयमै पहुँच हुने व्यवस्था पनि गर्नेछन्।

धारा ४९

वैज्ञानिक तथा प्राविधिक निकाय

१. यसैद्वारा एक वैज्ञानिक तथा प्राविधिक निकाय स्थापना गरिएको छ।

२. वैज्ञानिक तथा प्राविधिक निकाय उनीहरूको विशेषज्ञ क्षमता र सम्झौताको सर्वोत्तम हितमा सेवा गर्ने सदस्यहरू मिलेर बनेको हुन्छ, पक्षहरूद्वारा मनोनित र पक्षहरूको सम्मेलनद्वारा निर्वाचित,

उपयुक्त योग्यता भएका, बहु-अनुशासनात्मक विशेषज्ञताको आवश्यकतालाई ध्यानमा राख्दै, आदिबासी जनजाति र स्थानीय समुदायहरूको सान्दर्भिक परम्परागत ज्ञानमा प्रासंगिक वैज्ञानिक तथा प्राविधिक विशेषज्ञता र लैङ्गिक सन्तुलन तथा समतामूलक भौगोलिक प्रतिनिधित्व समावेश गर्नु पर्नेछ। वैज्ञानिक तथा प्राविधिक निकायले छनौट गरेको प्रक्रिया र सदस्यहरूको जनादेशका सर्तहरू सहित यसको पहिलो बैठकमा पक्षहरूको सम्मेलनद्वारा निर्धारण गरिनेछ।

३. वैज्ञानिक तथा प्राविधिक निकायले आवश्यकता अनुसार सान्दर्भिक कानूनी व्यवस्थाहरू तथा कार्यढाँचाहरू र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरूका साथै अन्य वैज्ञानिकहरू र विज्ञहरूबाट प्राप्त उपयुक्त सल्लाह लिन सकिनेछ।

४. पक्षहरूको सम्मेलनको अधिकार र मार्गदर्शन अन्तर्गत तथा माथि प्रकरण २ मा उल्लेख गरिएको बहु-विषय विशेषज्ञतालाई ध्यानमा राख्दै, वैज्ञानिक तथा प्राविधिक निकायले पक्षहरूको सम्मेलनलाई वैज्ञानिक तथा प्राविधिक सल्लाह प्रदान गर्नेछ, यस सम्झौता अन्तर्गत आफूलाई तोकिएका कार्यहरू र पक्षहरूको सम्मेलनले निर्धारण गर्न सक्ने अन्य कार्यहरू गर्नेछ र पक्षहरूको सम्मेलनलाई आफ्नो कामको बारेमा प्रतिवेदनहरू उपलब्ध गर्नेछ।

धारा ५०

सचिवालय

१. यसैद्वारा सचिवालय स्थापना गरिएको छ। पक्षहरूको सम्मेलनले आफ्नो पहिलो बैठकमा सचिवालयको स्थानको निर्णय सहित यसको सञ्चालनको लागि व्यवस्था गर्नेछ।

२. सचिवालयले आफ्नो काम सुरु नगरेसम्म, संयुक्त राष्ट्र संघका महासचिवले संयुक्त राष्ट्र संघ सचिवालयको कानूनी मामिला कार्यालयको सामुद्रिक मामिला तथा कानून विभागमार्फत यस सम्झौता अन्तर्गत सचिवालयको काम गर्नेछ।

३. सचिवालय र आयोजक राष्ट्रले मुख्यालय सम्झौता गर्न सक्छन्। सचिवालयले आयोजक राष्ट्रको क्षेत्रमा कानूनी क्षमता उपभोग गर्नेछ र आयोजक राष्ट्रले आफ्नो कार्यहरू सञ्चालन गर्न आवश्यक पर्ने विशेषाधिकार र उन्मुक्ति उपभोग गर्न सक्नेछन्।

४. सचिवालयलेः

(क) यस सम्झौताको कार्यान्वयनको उद्देश्यका लागि पक्षहरूको सम्मेलन र यसका सहायक निकायहरूलाई प्रशासनिक र बन्दोबस्ती सहयोग प्रदान गर्ने;

(ख) यस सम्झौता अन्तर्गत वा पक्षहरूको सम्मेलनद्वारा स्थापित हुन सक्ने पक्षहरूको सम्मेलन र अन्य कुनै पनि निकायरहरूको बैठकहरूको व्यवस्था र सेवा प्रदान गर्ने;

(ग)यस सम्झौताको कार्यान्वयनसँग सम्बन्धित जानकारी समयमै प्रसारित गर्नुका साथै पक्षहरूको सम्मेलनका निर्णयहरू सार्वजनिक रूपमा उपलब्ध गराउने र सबै पक्षहरू, साथै सम्बन्धित कानूनी व्यवस्थाहरू र कार्यढाँचाहरू र सम्बन्धित विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरूलाई प्रसारण गर्ने समावेश गर्ने;

(घ) अन्य सान्दर्भिक अन्तर्राष्ट्रिय निकायरहरूको सचिवालयहरूसँग उपयुक्त भएसम्म सहयोग र समन्वयलाई सहज बनाउने र विशेष गरी, त्यस उद्देश्यका लागि र यसका कार्यहरूको प्रभावकारी कार्यान्वयनको लागि पक्षहरूको सम्मेलनको अनुमोदनको अधीनमा रही, आवश्यक प्रशासनिक र करारीय व्यवस्थाहरूमा प्रवेश गर्ने;

(ङ)यस सम्झौता अन्तर्गत आफ्नो कार्यहरूको कार्यान्वयन सम्बन्धी प्रतिवेदनहरू तयार गर्ने र पक्षहरूको सम्मेलनमा पेश गर्ने;

(च) यस सम्झौताको कार्यान्वयनमा सहयोग प्रदान गर्ने र पक्षहरूको सम्मेलनले निर्धारण गरेको वा यस सम्झौता अन्तर्गत तोकिएका अन्य कार्यहरू गर्ने।

धारा ५१

क्लियरिङ्ग-हाउस संयन्त्र

१. क्लियरिङ्ग-हाउस संयन्त्र यसैद्वारा स्थापित गरिएको छ।

२. क्लियरिङ्ग-हाउस संयन्त्रमा मुख्यतया खुला पहुँच प्लेटफर्म हुनेछ। क्लियरिङ्ग-हाउस संयन्त्रको सञ्चालनको लागि पक्षहरूको सम्मेलनद्वारा विशिष्ट मोडालिटीहरू निर्धारण गरिनेछ।

३. क्लियरिङ्ग-हाउस संयन्त्रले:

(क) यस सम्झौताको प्रावधान अनुसार भइरहेका गतिविधिहरूको सम्बन्धमा पहुँच पुऱ्याउन, प्रदान गर्न र जानकारी प्रसार गरी पक्षहरूलाई सक्षम बनाउन केन्द्रीकृत प्लेटफर्मको रूपमा सेवा दिन, देहायसँग सम्बन्धित जानकारी समावेश गर्ने:

(i) यस सम्झौताको भाग २ मा उल्लेख गरिए अनुसार राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरू;

(ii) सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन उपकरणहरूको स्थापना र कार्यान्वयन;

(iii) वातावरणीय प्रभाव मूल्याङ्कन;

(iv) क्षमता निर्माण तथा सामुद्रिक प्रविधि र त्यस सम्बन्धी अवसरहरूको हस्तान्तरणको लागि अनुरोधहरू, अनुसन्धान सहयोग र प्रशिक्षण अवसरहरू, सामुद्रिक प्रविधिमा सहायता पहुँचको लागि अवसरहरू र कोषको उपलब्धता सहित सामुद्रिक प्रविधिको हस्तान्तरणको लागि प्राविधिक जानकारी र तथ्याङ्कको स्रोतहरू र उपलब्धता बारे जानकारी;

(ख) सामुद्रिक प्रविधिको हस्तान्तरणमा दाताको रूपमा भाग लिन इच्छुक सरकारी, गैर-सरकारी वा निजी संस्थाहरू सहित सामुद्रिक प्रविधिको हस्तान्तरणको लागि उपलब्ध समर्थन

र प्रदायकहरूसँग क्षमता-निर्माण आवश्यकताहरूको मिलानलाई सहज बनाउने तथा सम्बन्धित ज्ञान र विशेषज्ञतामा पहुँचलाई सहज बनाउने;

(ग)आदिबासी जनजाति र स्थानीय समुदायको सान्दर्भिक परम्परागत ज्ञानसँग सम्बन्धित विषयहरू सहित सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय, राष्ट्रिय र क्षेत्रगत क्लियरिङ्ग-हाउस संयन्त्रहरू र अन्य जीन बैंकहरू, भण्डारहरू र डाटाबेसहरूमा लिङ्कहरू प्रदान गर्ने र सम्भव भएसम्म, सूचना आदानप्रदानको लागि सार्वजनिक रूपमा उपलब्ध निजी र गैर-सरकारी प्लेटफर्महरूसँगको सम्बन्ध प्रवर्द्धन गर्ने;

(घ) विश्वव्यापी संयन्त्र अन्तर्गत क्षेत्रीय र उपक्षेत्रीय संयन्त्रहरू स्थापना गर्दा, लागू हुने ठाउँमा, विश्वव्यापी, क्षेत्रीय र उपक्षेत्रीय क्लियरिङ-हाउस संस्थाहरू निर्माण गर्ने;

(ङ)राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगसँग सम्बन्धित वातावरणीय आधारभूत तथ्याङ्क र जानकारीको साझेदारीलाई सहजीकरण गरेर पक्षहरू र अन्य सम्बन्धित सरोकारवालाहरू बीच पारदर्शिता बढाउने;

(च) वैज्ञानिक तथा प्राविधिक सहयोग र सहकार्य सहित अन्तर्राष्ट्रिय सहयोग र सहकार्यलाई सहजीकरण गर्ने;

(छ) पक्षहरूको सम्मेलनले निर्धारण गरेको वा यस सम्झौता अन्तर्गत तोकिएको अन्य कार्यहरू गर्ने।

४. क्लियरिङ्ग-हाउस संयन्त्र सचिवालयद्वारा व्यवस्थित गरिनेछ, संयुक्त राष्ट्रसंघ शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठनको अन्तरसरकारी सामुद्रिक आयोग, अन्तर्राष्ट्रिय सामुद्रिक प्राधिकरण, अन्तर्राष्ट्रिय सामुद्रिक संगठन र संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठन सहित पक्षहरूको सम्मेलनद्वारा निर्धारण गरिएका अन्य सान्दर्भिक कानूनी व्यवस्थाहरू तथा कार्यढाँचाहरू र

सान्दर्भिक विश्वव्यापि, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरूसँगको सम्भावित सहयोगमा प्रतिकूल असर नपर्ने गरी गर्ने।

५. क्लियरिङ्ग-हाउस संयन्त्रको व्यवस्थापनमा विकासशील राष्ट्र पक्षहरूको विशेष आवश्यकताहरू, साथै साना टापु विकासशील राष्ट्र पक्षहरूको विशेष परिस्थितिलाई पूर्ण मान्यता दिइनेछ र ती राष्ट्रलाई अनुचित अवरोध वा प्रशासनिक बोझ बिना यसको उपयोग गर्न सक्षम बनाउन संयन्त्रमा उनीहरूको पहुँचलाई सहज बनाइनेछ। ती राष्ट्रहरूमा र ती राष्ट्रहरूसँग सूचना आदानप्रदान, जागरूकता अभिवृद्धि र प्रसारलाई प्रवर्द्धन गर्ने गतिविधिहरूमा जानकारी समावेश गरिनेछ, साथै ती राष्ट्रहरूका लागि विशेष कार्यक्रमहरू प्रदान गर्ने।

६. यस सम्झौता अन्तर्गत प्रदान गरिएको जानकारीको गोपनीयता र त्यसमा भएका अधिकारहरूको सम्मान गरिनेछ। यस सम्झौता अन्तर्गतको कुनै पनि कुरालाई पक्षको घरेलु कानून वा अन्य प्रचलित कानून अन्तर्गत खुलासाबाट सुरक्षित राख्ने जानकारीको आदानप्रदान आवश्यक पर्ने गरी व्याख्या गरिने छैन।

भाग ७

वित्तीय स्रोत र संयन्त्र

धारा ५२

कोष

१. प्रत्येक पक्षले आफ्नो क्षमताभित्र आफ्ना राष्ट्रिय नीतिहरू, प्राथमिकताहरू, योजनाहरू र कार्यक्रमहरूलाई ध्यानमा राख्दै, यस सम्झौताको उद्देश्य प्राप्त गर्ने उद्देश्यले गरिएका गतिविधिहरूको सन्दर्भमा स्रोतहरू उपलब्ध गराउनेछ।

२. यस सम्झौता अन्तर्गत स्थापित संस्थाहरूलाई पक्षहरूको मूल्याङ्कन गरिएको योगदानमार्फत कोष प्रदान गरिनेछ।

३. यस सम्झौता अन्तर्गत पर्याप्त, पहुँचयोग्य, नयाँ र थप र अनुमानित वित्तीय स्रोतहरूको प्रावधानको लागि एक संयन्त्र यसैद्वारा स्थापित गरिएको छ। यस संयन्त्रले विकासशील राष्ट्र पक्षहरूलाई यो सम्झौता कार्यान्वयन गर्न सहयोग गर्नेछ, जसमा क्षमता निर्माण र सामुद्रिक प्रविधिको हस्तान्तरणको समर्थनमा कोष मार्फत र सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगको लागि यस लेखमा उल्लेख गरिएका अन्य कार्यहरू गर्नेछ।

४. संयन्त्रमा समावेश गर्नुपर्नेः

(क) यस सम्झौता अन्तर्गत स्थापित निकायहरुको बैठकहरूमा विकासशील राष्ट्र पक्षहरूका प्रतिनिधिहरू, विशेष गरी अति कम विकसित राष्ट्रहरू, भूपरिवेष्ठित विकासशील राष्ट्रहरू र साना टापु विकासशील राष्ट्रहरूको सहभागितालाई सहज बनाउन पक्षहरूको सम्मेलनद्वारा स्थापित स्वैच्छिक ट्रष्ट कोष;

(ख) निम्न स्रोतहरू मार्फत वित्त पोषित गरिने विशेष कोषः

(१) धारा १४ को प्रकरण ६ बमोजिमको वार्षिक योगदान;

(२) धारा १४ को प्रकरण ७ बमोजिमको भुक्तानी;

(३) राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगलाई समर्थन गर्न वित्तीय स्रोतहरू प्रदान गर्न चाहने पक्षहरू र निजी संस्थाहरूबाट थप योगदान;

(ग)विश्वव्यापी वातावरण सुविधा ट्रष्ट कोष।

५. पक्षहरूको सम्मेलनले राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगलाई समर्थन गर्न, राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक

जैविक विविधताको पुनर्स्थापना र पारिस्थितिक पुनर्स्थापनालाई वित्तपोषण गर्न वित्तीय संयन्त्रको एक भागको रूपमा थप कोष स्थापना गर्ने सम्भावना माथि विचार गर्न सक्नेछ।

६. विशेष कोष र विश्वव्यापी वातावरण सुविधा ट्रष्ट कोष निम्न कार्यहरूको लागि प्रयोग गरिनेछः

(क) यस सम्झौता अन्तर्गत क्षमता निर्माण परियोजनाहरूलाई कोष प्रदान गर्ने, जसमा सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोग सम्बन्धी प्रभावकारी परियोजनाहरू र सामुद्रिक प्रविधि हस्तान्तरणसँग सम्बन्धित प्रशिक्षक सहितका गतिविधिहरू र कार्यक्रमहरू समावेश छन्;

(ख) यस सम्झौता कार्यान्वयन गर्न विकासशील राष्ट्र पक्षहरूलाई सहयोग गर्ने;

(ग)परम्परागत ज्ञानका धारकहरूको रूपमा आदिबासी जनजाति र स्थानीय समुदायहरूद्वारा संरक्षण र दिगो प्रयोग कार्यक्रमहरूलाई समर्थन गर्ने;

(घ) राष्ट्रिय, उपक्षेत्रीय र क्षेत्रीय स्तरमा सार्वजनिक परामर्शलाई समर्थन गर्ने;

(ङ)पक्षहरूको सम्मेलनले निर्णय गरे अनुसार अन्य कुनै पनि गतिविधिहरूको सञ्चालनको लागि कोष प्रदान गर्ने।

७. वित्तीय संयन्त्रले दोहोरोपना हुनबाट जोगिने र संयन्त्र भित्रको कोषको उपयोगमा पूरकता र सुसंगतता प्रवर्द्धन गर्ने कुरा सुनिश्चित गर्न खोज्नुपर्छ।

८. यस सम्झौताको कार्यान्वयनको समर्थनमा परिचालन गरिने वित्तीय स्रोतहरूमा राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै सार्वजनिक र निजी स्रोतहरूमार्फत प्रदान गरिएको कोष समावेश हुन सक्छ, जसमा राष्ट्रहरू, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू, विश्वव्यापी र क्षेत्रीय उपकरणहरू अन्तर्गत अवस्थित कोष संयन्त्रहरू, दाता एजेन्सीहरू, अन्तरसरकारी संस्थाहरू, गैर सरकारी संस्थाहरू र प्राकृतिक तथा न्यायिक व्यक्तिहरू र सार्वजनिक-निजी साझेदारीमार्फत प्राप्त योगदान समावेश छ तर यसमा मात्र सिमित गरिएको छैन।

९. यस सम्झौताको उद्देश्यका लागि, संयन्त्रले उपयुक्त भएसम्म पक्षहरूको सम्मेलनको अधिकार र मार्गदर्शन अन्तर्गत काम गर्नेछ र त्यसप्रति जवाफदेही हुनेछ। पक्षहरूको सम्मेलनले समग्र रणनीति, नीति, कार्यक्रम प्राथमिकता र वित्तीय स्रोतहरूमा पहुँच र उपयोगको लागि योग्यतामा मार्गदर्शन प्रदान गर्नेछ।

१०. पक्षहरूको सम्मेलन र विश्वव्यापी वातावरण सुविधाले पक्षहरूको सम्मेलनले पहिलो बैठकमा माथिका प्रकरणहरुलाई प्रभावकारी बनाउने व्यवस्थामा सहमति जनाउनेछन्।

११. राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगलाई सम्बोधन गर्न जरुरी भएको मान्यतामा, पक्षहरूको सम्मेलनले २०३० सम्ममा सबै स्रोतहरूबाट विशेष कोषको लागि प्रारम्भिक स्रोत परिचालन गर्न, अन्य कुराहरूका साथै, विशेष कोषको संस्थागत संरचना, कार्यढाँचा र क्षमता निर्माण र सामुद्रिक प्रविधि हस्तान्तरण समितिमार्फत प्रदान गरिएको जानकारीलाई ध्यानमा राख्दै लक्ष्य निर्धारण गर्नेछ।

१२. यस सम्झौता अन्तर्गत कोषमा पहुँचको लागि योग्यता आवश्यकताको आधारमा विकासशील राष्ट्र पक्षहरूका लागि खुला हुनेछ। विशेष कोष अन्तर्गतको कोषलाई विशेष आवश्यकता भएका पक्षहरू, विशेष गरी अति कम विकसित राष्ट्रहरू, भूपरिवेष्ठित विकासशील राष्ट्रहरू, भौगोलिक रूपमा विपन्न राष्ट्रहरू, साना टापु विकासशील राष्ट्रहरू र तटीय अफ्रिकी राष्ट्रहरू, द्वीप समूह राष्ट्रहरू र विकाशील मध्यम आय भएका राष्ट्रहरूको सहयोगको आवश्यकतालाई ध्यानमा राख्दै र साना टापु विकासशील राष्ट्रहरू र अति कम विकसित राष्ट्रहरूको विशेष परिस्थितिहरूलाई ध्यानमा राख्दै, समतामूलक बाँडफाँट मापदण्ड अनुसार वितरण गरिनेछ। यस विशेष कोषको उद्देश्य सरलीकृत आवेदन र अनुमोदन प्रक्रियाहरूमार्फत कोषमा प्रभावकारी पहुँच सुनिश्चित गर्नु र यस्ता विकासशील राष्ट्र पक्षहरूका लागि सहयोगको तत्परता बढाउनु हुनेछ।

१३. क्षमताको सीमितताको सन्दर्भमा पक्षहरूले अन्तर्राष्ट्रिय संस्थाहरूलाई राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगको उद्देश्यका लागि उपयुक्त कोष र प्राविधिक सहयोगको विनियोजन र उनीहरूको विशेष सेवाहरूको उपयोगमा विकासशील राष्ट्र पक्षहरू, विशेष गरी अति कम विकसित राष्ट्रहरू, भूपरिवेष्ठित विकासशील राष्ट्रहरू र साना टापु विकासशील राष्ट्रहरूको विशेष आवश्यकताहरू र विशेष आवश्यकताहरूलाई विचार गर्न प्राथमिकता दिन प्रोत्साहित गर्नेछन्।

१४. पक्षहरूको सम्मेलनले वित्तीय स्रोतहरू सम्बन्धी एक वित्तीय समिति स्थापना गर्नु पर्नेछ। यो लैङ्गिक सन्तुलन र समतामूलक भौगोलिक वितरणलाई ध्यानमा राख्दै उपयुक्त योग्यता र विशेषज्ञता भएका सदस्यहरू मिलेर बनेको हुनेछ। समितिको सञ्चालनको लागि कार्यक्षेत्रका सर्तहरू र विधिहरू पक्षहरूको सम्मेलनले निर्णय गर्नेछ। समितिले समय-समयमा संयन्त्र अन्तर्गत कोषको पहिचान र परिचालनको बारेमा रिपोर्ट गर्नेछ र सिफारिसहरू गर्नेछ। यसले सम्झौताको उद्देश्यहरू प्राप्त गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने अन्य संयन्त्र र उपकरणहरू अन्तर्गत कोषको बारेमा जानकारी सङ्कलन र रिपोर्ट पनि गर्नेछ। यस धारामा प्रदान गरिएका विचारहरूका अतिरिक्त, समितिले अन्य कुराहरू विचार गर्नेछः-

(क) पक्षहरू विशेष गरी विकासशील राष्ट्र पक्षहरुको आवश्यकताको मूल्याङ्कन,;

(ख) कोषको उपलब्धता र समयमै वितरण;

(ग) कोष सङ्कलन र विनियोजन सम्बन्धी निर्णय लिने र व्यवस्थापन प्रक्रियाहरूको पारदर्शिता;

(घ) कोषको सहमति भएको प्रयोगको सम्बन्धमा प्राप्तकर्ता विकासशील राष्ट्र पक्षहरूको जवाफदेहिता।

१५. पक्षहरूको सम्मेलनले वित्त समितिको प्रतिवेदन र सिफारिसहरूमाथि विचार गर्नेछ र उपयुक्त कारबाही गर्नेछ।

१६.यसका साथै पक्ष राष्ट्रहरूको सम्मेलनले विशेषगरी विकासशील राष्ट्र पक्ष राष्ट्रहरूको लागि क्षमता अभिवृद्धि र सामुद्रिक प्रविधिको हस्तान्तरण सहित वित्तीय स्रोतहरूको पर्याप्तता, प्रभावकारिता र पहुँचको मूल्याङ्कन गर्न वित्तीय संयन्त्रको आवधिक समिक्षा गर्नेछ।

भाग ८

कार्यान्वयन र परिपालना

धारा ५३

कार्यान्वयन

यस सम्झौताको कार्यान्वयन सुनिश्चित गर्न पक्षहरूले उपयुक्त भएसम्म आवश्यक विधायिकी, प्रशासनिक वा नीतिगत उपायहरू अवलम्बन गर्नेछन्।

धारा ५४

कार्तयान्वयनको अनुगमन

प्रत्येक पक्षले यस सम्झौता अन्तर्गतका आफ्ना दायित्वहरूको कार्यान्वयनको अनुगमन गर्नु पर्नेछ र पक्षहरूको सम्मेलनले निर्धारण गर्ने ढाँचा र समयावधिमा यस सम्झौता कार्यान्वयन गर्न आफूले अवलम्बन गरेका उपायहरूको बारेमा सम्मेलनलाई जानकारी गर्नु पर्नेछ।

धारा ५५

कार्यान्वयन तथा परिपालना समिति

१. यस सम्झौताका प्रावधानहरूको कार्यान्वयनलाई सहज बनाउन र विचार गर्न तथा परिपालनलाई प्रवर्द्धन गर्न एक कार्यान्वयन तथा परिपालना समिति स्थापना गरिएको छ। कार्यान्वयन तथा परिपालना सहित सहजीकरण प्रकृतिको हुनेछ र पारदर्शी, गैरविरोधी र गैरदण्डात्मक तरिकाले काम गर्नेछ।

२. कार्यान्वयन तथा परिपालन समितिमा पक्षहरूद्वारा मनोनित र पक्षहरूको सम्मेलनद्वारा निर्वाचित उपयुक्त योग्यता र अनुभव भएका सदस्यहरू हुनेछन्, जसमा लैङ्गिक सन्तुलन र समतामूलक भौगोलिक प्रतिनिधित्वलाई उचित ध्यान दिइनेछ।

३. कार्यान्वयन तथा परिपालन समितिले पक्षहरूको सम्मेलनले आफ्नो पहिलो बैठकमा अवलम्बन गरिएको विधि र कार्यविधिको नियमहरू अन्तर्गत काम गर्नु पर्नेछ। कार्यान्वयन र परिपालन समितिले व्यक्तिगत र प्रणालीगत स्तरमा कार्यान्वयन र परिपालनका मुद्दाहरूमा विचार गर्नेछ, अन्य कुराहरूका अतिरिक्त, आवधिक रुपमा रिपोर्ट गर्ने र पक्षहरूको सम्मेलनमा सम्बन्धित राष्ट्रिय परिस्थितिहरूको बारेमा जानकार रहँदै उपयुक्त भएमा सिफारिस गर्नेछ।

४. आफ्नो कामको क्रममा, कार्यान्वयन र परिपालन समितिले यस सम्झौता अन्तर्गत स्थापित निकायहरूका साथै सान्दर्भिक कानूनी व्यवस्थाहरू तथा कार्यढाँचाहरू र सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र क्षेत्रगत निकायहरूबाट आवश्यकता अनुसार उपयुक्त जानकारी लिन सक्नेछ।

भाग ९

धारा ५६

विवादहरूको रोकथाम

विवादहरू रोक्न पक्षहरूले सहकार्य गर्नेछन्।

धारा ५७

शान्तिपूर्ण माध्यमबाट विवाद समाधान गर्ने दायित्व

यस सम्झौताको व्यख्या वा प्रयोग सम्बन्धी आफ्ना विवादहरू वार्ता, सोधपुछ, मध्यस्थता, मेलमिलाप, न्यायिक समाधान, क्षेत्रीय निकाय वा व्यवस्थाको सहायता मार्फत, वा आफ्नै रोजाइको अन्य शान्तिपूर्ण माध्यमबाट समाधान गर्ने दायित्व पक्षहरूको रहेको छ।

धारा ५८

पक्षहरूले रोजेको कुनै पनि शान्तिपूर्ण माध्यमबाट विवादहरूको समाधान

यस भागमा उल्लेखित कुनै पनि कुराले यस सम्झौताको कुनै पनि पक्षको यस सम्झौताको व्याख्या वा प्रयोग सम्बन्धी विवादलाई आफ्नो रोजाइको कुनैपनि शान्तिपूर्ण माध्यमबाट समाधान गर्न कुनै पनि समयमा सहमत हुने अधिकारलाई बाधा पुऱ्याउने छैन।

धारा ५९

प्राविधिक प्रकृतिका विवादहरू

विवाद प्राविधिक प्रकृतिको विषयमा सम्बन्धित रहेकोमा सम्बन्धित पक्षहरूले विवादलाई उनीहरूले स्थापित गरेको तदर्थ विशेषज्ञ प्यानलमा पठाउन सक्नेछन्। प्यानलले सम्बन्धित पक्षहरूसँग परामर्श गर्नेछ र यस सम्झौताको धारा ६० अन्तर्गत विवादहरूको समाधानको लागि बाध्यकारी प्रक्रियाहरूको सहायता बिना विवादलाई द्रुत तरिकाबाट समाधान गर्ने प्रयास गर्नु पर्नेछ।

धारा ६०

विवाद समाधानका लागि प्रक्रियाहरू

१. यस सम्झौताको व्याख्या वा प्रयोग सम्बन्धी विवादहरू महासन्धिको भाग १५ मा व्यवस्था गरिएका विवादहरूको समाधानका लागि भएका प्रावधानहरू अनुसार समाधान गरिनेछ।

२. यस सम्झौताको पक्ष जो महासन्धिको पक्ष नभएकोसँग सम्बन्धित विवादहरूको समाधानको उद्देश्यका लागि महासन्धिको भाग १५ र अनुसूची ५, ६, ७ र ८ का प्रावधानहरू प्रतिबिम्बित भएको मानिनेछ।

३. महासन्धिको धारा २८७ बमोजिम महासन्धिको पक्ष पनि भएको यस सम्झौताको कुनै पक्षले यस सम्झौतामा हस्ताक्षर गर्दा, अनुमोदन गर्दा, समर्थन गर्दा, स्वीकृति दिंदा वा सम्मिलित हुँदा, वा त्यसपछि कुनै पनि समयमा, यस भाग अन्तर्गत विवादहरूको समाधानको लागि महासन्धिको धारा २८७ बमोजिम अर्को प्रक्रिया स्वीकार गरेकोमा बाहेक यस भाग अन्तर्गतका विवाद समाधानमा लागू हुने गरी स्वीकार गरिएको प्रक्रिया लागू हुनेछ।

४. महासन्धिको धारा २९८ बमोजिम महासन्धिको पक्ष पनि भएको यस सम्झौताको कुनै पक्षले यस सम्झौतामा हस्ताक्षर गर्दा, अनुमोदन गर्दा, समर्थन गर्दा, स्वीकृति दिंदा वा सम्मिलित हुँदा, वा त्यसपछि कुनै पनि समयमा यस भाग अन्तर्गत विवादहरूको समाधानको लागि महासन्धिको धारा २९८ बमोजिम फरक घोषणा गरेकोमा बाहेक यस भाग अन्तर्गतका विवादहरूको समाधानमा लागू हुने गरी गरिएको घोषणा लागू हुनेछ।

५. माथि प्रकरण २ बमोजिम यस सम्झौताको कुनै पक्ष जो महासन्धिको पक्ष होइन, यस सम्झौतामा हस्ताक्षर गर्दा, अनुमोदन गर्दा, समर्थन गर्दा, स्वीकृति दिंदा वा सम्मिलित हुँदा वा त्यसपछिको कुनै पनि समयमा अभिलेख अधिकारीलाई पेश गरिएको लिखित घोषणाको माध्यमबाट यस

सम्झौताको व्याख्या वा प्रयोग सम्बन्धी विवादहरूको समाधानको लागि निम्नमध्ये एक वा बढी माध्यमहरू छनौट गर्न स्वतन्त्र हुनेछः-

(क) सामुद्रिक कानूनको लागि अन्तर्राष्ट्रिय न्यायाधिकरण;

(ख) अन्तर्राष्ट्रिय न्यायिक अदालत;

(ग)अनुसूची ७ बमोजिमको मध्यस्थता न्यायाधिकरण;

(घ) उक्त अनुसूचीमा उल्लेख गरिएका विवादहरूको एक वा बढी वर्गहरूको लागि अनुसूची ८ बमोजिमको विशेष मध्यस्थता न्यायाधिकरण।

६. महासन्धिको पक्ष नभएको र घोषणा जारी नगरेको यस सम्झौताको कुनै पक्षले माथिको प्रकरण ५ (ग) मा उल्लेख गरिएको विकल्प स्वीकार गरेको मानिनेछ। यदि विवादका पक्षहरूले विवाद समाधानको लागि उही प्रक्रिया स्वीकार गरेका छन् भने पक्षहरू अन्यथा सहमत नभएसम्म यसलाई त्यही प्रक्रियामा मात्र पेश गर्न सकिन्छ। यदि विवादका पक्षहरूले विवाद समाधानको लागि उही प्रक्रिया स्वीकार गरेका छैनन् भने पक्षहरू अन्यथा सहमत नभएसम्म, यसलाई महासन्धिको अनुसूची ७ अन्तर्गत मध्यस्थतामा मात्र पेश गर्न सकिन्छ। महासन्धिको धारा २८७, प्रकरण ६ देखि ८ को प्रयोग माथिको प्रकरण ५ अन्तर्गत गरिएका घोषणाहरूमा प्रयोग हुनेछन्।

७. यस सम्झौताको कुनै पक्ष महासन्धिको पक्ष नभएको र यस सम्झौतामा हस्ताक्षर गर्दा, अनुमोदन गर्दा, समर्थन गर्दा, स्वीकृति दिंदा वा सम्मिलित हुँदा, वा त्यसपछि कुनैपनि समयमा, यस भाग अन्तर्गत उत्पन्न हुने दायित्वहरूलाई प्रतिकूल प्रभाव नपारी, लिखित रूपमा यस भाग अन्तर्गत विवादहरूको समाधानको लागि महासन्धिको धारा २९८ मा उल्लेखित विवादहरूको एक वा बढी वर्गहरूको सम्बन्धमा महासन्धिको भाग १५, धारा २ मा प्रदान गरिएका कुनै पनि वा

बढी प्रक्रियाहरूलाई स्वीकार नगर्ने घोषणा गर्न सक्छ। यस्तो घोषणामा महासन्धिको धारा २९८ लागू हुनेछ।

८. यस धाराको प्रावधानले सम्बन्धित कानूनी दस्तावेज वा कार्यढाँचामा सहभागीको रूपमा, वा त्यस्ता दस्तावेज र कार्यढाँचाहरूको व्यख्या वा प्रयोग सम्बन्धी सम्बन्धित विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय वा क्षेत्रीय निकायको सदस्यको रूपमा पक्षहरूले सहमति जनाएका विवादहरूको समाधान सम्बन्धी प्रक्रियाहरूमा प्रतिकूल असर पार्ने छैन।

९. यस सम्झौतामा भएको कुनै पनि कुरालाई राष्ट्रिय क्षेत्राधिकार भित्रको क्षेत्रको कानूनी स्थितिको समवर्ती विचारसँग सम्बन्धित वा अनिवार्य रूपमा समावेश गर्ने कुनै पनि विवादमा अदालत वा न्यायाधिकरणलाई क्षेत्राधिकार प्रदान गर्ने रूपमा व्याख्या गरिने छैन, र महादेशीय वा अन्तरदेशीय भूमि क्षेत्र वा यस सम्झौताको पक्षको दावीमा सार्वभौमसत्ता वा अन्य अधिकारहरू सम्बन्धी कुनै पनि विवादमा, यस प्रकरणमा रहेको कुनै पनि कुरालाई महासन्धिको भाग १५, धारा २ अन्तर्गत अदालत वा न्यायाधीकरणको क्षेत्राधिकार सीमित गर्ने रूपमा व्याख्या गरिने छैन।

१०. शंका निवारणको लागि, यस सम्झौतामा भएको कुनैपनि कुरालाई यससँग सम्बन्धित कुनै पनि विवादको सम्बन्धमा समेत भूमि वा सामुद्रिक क्षेत्रहरूमा सार्वभौमसत्ता, सार्वभौम अधिकार वा क्षेत्राधिकारको कुनै पनि दावीलाई जोड दिन वा अस्वीकार गर्न आधार लिइने छैन।

धारा ६१

अस्थायी व्यवस्था

यस भाग बमोजिम विवादको समाधान नभएसम्म, विवादका पक्षहरूले व्यावहारिक प्रकृतिको अस्थायी व्यवस्थामा प्रवेश गर्न हरसम्भव प्रयास गर्नेछन्।

भाग १०

सम्झौताका गैर-पक्षहरू

धारा ६२

सम्झौताका गैर-पक्षहरू

पक्षहरूले यस सम्झौताका गैर-पक्षहरूलाई यसको पक्ष बन्न र यसका प्रावधानहरूसँग तादाम्यता हुने कानून र नियमहरू अपनाउन प्रोत्साहित गर्नेछन्।

भाग ११

सद्भावना र अधिकारको दुरूपयोग

धारा ६३

सद्भावना र अधिकारको दुरूपयोग

पक्षहरूले यस सम्झौता अन्तर्गत ग्रहण गरिएका दायित्वहरू असल नियतले पूरा गर्नेछन् र यसमा मान्यता प्राप्त अधिकारहरूलाई अधिकारको दुरूपयोग नहोस् भन्ने तरिकाले प्रयोग गर्नेछन्।

भाग १२

अन्तिम प्रावधानहरू

धारा ६४

मतदान गर्ने अधिकार

१. तलको प्रकरण २ मा व्यवस्था गरिएको बाहेक यस सम्झौताको प्रत्येक पक्षको एक मत हुनेछ।

२. यस सम्झौताको पक्ष राष्ट्र क्षेत्रीय आर्थिक एकीकरण संगठनले, आफ्नो क्षमता भित्रका विषयहरूमा, यस सम्झौताका पक्ष राष्ट्रहरू रहेका आफ्ना सदस्य राष्ट्रहरूको संख्या बराबर मतहरूको साथ मतदान गर्ने अधिकार प्रयोग गर्नेछ। यदि यसको कुनै सदस्य राष्ट्रले मतदान गर्ने अधिकार प्रयोग गर्छ भने त्यस्तो संगठनले मतदान गर्ने अधिकार प्रयोग गर्ने छैन र यसको विपरित।

धारा ६५

हस्ताक्षर

यो सम्झौता २० सेप्टेम्बर २०२३ देखि सबै राष्ट्रहरू र क्षेत्रीय आर्थिक एकीकरण संस्थाहरूद्वारा हस्तारक्षरको लागि खुला रहनेछ र २० सेप्टेम्बर २०२५ सम्म न्यूयोर्कस्थित संयुक्त राष्ट्र संघको मुख्यालयमा हस्ताक्षरको लागि खुला रहनेछ।

धारा ६६

अनुमोदन, स्वीकृति, समर्थन र सम्मिलन

यो सम्झौता राष्ट्रहरू र क्षेत्रीय आर्थिक एकीकरण संगठनहरूद्वारा अनुमोदन, स्वीकृति वा समर्थनको अधिनमा हुनेछ। सम्झौता हस्ताक्षरको लागि बन्द भएको मिति पछिको दिनदेखि ती राष्ट्रहरू र क्षेत्रीय

आर्थिक एकीकरण संगठनहरूद्वारा सम्मिलनको लागि खुला हुनेछ। अनुमोदन, स्वीकृति, समर्थन र सम्मिलनका औजारहरू संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ।

धारा ६७

यस सम्झौताद्वारा नियन्त्रित मामिलाहरूको सन्दर्भमा क्षेत्रीय आर्थिक एकीकरण संगठनहरू र तिनीहरूका सदस्य राष्ट्रहरूको क्षमता विभाजन

१. यस सम्झौताको पक्ष बनेको कुनै पनि क्षेत्रीय आर्थिक एकीकरण संगठनले आफ्नो संगठनको कुनै पनि सदस्य राष्ट्र पक्ष नभए पनि यस सम्झौता अन्तर्गतका सबै दायित्वहरू बहन गर्नेछ। त्यस्ता संस्थाहरूको हकमा, जसको एक वा बढी सदस्यहरू यस सम्झौताको पक्ष हुन्, संस्था र यसका सदस्य राष्ट्रहरूले यस सम्झौता अन्तर्गतका आफ्ना दायित्वहरूको प्रदर्शनको लागि आ-आफ्नो जिम्मेवारीहरूको बारेमा निर्णय गर्नेछन्। त्यस्ता अवस्थामा, संस्था र सदस्य राष्ट्रहरूले यस सम्झौता अन्तर्गतका अधिकारहरू एकैसाथ प्रयोग गर्न पाउने छैनन्।

२. क्षेत्रीय आर्थिक एकीकरण संगठनले आफ्नो अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको दस्तावेजमा यस सम्झौताद्वारा नियन्त्रित मामिलाहरूको सम्बन्धमा आफ्नो क्षमताको सीमा घोषणा गर्नेछ। त्यस्तो कुनैपनि संगठनले अभिलेखकर्तालाई पनि सूचित गर्नेछ, जसले आफ्नो क्षमताको सीमाको कुनै पनि सान्दर्भिक परिमार्जनको बारेमा पक्षहरूलाई सूचित गर्नेछ।

धारा ६८

लागू हुने

१. यो सम्झौता अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको साठीऔं लिखत जम्मा भएको मितिले १२० दिनपछि लागू हुनेछ।

२. अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको साठीऔं लिखत दाखिला भएपछि यस सम्झौतालाई अनुमोदन, समर्थन, स्वीकार गर्ने वा यसमा सम्मिलित हुने प्रत्येक राष्टर वा क्षेत्रीय आर्थिक एकीकरण संगठनको लागि, माथिको प्रकरण १ को अधीनमा रही यो सम्झौता यसको अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको लिखत दाखिला भएको तीसौं दिनमा लागू हुनेछ।

३. माथि प्रकरण १ र २ को उद्देश्यका लागि क्षेत्रीय आर्थिक एकीकरण संगठनद्वारा जम्मा गरिएको कुनैपनि लिखतलाई उक्त संगठनका सदस्य राष्ट्रहरूले जम्मा गरेको लिखतको अतिरिक्त गणना गरिने छैन।

धारा ६९

अस्थायी निवेदन

१. यो सम्झौता कुनै राष्ट्र वा क्षेत्रीय आर्थिक एकीकरण संगठनले अस्थायी रूपमा लागू गर्न सक्छ जसले आफ्नो अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको लिखतको हस्ताक्षर वा जम्मा गर्दा अभिलेखकर्तालाई लिखित रूपमा सूचित गरेर आफ्नो अस्थायी आवेदनमा सहमति दिनु पर्नेछ। यस्तो अस्थायी आवेदन अभिलेख अधिकारीले सूचना प्राप्त गरेको मितिबाट लागू हुनेछ।

२. कुनै राष्ट्र वा क्षेत्रीय आर्थिक एकीकरण संगठनको लागि यो सम्झौता लागू भएपछि वा सो राष्ट्र वा क्षेत्रीय आर्थिक एकीकरण संगठनले आफ्नो अस्थायी आवेदन समाप्त गर्ने आफ्नो मनसायको लिखित सूचना दिएपछि राष्ट्र वा क्षेत्रीय आर्थिक एकीकरण संगठनद्वारा गरिएको अस्थायी आवेदन समाप्त हुनेछ।

धारा ७०

आरक्षण र अपवाद

, जबसम्म यस सम्झौताका अन्य धाराहरूद्वारा स्पष्ट रूपमा अनुमति दिइएकोमा बाहेक यस सम्झौतामा कुनै पनि आरक्षण वा अपवाद राख्न सकिने छैन ।

धारा ७१

घोषणापत्र र कथनहरू

धारा ७० ले कुनै पनि राष्ट्र वा क्षेत्रीय आर्थिक एकीकरण संगठनलाई यस सम्झौतामा हस्ताक्षर गर्दा, अनुमोदन गर्दा, समर्थन गर्दा, स्वीकृति दिंदा वा सम्मिलित हुँदा, यस सम्झौताको प्रावधानहरूसँग यसको कानून र नियमहरूको तादाम्यता हुने उद्देश्यले, जुनसुकै वाक्यांश वा नामाकरण गरिएको घोषणा वा कथनहरू गर्नबाट रोक्दैन, तर त्यस्ता घोषणापत्र वा कथनहरूले त्यो राष्ट्र वा क्षेत्रीय आर्थिक एकीकरण संगठनमा लागू गर्दा यस सम्झौताको प्रावधानहरूको कानूनी प्रभावलाई बहिष्कार गर्ने वा परिमार्जन गर्ने उद्देश्य राख्दैनन्।

धारा ७२

संशोधन

१. कुनै पनि पक्षले सचिवालयलाई सम्बोधन गरी लिखित रूपमा यस सम्झौतामा संशोधन प्रस्ताव गर्न सक्छ। सचिवालयले यस्तो सूचना सबै पक्षहरूलाई पठाउनेछ। यदि सूचना प्रसारण भएको मितिबाट छ महिनाभित्र कम्तीमा आधा पक्षले अनुरोधको अनुकुल जवाफ दिएमा प्रस्तावित संशोधनलाई पक्षहरूको सम्मेलनको अर्को बैठकमा विचार गरिनेछ।

२. धारा ४७ बमोजिम अपनाइएको यस सम्झौताको संशोधन अभिलेख अधिकारीले अनुमोदन, समर्थन वा स्वीकृतिको लागि सबै पक्षहरूलाई जानकारी गराउनेछ।

३. संशोधन पारित हुँदाको समयमा यस सम्झौताका दुई तिहाइ पक्षहरूले अनुमोदन, समर्थन वा स्वीकृतिका दस्तावेजहरू जम्मा गरेको तीसौं दिनमा यस सम्झौताका संशोधनहरू अनुमोदन, समर्थन वा स्वीकृति गर्ने पक्षहरूका लागि लागू हुनेछन्। त्यसपछि, आवश्यक संख्यामा त्यस्ता दस्तावेजहरू जम्मा गरेपछि प्रत्येक पक्षले आफ्नो अनुमोदन, समर्थन वा संशोधन स्वीकृतिको दस्तावेज जम्मा गर्नेको हकमा त्यस्तो संशोधन आफूले अनुमोदन, समर्थन वा संशोधन स्वीकृतिको लिखत जम्मा गरेको तीसौं दिनमा लागू हुनेछ।

४. संशोधनले यसको अवलम्बनको समयमा यस धारा अन्तर्गत आवश्यक भन्दा कम वा बढी अनुमोदन, समर्थन वा स्वीकृतिहरू आवश्यक पर्ने व्यवस्था गर्न सक्छ।

५. माथिको प्रकरण ३ र ४ को उद्देश्यका लगि क्षेत्रीय आर्थिक एकीकरण संगठनद्वारा जम्मा गरिएको कुनै पनि लिखतलाई सो संगठनका सदस्य राष्ट्रहरूले जम्मा गरेको लिखतको अतिरिक्त गणना गरिने छैन।

६. माथि प्रकरण ३ बमोजिम संशोधन लागू भएपछि यस सम्झौताको पक्ष बन्ने राष्ट्र वा क्षेत्रीय आर्थिक एकीकरण संगठनले यो राष्ट्र वा क्षेत्रीय आर्थिक एकीकरण संगठनले फरक मनसायको अभिव्यक्ति व्यक्त नगरेमाः

(क) यसरी गरिएको संशोधन यस सम्झौताको पक्षको लागि मानिनेछ;

(ख) कुनै पनि पक्षको सम्बन्धमा संशोधन नगरिएको सम्झौताको पक्षलाई संशोधनद्वारा बाध्य बनाइने छैन।

धारा ७३

परित्याग

१. कुनै पनि पक्षले संयुक्त राष्ट्र संघका महासचिवलाई सम्बोधन गरी लिखित सूचना दिएर यस सम्झौताको परित्याग गर्न र यसका कारणहरू उल्लेख गर्न सक्नेछ। कारणहरू उल्लेख गर्न असफल भएमा परित्यागको वैधतामा असर पर्ने छैन। सूचनाले पछिको मिति तोकेकोमा बाहेक सूचना प्राप्त भएको मितिबाट एक वर्षपछि परित्याग लागू हुनेछ।

२. यस सम्झौताबाट स्वतन्त्र रूपमा अन्तर्राष्ट्रिय कानून अन्तर्गत पर्ने यस सम्झौतामा निहित कुनैपनि दायित्व पूरा गर्ने कुनैपनि पक्षको कर्तव्यलाई परित्यागले कुनै पनि तरिकाबाट असर गर्ने छैन।

धारा ७४

अनुसूची

१. अनुसूचीहरू यस सम्झौताको अभिन्न अङ्ग हुन् र, स्पष्ट रूपमा अन्यथा प्रदान नगरिएसम्म, यस सम्झौता वा यसको कुनै एक भागको सन्दर्भमा यससँग सम्बन्धित अनुसूचीहरूमा समावेश रहेको छ।

२. यस सम्झौताको संशोधनसँग सम्बन्धित धारा ७२ का प्रावधानहरू सम्झौताको नयाँ अनुसूचीको प्रस्ताव, ग्रहण र लागू हुने कुरामा पनि प्रयोग हुनेछन्।

३. कुनै पनि पक्षले पक्षहरूको सम्मेलनको अर्को बैठकमा विचारको लागि यस सम्झौताको कुनै पनि अनुसूचीमा संशोधनको प्रस्ताव गर्न सक्दछ। धारा ७२ को प्रावधानहरूको बाबजुद, यस सम्झौताको अनुसूचीहरूमा संशोधनहरूको सम्बन्धमा निम्न प्रावधाहरू लागू हुनेछन्:

(क) प्रस्तावित संशोधनको मस्यौदा बैठक हुनुभन्दा कम्तीमा १५० दिन पूर्व सचिवालयलाई जानकारी गराउनु पर्नेछ। सचिवालयले प्रस्तावित संशोधनको मस्यौदा प्राप्त गरेपछि पक्षहरूलाई जानकारी गराउनेछ। सचिवालयले आवश्यकता अनुसार सम्बन्धित सहायक

निकायहरूसँग परामर्श गर्नेछ र बैठक हुनुभन्दा ३० दिन पूर्व सबै पक्षहरूलाई कुनै प्रतिक्रिया पठाउनेछ;

(ख) बैठकमा पारित गरिएका संशोधनहरूमा तलको प्रकरण ४ अनुसार आपत्ति जनाउनेहरू बाहेक सबै पक्षहरूको लागि बैठक समाप्त भएको १८० दिनपछि लागू हुनेछन्।

४. माथिको प्रकरण ३ (ख) मा उल्लेख गरिएको १८० दिनको अवधिमा, कुनै पनि पक्षले, अभिलेख अधिकारीलाई लिखित सूचना दिएर, संशोधनको सम्बन्धमा आपत्ति जनाउन सक्छ। त्यस्तो आपत्ति गर्ने अभिलेख अधिकारीलाई लिखित सूचना दिएर जुनसुकै समयमा फिर्ता लिन सकिन्छ र त्यसपछि, आपत्ति फिर्ता लिएको मितिले तीसौं दिनमा अनुसूचीमा भएको संशोधन त्यो पक्षको लागि लागू हुनेछ।

धारा ७५

अभिलेख अधिकारी

संयुक्त राष्ट्र संघका महासचिव यस सम्झौता र त्यसमा भएका कुनै पनि संशोधन वा परिमार्जनको अभिलेख अधिकारी हुनेछन्।

धारा ७६

प्रामाणिक पदहरू

यस सम्झौताको अरबी, चिनियाँ, अंग्रेजी, फ्रान्सेली, रूसी र स्पेनी लिखतहरू समान रुपमा प्रामाणिक हुनेछन्।

अनुसूची- १

क्षेत्रको पहिचानको लागि सांकेतिक मादण्ड

(क) विशिष्टता,

(ख) दुर्लभता,

(ग)प्रजातिहरुको जीवन इतिहास चरणहरूको लागि विशेष महत्व,

(घ) त्यहाँ पाइने प्रजातिहरूको विशेष महत्व,

(ङ)जोखीममा परेका, लोपोन्मुख वा घट्दो प्रजाति वा बासस्थानहरूको लागि महत्व,

(च) जलवायु परिवर्तन र सामुद्रिक अम्लीकरण सहितको जोखिम,

(छ) नाजुकता,

(ज) संवेदनशीलता,

(झ) जैविक विविधता र उत्पादकता,

(ञ) प्रतिनिधित्व,

(ट)निर्भरता,

(ठ)प्राकृतिकपना,

(ड)पारिस्थितिक जडान,

(ढ)त्यहाँ हुने महत्वपूर्ण पारिस्थितिक प्रक्रियाहरू,

(ण) आर्थिक र सामाजिक कारकहरू,

(त)साँस्कृतिक कारकहरू,

(थ)संचयी र सीमापार प्रभावहरू,

(द)ढिलो पुनर्प्राप्ति र लचिलोपन,

(ध)पर्याप्तता र व्यवहार्यता,

(न)प्रतिकृति,

(प)प्रजननको दिगोपना,

(फ) संरक्षण र व्यवस्थापन उपायहरूको अस्तित्व।

अनुसूची २

क्षमता-विकासका प्रकार र सामुद्रिक प्रविधिको हस्तान्तरण

यस सम्झौता अन्तर्गत, क्षमता विकास र सामुद्रिक प्रविधि पहलहरुको हस्तान्तरणमा समावेश हुन सक्छन् तर त्यसमा सीमित हुने छैनः-

(क) सान्दर्भिक तथ्याङ्क, जानकारी, ज्ञान र अनुसन्धान सहितको प्रयोगकर्ता-मैत्री ढाँचामा साझा गर्दा:-

(१) सामुद्रिक वैज्ञानिक तथा प्राविधिक ज्ञानको साझा गर्ने,

(२) राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगको बारेमा जानकारीको आदानप्रदान गर्ने,

(३) अनुसन्धान र विकास परिणामहरूको साझा गर्ने,

(ख) सूचना प्रसार र सचेतना अभिवृद्धि सम्बन्धमा देहायको समावेश हुनेछन्:-

(१) सामुद्रिक वैज्ञानिक अनुसन्धान, सामुद्रिक विज्ञान र सम्बन्धित सामुद्रिक सञ्चालन र सेवाहरू,

(२) राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूमा गरिएको अनुसन्धान मार्फत सङ्कलन गरिएको वातावरणीय र जैविक जानकारी,

(३) यस्तो ज्ञान धारकहरूको स्वतन्त्र, पूर्व र सूचित सहमति अनुरूप सान्दर्भिक परम्परागत ज्ञान,

(४) राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहराको सामुद्रिक जैविक विविधतालाई असर गर्ने महासागरमा तनावहरू, जसमा जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू, जस्तै तापक्रम वृद्धि र महासागरको अक्सिजनीकरण, साथै महासागरको अम्लीकरण समावेश छन्,

(५) सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन औजारहरू जस्ता व्यवस्थाहरू,

(६) वातावरणीय प्रभाव मूल्याङ्कन,

(ग)उपकरणहरू सहित सान्दर्भिक पूर्वाधारको विकास र सुदृढीकरण, जस्तैः

(१) आवश्यक पूर्वाधारको विकास र स्थापना,

(२) नमुना र पद्धति उपकरणहरू (जस्तै, पानी, भूगर्भीय, जैविक वा रसायनिक नमुनाहरूको लागि) सहित प्रविधिको प्रावधान,

(३) राष्ट्रिय क्षेत्राधिकार बाहिरका क्षेत्रहरूको सामुद्रिक आनुवंशिक स्रोतहरू र डिजिटल अनुक्रम जानकारीको सन्दर्भमा, सामुद्रिक संरक्षित क्षेत्रहरू सहित क्षेत्र-आधारित व्यवस्थापन उपकरणहरू जस्ता व्यवस्थाहरू, र वातावरणीय प्रभाव मूल्याङ्कनको सञ्चालनको सन्दर्भमा, तथ्याङ्क व्यस्थापन सहित अनुसन्धान र विकास क्षमताहरूलाई समर्थन गर्न र थप विकास गर्न आवश्यक उपकरणहरूको अधिग्रहण,

(घ) संस्थागत क्षमता र राष्ट्रिय नियामक ढाँचा वा संयन्त्रहरूको विकास र सुदृढीकरणमा देहायका समावेश हुनेछन्:

(१) शासन, शान्ति र कानूनी ढाँचा र संयन्त्रहरू,

(२) राष्ट्रिय, उपक्षेत्रीय वा क्षेत्रीय स्तरमा सम्बन्धित नियामक, वैज्ञानिक र प्राविधिक आवश्यकताहरू सहित राष्ट्रिय विधायिकी, प्रशासनिक वा नीतिगत व्यवस्थाहरूको विकास, कार्यान्वयन र कार्यन्वयनमा सहयोग,

(३) यस सम्झौताको प्रावधानहरूको कार्यान्वयनको लागि प्राविधिक सहयोग, तथ्याङ्क अनुगमन र प्रतिवेदन सहित,

(४) विकासशील राष्ट्र पक्षहरूमा निर्णयकर्ताहरूलाई सूचित गर्न आवश्यक ज्ञानको पहुँच र प्राप्तिलाई सहज बनाएर जानकारी र तथ्याङ्कलाई प्रभावकारी र कुशल नीतिहरूमा अनुवाद गर्ने क्षमता,

(५) सान्दर्भिक राष्ट्रिय र क्षेत्रीय संस्थाहरू र संस्थाहरूको संस्थागत क्षमताहरूको स्थापना वा सुदृढीकरण,

(६) राष्ट्रिय र क्षेत्रीय वैज्ञानिक केन्द्रहरूको स्थापना, तथ्याङ्क भण्डारहरू समेत,

(७) उत्कृष्टताका क्षेत्रीय केन्द्रहरूको विकास,

(८) सीप विकासका लागि क्षेत्रीय केन्द्रहरूको विकास;

(९) क्षेत्रीय संस्थाहरू बीच सहकारी सम्बन्धहरू बढाउँदै, उदाहरूका लागि, क्षेत्रीय सामुद्रिक संगठनहरू र क्षेत्रीय मत्स्य पालन व्यवस्थापन संगठनहरू बीच उत्तर-दक्षिण र दक्षिण-दक्षिण सहयोग र सहकार्य,

(ङ)आदानप्रदान, अनुसन्धान सहयोग, प्राविधिक सहयोग, शिक्षा र तालिम र सामुद्रिक प्रविधिको हस्तान्तरण मार्फत मानव तथा वित्तीय व्यवस्थापन स्रोत क्षमता र प्राविधिक विशेषज्ञताको विकास र सुदृढीकरण, जस्तैः

(१) तथ्याङ्क सङ्कलन, प्राविधिक आदानप्रदान, वैज्ञानिक अनुसन्धान परियोजनाहरू र कार्यक्रमहरू, र विकासशील राष्ट्रहरूमा संस्थाहरूसँगको सहकार्यमा संयुक्त वैज्ञानिक अनुसन्धान परियोजनाहरूको विकास मार्फत सामुद्रिक विज्ञानमा सहकार्य र सहयोग,

(२) शिक्षा र तालिमः

(अ) प्राकृतिक र सामाजिक विज्ञान, आधारभूत र प्रयोगात्मक दुवै, वैज्ञानिक र अनुसन्धान क्षमता विकास गर्न,

(आ) प्रविधि र सामुद्रिक विज्ञान र प्रविधिको प्रयोग, वैज्ञानिक र अनुसन्धान क्षमता विकास गर्न,

(इ)नीति र शासन,

(ई)परम्परागत ज्ञानको सान्दर्भिकता र प्रयोग,

(३) परम्परागत ज्ञानका विज्ञहरू सहित विज्ञहरूको आदानप्रदान,

(४) मानव संसाधन र प्राविधिक विशेषज्ञताको विकासको लागि कोषको प्रावधान, जसमा निम्न समावेश छन्:

(अ) साना टापु विकासशील राष्ट्र पक्षहरूका प्रतिनिधिहरूलाई कार्यशाला, प्रशिक्षण कार्यक्रम वा अन्य सान्दर्भिक कार्यक्रमहरूमा उनीहरूको विशिष्ट क्षमता विकास गर्न छात्रवृत्ति वा अन्य अनुदानको प्रावधान,

(आ) वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी विशेष गरी साना टापु विकासशील राष्ट्रहरूका लागि वित्तीय र प्राविधिक विशेषज्ञता र स्रोतहरूको प्रावधान,

(५) प्रशिक्षित मानव संसाधनहरू बीच सञ्जाल संयन्त्रको स्थापना,

(च) म्यानुअल, निर्देशिका र मापदण्डहरूको विकास र साझा गर्दा देहायको समावेश हुनेछन्:-

(१) मापदण्ड र सन्दर्भ सामग्रीहरू;

(२) प्रविधि मापदण्ड र नियमहरू;

(३) वातावरणीय प्रभाव मूल्याङ्कन, सिकेका पाठहरू र असल अभ्यासहरू कसरी सञ्चालन गर्ने भन्ने बारे ज्ञान र क्षमता आदनप्रदान गर्न म्यानुअल र सान्दर्भिक जानकारीको भण्डार,

(छ) जैविक प्रविधि अनुसन्धान गतिविधिहरू सहित प्राविधिक, वैज्ञानिक तथा अनुसन्धान र विकास कार्यक्रमहरूको विकास।